# रातो खबर
साप्ताहिक
Ratokhabar weekly

वर्ष ७, अङ्क १९, पूर्णाङ्क २८९ | २०७८ मङ्सिर १५ गते बुधबार | Wednesday, 1 Dec 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## दुर्गा रोका तीन वर्षपछि रिहा, शिवगढीबासीद्वारा भव्य स्वागत



**शिवगढी (कपिलवस्तु)**

नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तु शिवगढीका तत्कालीन एरिया समिति सदस्य दुर्गा रोका पौने तीन वर्षपछि बिहीबार रिहा भएका छन् । रोका रिहा भएपछि शिवगढीबासीले स्वतस्फूर्त जम्मा भएर बाजागाजासहित भव्य स्वागत गरेका छन् ।

... बाँकी पृष्ठ ७ मा

## भ्रष्टाचारी प्रअमाथि जनकारबाही

**गणेश एसके**/जाजरकोट

विद्यालयमा भ्रष्टाचार र बेथितिमा लिप्त भएका जाजरकोट नलगाड नगरपालिका वडा नं. १ स्थित वीरेन्द्र हिमालय माविका प्रधानाध्यापक चन्द्रबहादुर केसीलाई नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारी जाजरकोटले कालोमोसो दलेर जनकारबाही गरेको समाचार प्राप्त भएको छ। उनी नलगाड नगरपालिका वडा नं. १२ का बासिन्दा हुन् ।

प्रअ चन्द्रबहादुरलाई कारबाही किन भन्ने विषयमा अखिल क्रान्तिकारीले जारी गरेको अभियोगपत्रमा भनिएको छ,

... बाँकी पृष्ठ ७ मा

## अखिल क्रान्तिकारी होमियो अभियानमा

**काठमाडौं** । नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) केन्द्रीय समितिले 'वैज्ञानिक समाजवादी व्यवस्था र शिक्षाका लागि जनमतसङ्ग्रह' भन्ने मूल नाराका साथ 'विद्यार्थी जागरण अभियान २०७८' सुरु गरेको छ। नेकपाका प्रवक्ता प्रकाण्डले त्रिभुवन विश्वविद्यालय अडिटोरियम हलमा कार्यक्रम उद्घाटन गरी जागरण अभियान सुरु गरेका हुन् ।

प्रवक्ता प्रकाण्डले अभियान आरम्भ गर्दै विद्यमान अवस्थामा असफल र पतनको दिशाउन्मुख रहेको दलाल

... बाँकी पृष्ठ ७ मा

## संसदीय व्यवस्था सर्वत्र असफल
# वैज्ञानिक समाजवाद जनस्तरमा स्थापित हुँदै

**अम्बिका चन्द**/काठमाडौँ

राजनीतिक शास्त्रको दृष्टिकोणबाट विश्वभरिका समाज व्यवस्थाहरूको अध्ययन गर्दा बेलायतबाट सुरु भएको संसदीय व्यवस्थालाई पुँजीवादीहरू उन्नत प्रजातान्त्रिक व्यवस्था मान्छन् । संसदीय व्यवस्थामा पर्याप्त लोकतन्त्रको अभ्यास गर्न पाइने र योभन्दा उन्नत व्यवस्था अरू नभएको भनेर बकबास तर्क गर्दछन् । उनीहरू कम्युनिस्ट र समाजवादी व्यवस्थालाई तानाशाहीको संज्ञा दिन्छन् तर व्यावहारिक प्रयोगको हिसाबले संसदीय व्यवस्थाको जननी मानिएको बेलायत नै बाँकी विश्वसँगको दौडमा निकै पछि परिसकेको छ। बेलायतमा संसदीय व्यवस्थाको अभ्यास गरिएको सयौं वर्ष भइसकेको भए पनि नेपालमा संसदीय व्यवस्थाको अभ्यास गरिएको तीन दशक भयो । संसदीय व्यवस्था स्थापना भएदेखि नै राजनीतिक, आर्थिक, सामाजिक सबै हिसाबले नेपालको अवस्था निकै कठिन र जर्जर बन्दै गएको छ। यति छोटो समयमै नेपालमा संसदीय व्यवस्था असफल भएको छ। हरेक सचेत मानिस यो व्यवस्थाको विकल्प खोज्नुपर्छ भन्नेतिर गएका छन् । आज संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद भन्ने विषय स्वाभाविक रूपले जनस्तरमै स्थापित हुँदै गएको छ।




नेपालमा पञ्चायत ढालेर जब संसदीय व्यवस्था ल्याइयो त्यति बेलादेखि नै ठूलठूला राष्ट्रघात र जनघातका शृङ्खलाहरू सुरु भए। चरम भ्रष्टाचार, बेरोजगारी र महँगीले जनताको जीवन निकै कष्टकर बन्दै गयो । नेपालका युवाहरूको ठूलो पङ्क्ति विदेशमा सस्तोमा श्रम बेचिरहेको छ। धन कमाउने सपना बोकेर विदेश पसेका युवाहरू सरदर दैनिक ५ भन्दा बढी बाकसमा फर्किने गरेका छन् । खुलेआम रूपमा घरेलु कामदारका नाममा विदेशका कोठीकोठीमा नेपाली चेलीहरू पुर्याइन्छ। मुलुकमा व्यापारघाटा कति धेरै बढेको छ भने नेपालको निकै बहुमूल्य कच्चा पदार्थ कौडीको भाउमा विदेश पुग्छ। अत्यधित विषादीयुक्त र मानवजीवनलाई हानि पुर्याउने खालका खाद्य सामग्रीहरू आयात गरिन्छ तर नेपाली बजारमा उत्पादित सामग्रीहरू (जस्तै तरकारी) सस्तोमा भारत पठाइन्छ। बिचौलियाहरूको सेटिङमा स्वदेशी तरकारीले बजार पाउँदैन र घरघरमा भारतीय तरकारी पाक्छ। यो संसदीय व्यवस्थाको उदाहरण हो । अर्को उदाहरण पछिल्लो समयको स्थानीय निकायको चुनावपछि चुनिएर गएका जनप्रतिनिधिहरूले डोजर, टिृपर, ट्र्याक्टर किनी मापदण्डविपरीत सडकहरू बनाउनु, क्रसरहरू खोल्नु र करोडौं भ्रष्टाचार गर्नु पनि हो । यस्तै चुनावको समयमा पैसा र शक्तिको अत्यधिक प्रयोग हुनु र मत किनबेच हुनाले इमानदार, समाजसेवी, निष्ठावान् राजनीतिज्ञ पछि पर्नु, ठग तथा तस्कर र दलालहरू सत्तामा पुग्नु, राज्यको सम्पत्ति दोहन हुनु पनि संसदीय व्यस्थाको नमुना हो। नेपालमा संसदीय व्यवस्थाका तीन दशकमा सबै उद्योगहरू बन्द हुनु, कौडीको भाउमा बेचिनु र जनताको थाप्लोमा आर्थिक ऋण दिनदिनै बढ्नु पनि संसदीय व्यवस्थाको असफलता हो।

नेपालमा संसदीय व्यवस्था असफल भयो र यसको ठाउँमा वैज्ञानिक समाजवादी व्यवस्था आवश्यक छ भन्दै नेपाल कम्युनिस्ट पार्टीले यो नै नेपालका सबैखाले समस्याहरूको समाधान हो भन्दै आएको छ। २ वर्ष लामो प्रतिबन्ध बेहोरेर शान्तिपूर्ण र खुला राजनीतिक गतिविधि सुरु गरेलगत्तै नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवाद नै आजका समस्याहरूको उत्तम विकल्पका रूपमा प्रस्तुत गरेको छ । नेकपाले अघि सारेको वैज्ञानिक समाजवादी व्यवस्थामा अहिलेको संसदीय व्यवस्थाले पैदा गरेका सबैखाले सङ्कटहरूको

... बाँकी पृष्ठ ७ मा

## प्रचण्डसँग तत्काल पार्टी एकता असम्भव : विप्लव

**रातोखबर संवाददाता**/म्याग्दी

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) सँग तत्काल एकता सम्भव नभएको बताएका छन् । जिल्ला सदरमुकाम बेनीमा मगर मुक्ति मोर्चा नेपालको चौथो राष्ट्रिय सम्मेलनमा सम्बोधन गर्दै महासचिव विप्लवले बाहिर हल्ला चलाइएजस्तो माओवादी केन्द्रसँग तत्काल एकता सम्भव नभएको बताएका हुन् ।

'बाहिर हल्ला चलेको छ- प्रचण्ड र विप्लवबीच एकता हुँदैछ भनेर', उनले भने, 'एकता र सहकार्यका लागि नयाँ विचार, लक्ष्य र उद्देश्यका विषयमा छलफल हुनुपर्छ।' स्मरणीय छ, महासचिव विप्लवले यसअघि नै नेकपाको कार्यदिशा र नेतृत्व स्वीकार गर्ने पार्टीहरूसँग मात्र एकता हुने बताइसकेका छन् ।

उनले थपे, 'एकता आवश्यक छ तर पद र स्वार्थका लागि मात्र होइन। जनतालाई केन्द्रमा राखेर सोच्न र पुराना नेताहरूले नेतृत्व हस्तान्तरण गर्नुपर्ने सर्त राखेका छौं।'

सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयन नभएको भन्दै उनले आश्चर्य प्रकट गरे । तीनबुँदे सहमतिलाई लिएर भ्रामक हल्ला फैलाइएको भन्दै उनले भने, 'उतिखेर बाहिर हल्ला चल्यो केपीसँग मिल्यो रे । अब त गृहमन्त्री बन्ने रे । व्यक्तिगत स्वार्थका लागि तीनबुँदे सहमति भएको होइन।'

'म अहिले तपाईंहरूका बीचमा इमानदारीपूर्वक भन्छु- दुईचार करोड रूपैयाँ र सातवटा मन्त्रालय पाइएको थियो', उनले भने, 'केपीजीले आफ्नो स्वार्थका लागि दर्जन बढी विधेयक र अध्यादेश ल्याए पनि हाम्रा कमरेडहरूलाई जेलमा राखेर कानुनको बाधा छ भन्नुभयो।'

उनले थपे, 'अहिले प्रचण्ड र शेरबहादुरजीहरू पनि तीनबुँदे सहमति कार्यान्वयनबाट भाग्न खोजिरहनुभएको छ।'

उनले वर्तमान सरकार भ्रष्टचारमा डुबेको र एनसेलविरुद्ध लड्न खोज्दा आफूहरूलाई प्रतिबन्ध लगाइएको प्रस्ट पारे ।

उनले देशमा संसदीय

... बाँकी पृष्ठ ७ मा

## जनमतसङ्ग्रहका लागि सरकार तयार नभएमा वैकल्पिक बाटो तयार : शर्मा

**मकवानपुर**

नेकपाका केन्द्रीय सदस्य अनिल शर्माले वैज्ञानिक समाजवादी अर्थतन्त्रको जगमा टेकेर सञ्चालन गरिने वैज्ञानिक समाजवादी व्यवस्थाले मात्रै जनहितअनुकूलताको राष्ट्रिय संरचना निर्माण गर्नसक्ने बताएका छन् । वैज्ञानिक समाजवाद स्थापनाका लागि शान्तिपूर्ण बाटो जनमतसङ्ग्रहका लागि सबै तयार हुनुपर्ने, जनता तयार भए पनि सरकार तयार भएन भने त्यसको वैकल्पिक बाटो पनि तयारी अवस्थामा रहेको उनले बताए।

नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठन मकवानपुरले शनिबार आयोजना गरेको 'राजनीतिक समस्याको समाधान : संसदीय पुँजीवादी व्यवस्था कि वैज्ञानिक समाजवादी व्यवस्था' विषयक विचारगोष्ठीमा प्रमुख अतिथिका रूपमा नेकपा नेता शर्माले उक्त धारणा राखेका हुन् । कार्यक्रम बागमती प्रदेशको राजधानी हेटौंडास्थित जिल्ला समन्वय समितिको

... बाँकी पृष्ठ ७ मा

## प्रधानन्यायाधीशसहित सबै न्यायाधीशले राजीनामा दिएर मार्गप्रशस्त गर : प्रकाण्ड

**रातोखबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालगायत सबै न्यायाधिकारीहरूलाई राजीनामा दिएर मार्गप्रशस्त गर्न आग्रह गरेको छ । पार्टी प्रवक्ता प्रकाण्डले बुधबार विज्ञप्तिमार्फत नेपालका क्रान्तिकारी एवम् परिवर्तनशील ऐतिहासिक राजनीतिक आन्दोलनहरू, दसबर्से महान् जनयुद्ध र त्यसको जगमा बनेको ०६२/६३ को जनआन्दोलनका मुद्दा, जनआकाङ्क्षा र जनभावनाका विरुद्ध जबर्जस्ती नेपाली जनताको थाप्लोमा लादिएको दलाल पुँजीपति वर्गको दलाल संसदीय व्यवस्थाले राष्ट्र र जनताको जीवनमा निम्त्याएको सङ्कटपूर्ण अवस्थाको पछिल्लो नाङ्गो चित्र सर्वोच्च अदालतमा देखिएको अराजकता, निकम्मापन र अनैतिकता भएको बताएका छन् ।

पार्टी प्रवक्ता प्रकाण्डले विज्ञप्तिमा भनेका छन्, 'तथाकथित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको न्यायपालिकाको उच्चतम् निकाय सर्वोच्च अदालतमा विगत लामो समयदेखि देखिएको गम्भीर समस्या र विवादको विषयले हाम्रो पार्टी र नेपाली जनतालाई गम्भीर बनाएको छ । यस घटनाबारे पार्टीको धारणा सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ । नेपालका क्रान्तिकारी एवम् परिवर्तनशील ऐतिहासिक आन्दोलनहरू, १० वर्षको महान् जनयुद्ध र त्यसको जगमा बनेको ०६२/६३ को ऐतिहासिक जनआन्दोलनको मुद्दा, जनआकाङ्क्षा र जनभावनाका विरुद्ध जबर्जस्ती नेपाली जनताको टाउकोमा लादिएको दलाल पुँजीवादी वर्गको दलाल संसदीय व्यवस्थाले राष्ट्र र जनताको जीवनमा निम्त्याएको सङ्कटपूर्ण अवस्थाको पछिल्लो स्वरूप सर्वोच्च अदालतमा देखिएको अराजकता, निकम्मापन र अनैतिकता हो। साम्राज्यवादीहरूको रणनीतिमा आफ्नो सैद्धान्तिक

... बाँकी पृष्ठ ७ मा

## सरकारले तीनबुँदे सहमति तत्काल लागू गर्नुपर्छ : सुदर्शन



**रातोखबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालय सदस्य सुदर्शनले सरकारले नेकपासँग गरेको तीनबुँदे सहमति तत्काल लागू गर्नुपर्ने बताएका छन्। रुकुम-काठमाडौँ सम्पर्क आयोजक समितिले शनिबार काठमाडौँमा आयोजना गरेको परिचयात्मक अन्तरक्रिया तथा भेलाका प्रमुख अतिथि नेता सुदर्शनले सरकारले घोषणा गरेको संसदीय निर्वाचन नभई जनमतसङ्ग्रहको चुनावमा जाने पनि प्रस्ट पारे। नेपालमा संसदीय व्यवस्था असफल भइसकेको र जनताले नयाँ विकल्प खोजेकाले सबै देशभक्त, राष्ट्रवादी शक्तिहरू जनमतसङ्ग्रहको चुनावमा जानुपर्ने बताए।

... बाँकी पृष्ठ ७ मा

# वैज्ञानिक समाजवादका विशेषताहरू

**३) सामाजिक विशेषता**

१) देश र जनताका लागि जीवन बलिदान गर्ने महान् सहिद तथा बेपत्ता योद्धा, घाइते योद्धाहरूलाई विशेष सम्मानसहित उहाँहरूको त्यागलाई आदर्शीकरण गरिनेछ। सहिद तथा बेपत्ता योद्धा परिवरको शिक्षा, रोजगारी सुनिश्चित गरिनेछ। घाइतेहरूको भरणपोषण र बालबच्चाको शिक्षा, रोजगारी सुनिश्चित गरिनेछ। बिरामी, अशक्त नागरिकका लागि सुरक्षा भत्ताको व्यवस्था गरिनेछ । पारिवारिक समस्या एवम् सामाजिक स्रोतको अभावले गर्दा सामान्य जीवनयापन, स्वास्थ्यजस्ता समस्यामा परेका बिरामी, अशक्त नागरिकलाई राज्यले सेवासुविधा उपलब्ध गराउनेछ।

२) सामन्ती व्यवस्थामा लादिएको अमानवीय जात व्यवस्थालाई उत्मूलन गरिनेछ। राज्यको नेतृत्वमा वर्गविहीन, जातिविहीन, धर्मविहीन नयाँ एवम् समान मानव जातिको निर्माण गरिनेछ।

३) समाजमा सामाजिक संस्कार, संस्कृतिको संरक्षण गर्दै धार्मिक अन्धविश्वास, बोक्सी, धामीझाँक्री प्रथालाई राज्यले उन्मूलन गर्नेछ। हरेक नागरिकलाई वैज्ञानिक ज्ञानद्वारा प्रशिक्षित गर्ने अभियान चलाइनेछ।

४) शिक्षा र स्वास्थ्य, यातायात, सूचनाजस्ता विषयलाई राज्यले आफ्नो स्वामित्वमा लिनेछ। यी क्षेत्रका विभेद र असमानतालाई अन्त्य गर्नेछ।

५) शिक्षा, स्वास्थ्यलाई व्यापारीकरणबाट मुक्त गरिनेछ। साथै तीमाथि हरेक नागरिकका लागि आधारभूत रूपले समान अधिकार स्थापित गरिनेछ।

६) सुत्केरी आमा, गर्भवती महिला एवम् बालबालिकाको सेवासुरक्षालाई राज्यले विशेष रेखदेख गर्नेछ। उनीहरूको स्वास्थ्य विकासमा जोड दिइनेछ।

**४) सांस्कृतिक विशेषता**

१) वैज्ञानिक समाजवादी राज्यले वैज्ञानिक जनसंस्कृतिको सिर्जना, विकास, संरक्षण गर्नेछ।

२) नेपालको ऐतिहासिक विकासक्रममा जनताले निर्माण र विकास गरेका जनसंस्कृतिहरूको संरक्षण एवम् संवर्द्धन गर्नेछ।

३) राज्यले समाजलाई कुप्रभाव पार्ने अन्धविश्वास, शोषण, विभेद, छाडा अश्लील, वेश्यावृत्ति, जुवातास, लागूपदार्थ बेचबिखन, प्रयोग र चोरीडकैतीलाई रोक्नेछ।

**देश/परिवेश**

■ विप्लव



४) हरेक नागरिकले समय र श्रमलाई अधिकतम् सदुपयोग गर्ने संस्कारको विकास गर्नेछ।

५) दुःखी, बिरामी, अशक्त, बूढापाका, पछि परेका नागरिकलाई मानवीय भावना राखेर सेवा गर्ने संस्कार निर्माण गर्नेछ।

६) ज्ञान र श्रमलाई स्वदेशमै राखेर उत्पादनलाई निर्यात गर्ने संस्कृतिको विकास गर्नेछ।

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# अब वैज्ञानिक समाजवादका लागि जनमतसङ्ग्रह

मुलुकको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नहरू दैनन्दिन बढिरहेका छन् । लिपुलेकमाथिको भारतीय साम्राज्यवादी अतिक्रमण र राष्ट्रघाती अमेरिकी परियोजना एमसीसीहरू राष्ट्रघाती कदम बनेर देश र जनताको मुटुमा शूल बनिरहेका छन् । महँगी, भ्रष्टाचार, तस्करी र कालोबजारीले मुलुक तहसनहस बनेको छ तर संसद्वादी दलहरू चुनाव वा अधिवेशनका नाउँमा करोडौं खर्च गरेर तामझाम गरिरहेका छन् । मानौं, रोम जलिरहेको छ निरो बाँसुरी बजाइरहेको छ । संसदीय चुनाव, पार्टी सम्मेलन वा महाधिवेशनका नाउँमा उनीहरूले बगाएको पैसाको खोलो हेर्दा के लाग्छ भने हिजो वा आज सत्तामा पुगेर उनीहरूले जनता र देशका नउँमा कुनै माखोसमेत मारेका थिएनन्, छैनन् र मार्नेछैनन् । केवल देश र जनताका नाउँमा मुलुकको बजेट, सहयोग र ऋणका रूपमा प्राप्त रकम कुम्ल्याउँछन् र कुम्भमेलाहरूमा रक्सी र मत किनबेचमा सक्छन् । संसदीय चुनावहरुमा मात्र होइन, केपी वलीको एमालेको कथित विधान सम्मेलन वा महाधिवेशनदेखि नेपाली काङ्ग्रेसका जिल्ला अधिवेशनदेखि केन्द्रीय महाधिवेशनसम्म मतदाता किन्न, पार्टीका कार्यकर्ता किन्न, तिनको व्यवस्थापन गर्न, मञ्च सजाउन वा प्रचारप्रसार गर्न प्रयोग गरिएको रकम कुनै दिनको मुलुकको बजेटको आकारको देखिन्छ। चप्पल लगाएर जनताको राजनीति गर्ने नाउँमा सांसद, मन्त्री वा प्रधानमन्त्री भएका नेताहरूसँग मान्छेको मत नै प्रभावित पार्नसक्ने कुबुद्धि र त्यत्रो रकम कहाँबाट आयो ? एउटै पार्टीको एउटा समूहका विरुद्ध अर्को समूहले प्रयोग गरेको पैसा, गालीगलौज र तौरतरिका हेर्दा संसद्वादीहरूले लोकतन्त्रको गहना भन्ने गरेको यो पद्धति संसद् वा सरकारको चयनमा होस् वा अन्तरपार्टी होस् अथवा पार्टीपार्टी होस्, सबैका लागि अत्यन्त विकृत, महँगो र भ्रष्टाचार-तस्करीलाई दुरुत्साहन गर्नेखालको देखिन्छ। संसदीय व्यवस्थाको गहना नै यही हो अर्थात् अकुत भ्रष्टाचार, अपचलन, भाँडभैलो र बेथिति ।

कथित लोकतन्त्रको गहना भनिएको चुनावी पतिस्पर्धा हेर्दा अब अकूत सम्पत्तिवाला, तस्कर, ठेकेदार, कालो धन थुपार्ने व्यापारी वा भनौं दलाल पुँजीपति वर्गको व्यक्तिभन्दा अर्को कुनै पनि व्यक्तिले पार्टीभित्रको प्रतिस्पर्धामा वा पार्टीले लड्ने सांसद, महानगर प्रमुख, नगर प्रमुख, गाउँपालिका प्रमुख वा वडाध्यक्षसम्मको प्रतिस्पर्धामा वडामा दसौं लाखदेखि संसद्मा करोडौंसम्म खर्च हुने/गर्ने गरेको देखिन्छ। लथालिङ्ग देश/व्यवस्थाको भताभुङ्ग चाला भनेजस्तो समग्र मुलुकको व्यवस्था नै असफल भइसेको अवस्थामा चुनावहरू र चुनावका नाउँमा हुने धाँधली र पैसाको चलखेलको अनुगमन र नियमन त कसले कसका लागि किन गर्ने होला र ?

संसद्वादी पार्टीहरूमा नैतिक मूल्य र मान्यताको न्यूनतम् मापदण्डसमेत छैन किनकि इमानदार हुनु भनेको संसद्वादी नहुनु हो भन्ने मान्यता स्थापित भइसकेको छ। विद्रोही पार्टीसँग सत्तासङ्कट टार्न वार्ता र छलफलबाट अघि बढ्ने विषयमा सहमति गर्ने सरकार सहमति कार्यान्वयन गर्न हिच्किचाहट गरेर कथित लोकतन्त्रको उपहास गरिरहेको छ भने संसद्वादी पार्टीका नेताहरू राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाईभन्दा सत्ता र गुटस्वार्थलाई केन्द्रमा राखेर अनर्गल हल्ला चलाइरहेका देखिन्छन् । पूर्वसत्तासीन दल एमाले होस् वा वर्तमान सत्ताधारी काङ्ग्रेस, पुष्पकमल दाहाल नेतृत्वको माओवादी केन्द्र वा उपेन्द्र-बाबुराम नेतृत्वको जसपा नै किन नहोस्, अथवा भनौ माधव समूह, देश र जनता कसैको पनि केन्द्रीय स्वार्थका विषय छैनन् । केवल सत्ता छ र स्वार्थ छ। सत्ता पनि अकूत आर्जन गर्न, अर्को चुनावमा खर्च गर्ने रकम बटुल्न र जनमत प्रभाव पार्न । त्यसैले संसद्वादी सत्ता भन्नु नै चरम बेथिति, भ्रष्टाचार र असङ्गतिहरूको चाङ हो भन्ने बजारबार प्रमाणित भइसकेको छ ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीले आठौं पार्टी पुनर्गठन दिवस तीन दिनसम्म उत्सवका रूपमा मनाएको छ । चरम विकृति, बेथिति र असङ्गतिहरुको चाङ दलाल संसदीय व्यवस्थाको वैकल्पिक सत्ताका रूपमा वैज्ञानिक समाजवादका पक्षमा घरघरसम्म बहसहरू भएका छन् । पार्टीका केन्द्रदेखि एकाइसम्मका सम्पूर्ण अङ्गहरू क्रियाशील र चलायमान भएका छन् । जनताले वैज्ञानिक समाजवादका बारेमा चासो, जिज्ञासा र अपेक्षा राखेको छ । विभिन्न ठाउँमा भएका पार्टीका सभासम्मेलन, भेला, अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप र गोष्ठीहरूले के प्रमाणित गरेका छन् भने पूर्ववर्ती व्यवस्थाभन्दा यो व्यवस्था सारतः कुनै पनि रूपमा भिन्न वा प्रगतिशील भएको अनुभूति जनतामा छैन । युवा बेरोजगारी बढिरहेकै छ । व्यापारघाटा बढिरहेकै छ । युवा पलायन बढिरहेकै छ । विदेशबाट दैनिक देश भित्रिने शवहरूको सङ्ख्या होस् वा सामूहिक-एकल रूपमा बलात्कार भएर महिलाको अस्मिता लुटिने बदचलन बढेकै छ । सत्तामा सांसद, मन्त्रीदेखि प्रधानन्यायाधीश, न्यायाधीशसम्म बिक्री हुने, न्याय किनबेच र पैसामा प्रभावित हुने बदचलन बढेकै छ । पार्टीपार्टीबीच आरोपप्रत्यारोप बढेकै छ । भ्रष्टाचारदेखि महँगीसम्म धान्नै नसक्ने गरी बढेकै छ । देशमाथि विदेशी हस्तक्षेप र अतिक्रमण बढेकै छ । नाउँमा गणतन्त्र र सङ्घीयताभन्दा बढी व्यवहारमा जनताको जीवनमा के परिवर्तन आयो त ? केही पनि आएन । उही पात्र, उही प्रवृत्ति, उही उद्देश्य, उही व्यवहार, उही चलन हुँदाहुँदै नारा र गफमा बढोत्तरी भएकाले देश र जनताले कहिल्यै सुखको सास फेर्न पाएको छैन । त्यसैले यो व्यवस्थाकै परिवर्तन आवश्यक छ भन्ने निष्कर्ष नेकपाको आठौं पार्टी पुनर्गठन दिवसका अवसरमा देशभर आयोजित कार्यक्रमका हो । अब नेपाली जनताले भोग्न र अनुभूत गर्न बाँकी व्यवस्था अर्थात् जनताको आशा र भरोसाको व्यवस्था वैज्ञानिक समाजवाद हो । दुनियाँमा रक्तपातपूर्ण युद्धबाट स्थापित यो व्यवस्थाका लागि नेकपाले शान्तिपूर्ण रूपान्तरणको बाटो सुझाएको छ- जनमतसङ्ग्रह । नेकपाको नेतृत्वमा प्रगतिशील संयुक्त सरकार गठन गरी त्यसले संसदीय व्यवस्था र वैज्ञानिक समाजवादी व्यवस्थामध्ये एउटा रोज्ने व्यवस्था मिलाउने हो भने नेपाली जनताले वैज्ञानिक समाजवादी व्यवस्था नै रोज्नेछन् । त्यसैले यो दिशातर्फ अग्रसर हुनुको विकल्प छैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# ‘राजनीतिक समस्याको समाधान : संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादी व्यवस्था ?’

✍ अनिल शर्मा/व्यापक नेपाली

‘हामीले इतिहासका पाठहरूलाई सिकेनौं भने इतिहासले हामीलाई केही पनि पाठ सिकाउँदैन तर हामीलाई कठोरतासाथ दण्ड दिन्छ।’

**–रबर्ट हेल्ब्रोनर, एक्काईसौं शताब्दीको पुँजीवाद, पृष्ठ १५२**

‘जबसम्म मानिसहरूले हरेक प्रकारको नैतिक, धार्मिक, राजनीतिक प्रकार, घोषणा र सान्त्वनाको पछिल्तिर लुकेको कुनै न कुनै वर्गीय स्वार्थको खोजी-नीति गर्न जान्ने छैनन् तबसम्म उनीहरूले राजनीतिमा सधैं नै धोकाबाजी र आत्मवञ्चनाको सिकार बनिरहनु पर्नेछ।’

-भी आई लेनिन, सङ्कलित रचना सङ्ग्रह, खण्ड २३, पृष्ठ ४०-४८, ऐरावती प्रकाशन (मार्क्सवादका तीन स्रोत र तीन सङ्घटक अङ्ग)

मानव जातिको प्रगति र शान्ति कसरी गर्न सकिएला भनेर समाजशास्त्री र चिन्तकहरूले प्राचीनकालदेखि नै अनेकौं अन्वेषण र प्रयोग गर्दै आएका छन् र त्यो प्रक्रिया आजसम्म जारी छ। नेपालमा २००७ सालयता पटकपटक राजनीतिक परिवर्तन, विद्रोह, जनआन्दोलन र सङ्घर्ष भएका छन् । तर देश झन्झन् पराधीन हुँदै गएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठाको सङ्कुचन भएको, जनता प्रताडित भएको र भविष्य अन्योलपूर्ण भएको सर्वत्र महसुस भएको छ। त्यसप्रकारको अवस्थासँगै यसको कारण र विकल्प के हुनसक्छ त ? भन्ने विषयमा बहस भइरहेको छ । यो कार्यपत्र यिनै विषयमा केन्द्रित छ।

## (क) ऐतिहासिक पृष्ठभूमि

बीसीई छैटौं शताब्दीपूर्व नै अस्तित्वमा आएको युनानी दर्शनले वाद-विवाद र संवादलाई सत्यमा पुग्ने अर्थात् सत्यको अन्वेषण गर्ने आधार मान्थ्यो। उनीहरू चिन्तनको आधार धर्म, परम्परा र संस्कारलाई मान्दैनथे। धर्म र परम्परामा आधारित राज्य व्यवस्थाको विकल्प सोच्थे। तथ्य र तर्कद्वारा युक्तिसंगत भए स्वीकार गर्ने अन्यथा अस्वीकार गरिन्थ्यो । युनानी दर्शनका महान् दार्शनिक सोफिस्ट, सुकरात, प्लेटो त्यसका प्रणेता थिए। सुकरात शिल्पकार, कलाकार र राजनीतिज्ञहरू व्यक्तिगत हित-अहितका आधारमा नभएर समाजको हितमा सोच्नुपर्ने बताउँथे । चिन्तक र बौद्धिक तप्काले समाज परिवर्तनमा भूमिका निर्वाह गर्नुपर्ने धारणा प्रवाह गरेकै कारण एथेन्सको सत्ताले उनलाई विष पियाएर हत्या गऱ्यो। त्यसैगरी सन् १७४८ मा प्रसिद्ध दार्शनिक, कलाकार तथा लेखक जिन ज्याक रुसो (१७१२-१७७८) ले परम्परागत चिन्तनप्रति प्रहार गर्दै ‘विज्ञान र कलाको उन्नतिले नैतिक जीवन उन्नत गऱ्यो कि भ्रष्ट गऱ्यो ?’ प्रश्न उठाएका थिए। राज्य र धर्मको कोपभाजनका कारण रुसो फ्रान्सबाट निर्वासन जान बाध्य भए । युरोपमा कतै शरण नपाएपछि पेरिस फर्केका रुसोले २ जुलाई १७७८ मा मानसिक सन्तुलन गुमाएर मर्नुपऱ्यो । पश्चगामी युरोपले उनको ज्यान लियो । तर उनको मृत्युको ११ वर्षपछि भएको फ्रेन्च क्रान्ति (५ मे १७८९-नोभेम्बर १७९९) को प्रेरणास्रोत नै रुसो मानिए। पृथ्वीका साधनस्रोत सबै श्रमिकको साझा हुनुपर्छ भन्ने मत राख्ने कार्ल हेनरिक मार्क्स (१८१८-१८८३) एक्ला दार्शनिक होइनन्। दार्शनिक पाइथागोरस (बीसीई ५८०/५७२-५००/४९०, युनान) ले ‘मित्रको वस्तुमाथि सबै मित्रको समान अधिकार (ँचष्भलमकु नययमक बचभ अफ्रयल नययमक)’ भनेका थिए जहाँ उत्पादनमाथि साझा स्वामित्व हुनुपर्ने विचार थियो।

पूर्वीय सभ्यता पनि भौतिकवाद र अध्यात्मवाद, जनतन्त्र र निरङ्कुशताबीचको सङ्घर्ष पार गर्दै र विकसित हुँदै आएको छ । आर्यहरूको एउटा समूह दक्षिणएसियामा आएपछि हजारौं वर्षसम्म गणराज्य थियो। समाजका प्रबुद्ध नरनारीहरू शास्त्रार्थमा भाग लिन्थे। विचार मन्थनमा श्रेष्ठ साबित भएका व्यक्तिहरूद्वारा जनपरिषद् गठन गरिन्थ्यो। जनपरिषद् नै राज्य सञ्चालनको साधन हुन्थ्यो। बीसीई ४२० सम्म पूर्वीय दर्शनमा गणराज्य र जनपरिषद् लोकप्रिय थिए । त्यसैगरी युरोपियन चिन्तक डेनिस दिदेरो (सन् १७१३-१७८४) ले ‘प्रकृतिले कसैलाई पनि अर्कोलाई आदेश दिने अधिकार दिएको छैन, स्वतन्त्रता दैवी दान हो’ भनेका थिए। पूर्वीय दर्शनमा राजावाद, ब्राह्मणवाद, मूर्तिवादका विरुद्धको धाराका रूपमा बुद्धवाद आयो। करिब ५ सय वर्षसम्म त्यसले समाजमा सकारात्मक भूमिका नर्वाह गऱ्यो । जब भिक्षुहरू नै ठूल्ठूला मठाधीश बनेर विलासी जीवन बिताउन थाले, विकृति बढेर गयो । बुद्धवाद अध्यात्मवादको नियन्त्रणमा गयो। इसामसिहले रोम साम्राज्यका विरुद्ध दास र पीडितहरूका पक्षमा ‘एक न्यायपूर्ण ईश्वरीय राज्य’ स्थापनाको आवाज उठाएका थिए। धार्मिक आदर्शसहितको विद्रोहलाई राजद्रोह ठहर गरी उनलाई शूलीमा चढाइयो । मोहम्मदका विचारहरू अरबको कबिलातन्त्री विविधता, बहुलता आदिका कारणले फैलिएका युद्ध, लुटपाट, अराजकता, अशान्तिजस्ता सामाजिक विकृति र अत्याचारका विरुद्ध थियो। यसरी मानवसभ्यताको उषाकालदेखि नै सत्ताले यथास्थितिको पक्ष लिने, त्यसका विरुद्धको आवाजलाई दमन गर्ने र त्यसका विरुद्ध प्रचलित मूल्य र कानुनको बर्खिलापमा नउभिएसम्म समाज एक पाइलो पनि अघि नबढ्ने हुँदै आएको छ। यसरी बलिदानको अथाह प्रक्रिया पूरा गरेर नै मानवसभ्यताको विकास हुँदै आएको छ। हरेक विद्रोह र बलिदानपछि समाज गुणात्मक वा मात्रात्मक रूपले अघि बढ्दै यहाँसम्म आइपुगेको छ। नेपाली समाजको ऐतिहासिक पृष्ठभूमि पनि योभन्दा भिन्न छैन।

## (ख) समाजवाद र नवमार्क्सवाद

कम्युनिस्ट पार्टीको घोषणापत्र जारी भएदेखि महान् बहस (सन् १९५७-१९६०) हुँदै आजसम्म पनि पुँजीवादी ध्रुवबाट मार्क्सवादमाथि आक्रमण भइरहेको छ। त्यसले समयानुकूल आक्रमणको शैलीलाई प्रभावकारी बनाउँदै गएको छ। त्यसै क्रममा बीसौं शताब्दीको मध्यबाट साम्राज्यवादका पृष्ठपोषक चिन्तकहरूले नयाँ विचारहरू सार्वजनिक गरेका थिए जसमध्ये उत्तरआधुनिकतावाद मुख्य थियो जसमध्ये १९ औं शताब्दीको मानवताविरोधी, तार्किकताविरोधी, नित्सेवादी विचार सापटी लिएर तथा त्यसैलाई छायाँकपी गरेर मानवद्रोही विचार-पुञ्ज निर्माण गऱ्यो जसबाट एडोल्फ हिटलर (१८८९-१९४५) र बेनिटो मुसोलिनी (१८८३-१९४५) को प्रेरणा-स्रोत निर्माण भयो जसमा स्पेङ्गलरको प्रकृतिवादविरोधी विचार, रुसी सर्वखण्डनवाद, नवकान्टवादी अज्ञेयवादलाई घालमेल गरेर ‘आधुनिक कक्टेल’ निर्माण गरिएको थियो। त्यही हतियारलाई उचालेर इतिहासको अन्त्य, पदार्थको अन्त्य, कविताको अन्त्य, दर्शन र विचारधाराको अन्त्य भन्न थालियो। जापानी मूलका अमेरिकी प्राज्ञ फ्रान्सिस फुकोयामा (१९५२) अग्रपङ्क्तिमा आए । बर्लिनको पर्खाल ढलेपछि त्यो प्रदूषित हावा झनै तीव्र भयो। त्यसको प्रकोपबाट कयौं मार्क्सवादी चिन्तकहरू पनि प्रदूषित- सङ्क्रमित हुन थाले। त्यसैक्रममा मार्क्सवादमा संशोधन हुनुपर्ने आवाज उठ्न थाल्यो । कुनै समयमा उत्तरआधुनिकतावादले क्रान्तिकारी मार्क्सवादमाथि जुन आक्रमण गरेको थियो, त्यसैप्रकारको आक्रमण उत्तरमार्क्सवाद र नवमार्क्सवादले गर्न थाले जो मार्क्सवादको सारतत्व अथवा मार्क्सवादको आधारभूत मूल्यमाथि प्रहार गरेर भुत्ते बनाउन चाहन्थे। त्यसलाई लेखक सन्नी सिंहको शब्दमा ‘रेडिकल प्याकेज’ गरिएको पत्रु सामान भन्न सकिन्छ । त्यसको दार्शनिक स्रोत नित्से र हाइजेनबर्ग नै हो।

नेपालमा नवमार्क्सवादको सङ्क्रमण मनमोहन अधिकारी, मदन भण्डारी, केपी ओली हुँदै प्रचण्डसम्म विस्तारित भएको छ । त्यसप्रकारका नवमार्क्सवादीहरूले भन्ने गरेको समाजवादसँग क्रान्तिकारी मार्क्सवादको ‘गोरु बेचेको साइनो’ पनि छैन। उनीहरूको समाजवाद एक झुण्ड पुँजीवादीहरूको ‘ट्रेडमार्क’ मात्रै हो।

## (ग) प्रजातान्त्रिक समाजवाद

अक्टोबर क्रान्ति भनिने रुसी समाजवादी क्रान्ति र त्यसको विश्वव्यापी प्रभावबाट पुँजीवादी विचार र व्यवस्थामाथि गम्भीर प्रश्न उठ्यो। समाजवादी प्रभावबाट बच्न अनेक विचार र प्रणालीको परिकल्पना गरियो। त्यसप्रकारका चिन्तकमध्ये मोहनदास कर्मचन्द गान्धी (१८६९-१९४८, भारत) एक हुन्। उत्पादनका साधनमाथि पुँजीपति वर्गको एकाधिकार र पुरानो शोषणमा आधारित व्यवस्था यथावत् राखेर सामाजिक न्याय र अवसरको समानता वकालत गर्ने व्यवस्थाको कल्पना नै गान्धी समाजवाद हो। ‘एकजना मानिसले यति मात्र लिने अधिकार छ जति उसको पेट भर्नका लागि पर्याप्त हुन्छ। त्योभन्दा बढी लिनु चोरी हो’, उनको विचार हो। भूमि सामूहिक स्वामित्वमा हुनुपर्ने र श्रम नगर्नेको अधिकार नहुने उनको विचार थियो । मार्क्सको समाजवाद द्वन्द्वात्मक भौतिकवादमा आधारित छ भने गान्धीको समाजवाद आदर्शवाद र पूर्वीय दर्शनको उदार तथा मानवतावादी पक्षमा आधारित छ। आध्यात्मिक प्रक्रियाबाट निजी स्वामित्वको अन्त्य गर्ने र वर्गसङ्घर्षलाई अस्वीकार गर्ने गान्धी विचारलाई पश्चिमा चिन्तकहरूले क्रान्तिकारी चिन्तन भनेका छन् । गान्धीको प्रभाव र समाजवादप्रतिको जनआकर्षणलाई मत्थर पार्ने उद्देश्यले जवाहरलाल नेहरू, विश्वेश्वरप्रसाद कोइरालालगायत समकालीन नेताहरूले ‘प्रजातान्त्रिक समाजवाद’ को परिकल्पना गरे । उनीहरूले पुँजीवादबाट ‘प्रजातन्त्र’ र अर्थप्रणालीमा ‘समाजवाद’ मिसाएर नयाँ व्यवस्था (ब्रेन र ब्रेडको मिश्रण) को परिकल्पना गरे जसलाई ‘प्रजातान्त्रिक समाजवाद’ भनिएको छ। समाजवादी सत्ताहरूको विघटनसँगै युरोपको लोककल्याणकारी राज्य पुरानै यात्रामा फर्केझैं बीपीको समाजवादको चर्चा निस्तेज हुँदै गएको छ। गान्धीले निजी स्वामित्व अन्त्यको वकालत गरेका थिए भने प्रजातान्त्रिक समाजवादीहरूले निजी स्वामित्वको संरक्षण गरेका छन् । यो विचार मार्क्सवादबाट पुँजीवादलाई प्रतिरक्षा गर्ने क्रममा आएको चिन्तन हो।

## (घ) राष्ट्रिय समाजवाद

नेपाली जनतामा समाजवाद लोकप्रिय बनेको र विश्व-पुँजीवाद सङ्कटबाट अघि बढिरहेको वर्तमान अवस्थाका कारण समाजवाद नचाहने, पुँजीवादको वकालत गर्न नसक्ने र राष्ट्रभक्तिको बर्को ओडिरहनुपर्ने बाध्यताका कारण पूर्वपञ्चहरूको एउटा तप्काले ‘राष्ट्रिय समाजवाद’ भन्न थालेको छ। राष्ट्रिय राजनीतिमा ‘भेल छोप्ने’ उपभोक्तावादी चिन्तनबाट प्रभावित यो धाराको कुनै दार्शनिक चिन्तन र विरासत छैन। यसले समाजवादको लोकप्रियता नै प्रकट गर्दछ। यो पुँजीवाद र सामन्तवादको घालमेल गर्न चाहने पुँजीवादकै शाखा हो।

## (ङ) काल्पनिक समाजवाद

द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको जगमा नउभिएको समाजवादी चिन्तनलाई कार्ल मार्क्स (१८१८-१८८३) ले काल्पनिक समाजवाद (गतयउम्बल क्यअष्बष्कि) नामकरण गर्नुभएको थियो जसमा सेन्ट साइमन (१७६०-१८२५), चार्ल्स फुरिये (१७७२-१८३७), रोबर्ट ओबेन (१७७१-१८५८) प्रमुख छन् । यिनीहरूको समाजवाद प्राप्तिको बाटो भौतिक र वैज्ञानिक आधारमा नभएर सुधारवादी थियो । उनीहरू आध्यात्मिक तथा मानवताको प्रचारद्वारा समाजवाद स्थापना गर्ने कल्पना गर्थे । बीसीई ६०० वर्षअगाडि नै समाजवाद शब्दको प्रयोग भएको भए पनि प्लेटोले समाजवादको सर्वप्रथम स्पष्ट व्याख्या गरेका थिए। उनीहरू शैक्षिक र नैतिक प्रचार, समाज सुधार, सहकारी आन्दोलनद्वारा शोषणको अन्त्य चाहन्थे। प्लेटोले त त्यसअघि नै महिला, बच्चाबच्ची र जमिनको सामूहिकीकरणको प्रस्ताव गरेका थिए। चार्टिस्ट आन्दोलन (१८३८-१८४८) ले मजदुरको अधिकार प्राप्त गर्ने, मजदुर सरकार स्थापना गर्ने, आर्थिक र सामाजिक सुधार गर्न चाहन्थ्यो। सर्वहारा र पुँजीपति वर्गको विज्ञानको गति धिमा रहेको तर शोषण र उत्पीडनबाट मुक्तिको ‘पवित्र कल्पना’ गर्ने यसप्रकारको समाजवादी धारालाई काल्पनिक समाजवाद भनिन्छ। पुँजीपति र सर्वहारा वर्गको प्रारम्भिक र अविकसित अवस्थाको सङ्घर्षको अभिव्यक्ति काल्पनिक समाजवाद हो।

## (च) वैज्ञानिक समाजवाद

अठारौं शताब्दीको औद्योगिक क्रान्तिले पुँजीपति वर्ग र सर्वहारा वर्गको उदय भयो। विज्ञान र प्रविधिमा अकल्पनीय विकास भयो। प्राचीन मान्यता र धार्मिक अन्धविश्वासहरू धराशायी भएर गए। त्यस्तो वस्तुगत परिस्थितिले आधुनिक समाजवादको अनुकूल वस्तुगत अवस्था सिर्जना गऱ्यो । पुँजीवादका विरुद्ध सर्वहारा वर्गको राज्यसत्ता स्थापना भएको समाज व्यवस्था नै समाजवादी व्यवस्था हो जसमा सर्वहारा वर्गको अधिनायकत्व हुन्छ। यसलाई पुँजीवादबाट साम्यवादमा सङ्क्रमण गर्ने सङ्क्रमणकालीन व्यवस्था मानिन्छ । उत्पादनका साधनहरू सामाजिकीकरण भए पनि पुँजीवादका जन्मचिह्नहरू कायमै रहन्छन् । ‘योग्यताअनुसारको काम, कामअनुसारको दाम’ राज्यको श्रमनीति हुन्छ । समाजवादी व्यवस्थाका सन्दर्भमा एङ्गेल्स भन्नुहुन्छ, ‘इतिहासको भौतिकवादी धारणा र अतिरिक्त मूल्यद्वारा पुँजीवादी उत्पादनको रहस्यको उद्घाटन- यी दुई महान् आविष्कारहरूका लागि हामी मार्क्सप्रति आभारी छौं । यी आविष्कारहरूसँगै समाजवाद एक विज्ञान बन्न गयो।’ इतिहासको भौतिकवादी धारणाअनुसारको व्यवस्था हुनाले यो वैज्ञानिक व्यवस्था हो। अर्कोतिर मार्क्सदेखि लेनिनको युगसम्म आउँदा सामन्ती समाजवाद, निम्न पुँजीवादी समाजवाद, जर्मन समाजवाद, पुँजीजीवी समाजवाद, काल्पनिक समाजवादजस्ता अनेक विचारहरू प्रकट भएपछि विभिन्न रूपका समाजवाद र वास्तविक समाजवादको भेद छुट्ट्याउन (सार र रूपको एकत्व कायम गर्न) ‘वैज्ञानिक समाजवाद’ पदावली प्रयोग गरिएको थियो। नेपालमा त प्रजातान्त्रिक समाजवाद, एक्काईसौं शताब्दीको समाजवाद, समावेशी समाजवाद, राष्ट्रिय समाजवादजस्ता ‘ऐंजेरु समाजवाद’ को प्रदूषित वायु प्रवाह भइरहेका कारण क्रान्तिकारी माओवादीहरूले ‘वैज्ञानिक समाजवाद’ पदावली प्रयोग गर्नुपर्ने भएको छ।

## (छ) राजनीनिक समस्या र समाधान

नेपालमा राजनीतिक समस्या कायम रहेकोमा सबै सहमत देखिन्छन् तर विकल्पमा अनेकता छ । विकल्पको अन्तिम निर्णयकर्ता तथा न्यायाधीश जनता हुन् । पूर्वीय दर्शनमा समाज र चिन्तनको समस्या शास्त्रार्थ गरेर टुङ्गो लगाउने गरिन्थ्यो । ऋषि यज्ञवल्क्यको समूहले शास्त्रार्थमा पराजित हुँदै गर्दा ऋषि विदग्ध शाकल्यको शिरोच्छेदन गरे भने गार्गी वाचक्नवीलाई त्यसै गर्ने धम्की दिए । त्यसपछि नै पूर्वीय दर्शन र समाजमा बौद्धिकताको स्थान बाहुबलले कब्जा गऱ्यो। आज पनि बौद्धिकता र जनमतमाथि बन्दुक र विदेशी शक्तिकेन्द्रको शासन चलिरहेको छ।

नेपालको राजनीति सामान्यतः २०० वर्षदेखि र विशेषतः वि.सं.२००७ सालदेखि मूलतः एउटै राजनीतिक चरित्र, समस्या, रसायन र जोखिमबीच अघि बढिरहेको छ। संसदीय प्रजातान्त्रिक व्यवस्था, पञ्चायती व्यवस्था, राजाको प्रत्यक्ष शासन, गणतान्त्रिक लोकतान्त्रिक व्यवस्था गरी फरक नामधारी व्यवस्थाअन्तर्गत पटकपटक संविधान निर्माण र संशोधनको नाटक गरे पनि वास्तविक राजकीय कार्यकारी अधिकार र सार्वभौमिकता जनताको तहमा चेतनशील ढङ्गले जानै नदिई सामन्तवादको केन्द्र, केही दलका टाठाबाठा र विदेशीको इसारामा नियन्त्रित छ । यो शासकीय पद्धतिमा सयौं वर्षदेखि १ प्रतिशतले बाँकी ९९ प्रतिशत श्रमजीवी जनतामाथि अन्यायपूर्ण शासन लादिरहेको छ। राजनीतिक, आर्थिक, सामाजिक, परराष्ट्र, प्राकृतिक स्रोतको परिचालन (जलस्रोत तथा खनिज पदार्थलाई कौडीको मूल्यमा शक्तिराष्ट्र र स्थानीय दलाललाई खुसी पार्न उपहारस्वरूप दिइएको) र राष्ट्रिय सुरक्षालगायतमा वास्तविक रूपमा नेपाल स्वतन्त्र नहुनु नै आजसम्मको मूल समस्या र पछौटेपनका कारण हुन्।

समाज, श्रम र उपभोक्तालाई अत्यधिक दोहन गर्ने सार्वभौम पुँजीवादी चरित्रअनुसार नै सन् १९३० को दशकमा संसारले भोगेको महामन्दी हुँदै पछिल्लो समय २००७-०९ को वित्तीय सङ्कटले दलाल पुँजीवाद र साम्राज्यवादको गहिरो मरणोन्मुख सङ्कटलाई देखाउँछ । नेपाल सामन्तवादबाट पुँजीवादमा प्रवेश नगरी दलाल पुँजीवादमा प्रवेश गरेकाले बहुआयामिक सङ्कट र जटिलता उत्पन्न गरेको छ। दलाल पुँजीवादले समाजलाई सधैं सङ्कट र अस्थिरतामा राखेर श्रमजीवी वर्गले सिर्जना गरेको मूल्यलाई दोहन गरी व्यक्तिले खडा गरेको निगमको नियन्त्रणमा ल्याएको छ । निगमकै प्रत्यक्ष नियन्त्रणमा राजनीति चलेको हुन्छ। त्यसैले सामन्तवाद र पुँजीवादमा नाम मात्रको कागजी प्रजातन्त्र हुन्छ। शक्तिको स्रोत दलालहरू हुने भएकाले वास्तविक प्रजातन्त्र सम्भव हुँदैन । वैज्ञानिक समाजवादमा मात्र वास्तविक प्रजातन्त्र र जनमतको सम्मान हुन्छ । जनबलबाट स्थापित वैज्ञानिक समाजवादले प्रकृति, समाज, राज्यसत्ता, वर्ग/क्रान्तिलाई भौतिकवादी तरिकाले अध्ययन गर्ने, बुझ्ने र सञ्चालन गर्दछ।

जनयुद्ध र गणतन्त्र स्थापनालगायत आन्तरिक र बाह्य विश्वव्यापी कारणले नेपाली समाजको विशेषता परिवर्तन भएको छ । दलाल पुँजीवादको शोषण, बढ्दो ऋणभार र असमानताले गर्दा विज्ञ पेसाकर्मी र मध्यम वर्गसमेत पीडित भएकाले क्रान्तिका लागि मित्रशक्ति बनेको छ। अहिलेसम्म आन्दोलन र सङ्घर्षमा भाग नलिएका जनता एकीकृत जनक्रान्तिमा सहभागी भइरहेका छन् । सूचना-प्रविधिको विकास र आफन्तबाट विप्रेषण प्राप्त गर्ने घरपरिवारको सङ्ख्या बढ्दै गएकाले गाउँ र सहरको भिन्नता कम हुँदै गएको छ। शक्तिराष्ट्रबीचको भूराजनीतिक घर्षणले नेपालको महत्व तथा चुनौती बढ्दै गइरहेकाले स्वाधीन राजनीतिक व्यवस्थामार्फत राष्ट्र/जनताको भूराजनीतिक जोखिम प्रतिरोधी क्षमता बढाउनसमेत क्रान्ति सम्पन्न गर्नुपर्दछ । देशभक्त शक्तिको बलियो उपस्थितिले समाजवादी क्रान्तिलाई सहयोग पुगिरहेको छ। एकीकृत जनक्रान्तिको कार्यदिशाले यी विशेषतालाई ध्यान दिई क्रान्तिका विभिन्न आधारलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेर वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्दछ । वैज्ञानिक दर्शन,

... बाँकी पृष्ठ ३ मा

## 'राजनीतिक समस्या ....

क्रान्तिकारी पार्टी, विज्ञान-प्रविधि, जनसेना, मोर्चालगायत एकीकृत जनक्रान्तिका आधार मात्र नभई समाजवादको स्थापना, रक्षा र विकासका साधनसमेत हुन् । सामन्तवादी केन्द्रको अवसानपछि दलाल पुँजीवादको नेतृत्वमा राजकीय शक्ति रहेकाले वैज्ञानिक समाजवादको स्थापनाबाट मात्र पूर्ण राजनीतिक क्रान्ति सम्पन्न भई जनताको प्रजातन्त्र स्थापना हुने देखिन्छ ।

संसदीय पुँजीवादी व्यवस्था र वैज्ञानिक समाजवादी व्यवस्थालाई तालिकामा तुलना गरेर अध्ययन गर्न सकिन्छ ।ः

| क्र.सं. | विवरण | संसदीय व्यवस्था | वैज्ञानिक समाजवादी व्यवस्था |
|---|---|---|---|
| १ | पद्धतिहरूबीचको अन्तर्विरोध | प्रतिक्रिया, विनाश, युद्ध, अस्थिरता, पराधीनता | प्रगति, निर्माण, शान्ति, स्थिरता, स्वाधीनता |
| २ | सार्वभौम राजकीय शक्ति | चुनावका नाममा मत खरिद गर्ने | श्रमजीवी जनताको नेतृत्व कम्युनिस्ट पार्टीले गर्ने |
| ३ | संसद्/राजनीतिक प्रतिनिधित्व | १ प्रतिशतको स्वार्थका लागि | ९९ प्रतिशतको पूर्ण प्रतिनिधित्व हुने |
| ४ | कानुनको शासन | दलाल सत्ता र शक्तिका कारणले निरीह | न्यायपूर्ण र पारदर्शी रूपमा व्यवहारमा लागू गर्ने |
| ५ | कार्यकारी अधिकार | एकजना व्यक्तिको लहडमा प्रयोग हुने | प्रत्यक्ष रूपमा जनताप्रति जबाफदेही हुने |
| ६ | न्यायसेवा | कलङ्कित, भ्रष्ट र पहुँचवालाले मात्र पाउने | वस्तुगत रूपमा पीडितले न्याय पाउने |
| ७ | प्राकृतिक स्रोतसाधन | विदेशी शक्ति र दलनिकट दलालले लाभ लिने | जनताको सामूहिक पुँजीका रूपमा परिचालन गर्ने |
| ८ | जैविक वातावरण | अधिक दोहनले जलवायु परिवर्तन | दिगो रूपमा भाबी पुस्तालाई हस्तान्तरण गर्ने |
| ९ | शिक्षामा नेतृत्व | राष्ट्रपति वा प्रधानमन्त्री कुलपति हुने | जीवनभर शिक्षासेवामा लागेका विज्ञले नेतृत्व गर्ने |
| १० | व्यक्तिगत स्वतन्त्रता | व्यक्तिगत रूपमा अभावजन्य तनाव गराएको | समृद्ध र सुसंस्कृत स्वतन्त्रता उपभोग गर्ने |
| ११ | आर्थिक स्वतन्त्रता | व्यवहारमा कार्टेल र सिन्डिकेट गरेको | वास्तविक स्वतन्त्रता, प्रतिस्पर्धा र पारदर्शिता हुने |
| १२ | आर्थिक नीति | नवउदारवादी दलाल पुँजीवादी नीति अपनाएको | समाजवादी, दिगो र जलवायुमैत्री नीति हुने |
| १३ | सैन्य शक्ति | घोषित प्रयोजनमा नलाग्ने गरेको | २०-२५ उमेर सैन्य तालिम राष्ट्र/जनसेवामा लाग्ने |
| १४ | कृषि | अपहेलित र प्रोत्साहनविहीन पेसा बनाएको | अर्थतन्त्रको भरपर्दो मियो, राष्ट्रिय सुरक्षाको आधार |
| १५ | औद्यागिकीकरण | औद्योगिकीकरणको अन्त्य गरेको | उत्पादन, आविष्कार र रोजगारीको आधार |
| १६ | व्यापार | नाफा आर्जन गर्ने सजिलो व्यवसाय बनाएको | उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने माध्यम |
| १७ | अन्तर्राष्ट्रिय सम्बन्ध | आन्तरिक गुटगत सत्ता टिकाउन प्रयोग भएको | राष्ट्र/जनताको हितलाई केन्द्रमा राखेर मित्रता |
| १८ | सामाजिक चेतना | श्रमलाई घृणा र दोहन गरेको | श्रमको उच्च मूल्याङ्कन, प्रतिफल र सम्मान दिने |
| १९ | विज्ञानप्रविधि | नाफा कमाउनका लागि प्रयोग गरिएको | मानवजीवन र समाजलाई उन्नत बनाउने |
| २० | भूस्वामित्व | सामन्त र दलालले सट्टेबाजी गर्न प्रयोग भएको | जनसरकारी स्वामित्वमा राखी उत्पादन बढाउने |
| २१ | वित्तीय प्रणाली | विप्रेषणलाई अनुत्पादक क्षेत्रमा परिचालन गराई असमानता वृद्धि गराएको | उत्पादन, रोजगारी, आयआर्जन र असमानता घटाउने साधन बनाउने |
| २२ | श्रम र रोजगारी | नाफाका लागि किनबेच हुने वस्तु बनाएको | रोजगारीलाई मानवअधिकार बनाउने |
| २३ | जनस्वास्थ्य | पूर्णतः व्यापारीकरण गरिएको | निःशुल्क स्वास्थ्य सेवा र सामाजिक सुरक्षा हुने |
| २४ | शिक्षा | व्यापारिक रूपमा बन्धक बनाएको | सबै शिक्षा निःशुल्क बनाइने |
| २५ | नाफा | जनतालाई शोषण गरी अत्यधिक नाफा कमाएको | जनताबाट नै नाफा आर्जन गर्ने भएकाले अत्यधिक नाफामा नियमन गरी जबाफदेही बनाउने |
| २६ | अर्थतन्त्रको औपचारिकता | समानान्तर रूपमा अनौपचारिक अर्थतन्त्र रहेको | अनौपचारिक अर्थतन्त्रको अन्त्य गरिने |
| २७ | वातावरण | निजी लाभका लागि अत्यधिक दोहन गरिरहेको | दिगो रूपमा उपयोग गरिने |
| २८ | राजस्व/करप्रणाली | राज्यको मिलोमतोमा करछली गरेको | प्रगतिशील र उत्प्रेरक बनाई असमानता घटाउने |
| २९ | असमानता | बढ्दै गएको | घटाउने |
| ३० | गरिबी | सन् १९९० र २०२० मा पनि ७५ लाख नै | गरिबी उन्मूलन गर्ने |
| ३१ | जनजीविका-मुद्रास्फीति | दलीय मिलोमतोमा अत्यधिक मूल्यवृद्धि | गुणस्तरीय जीवनका लागि मूल्य स्थिरता कायम गर्ने |
| ३२ | कला, साहित्य, संस्कृति | व्यापारिक अतिक्रमणको सिकार | मानवसभ्यता र सिर्जनाका लागि समृद्ध बनाइने |
| ३३ | लैङ्गिक समानता | कागजमा ३३ प्रतिशत महिला | ५० प्रतिशत सहभागिताको सुनिश्चितता गर्ने |
| ३४ | गणतन्त्र | दलीय सामन्ती र कठपुतली बनाएको | व्यवहारमा नै जनगणतन्त्र प्रत्याभूति गराइने |
| ३५ | समावेशिता | वर्णव्यवस्था र परिणाममा आधारित | वर्गीय रूपमा र इनपुटमा आधारित बनाउने |
| ३६ | सङ्घीयता | नेता-कार्यकर्ताको व्यवस्थापनका लागि | अधिकारको प्रयोग सबैभन्दा तल्लो तहले गर्न |
| ३७ | धर्मनिरपेक्षता | धर्मको व्यवसायलाई प्रोत्साहन | धर्म/धार्मिक राजनीतिक व्यवसायको अन्त्य गरिने |
| ३८ | पारदर्शिता | सरोकारवालाका लागिसमेत अपारदर्शी | जनता र सरोकारवालाका लागि पूर्णतः पारदर्शी |
| ३९ | सिँचाइ | खेतीयोग्य जमिनको आधा जमिनमा मात्र | सिँचाइ, जलविद्युत्, जलयातायात, पर्यटनका लागि |
| ४० | सडक | भ्रष्टाचार गर्न हरेक वर्ष बजेट विनियोजन | महत्वपूर्ण पूर्वाधार, उच्च गुणस्तरको (आरसीसी) |
| ४१ | विद्युतीय रेल | गफमा सीमित, व्यवहारमा बिजुली निर्यात | उद्योग, ढुवानी र यात्राका लागि पहिलो आधार |
| ४२ | खानेपानी | घन्टौं हिंडेर खानेपानी ल्याउनुपर्ने | सबैलाई स्वच्छ खानेपानी आपूर्ति गरिने |
| ४३ | बजेट | चुनावमुखी र भ्रष्टाचार गर्ने माध्यम भएको | जनताको आर्थिक अवस्था उच्च बनाउने नीति |

नेपालमा हरेक एक दशकमा विद्रोह वा जनआन्दोलनको चक्र जारी छ । २०५२ सालमा जनयुद्ध सुरु भयो । त्यसको कारणबारे विद्वान् प्रदीप गिरी भन्छन्, 'जङ्गल सुकेको थियो, माओवादीले सलाई कोरेर आगो सल्कायो ।' २००७ सालमा नेपाली जनताले काङ्ग्रेसलाई साथ दिएका थिए तर काङ्ग्रेसले जनअपेक्षा र आवश्यकता पूरा गर्न सकेन । गिरी भन्छन्, 'बीपीले राजनीनिक परिवर्तन गर्न सक्नुभएन । पूर्णता दिनुपर्छ भन्ने लाग्यो । रुस, चीनमा झट्का दिइयो । नेपालमा 'हलाल क्रान्ति' भयो, छिनाल्न सकिएन । यसमा विदेशीको भूमिका छ । यो विषय टुङ्गो लाग्नुपर्छ ।' कार्ल मार्क्सले पुँजीवादको व्याख्या गर्ने क्रममा 'जहाँ सम्पत्तिको केन्द्रीकरण हुन्छ, त्यहीँ राजनीतिको पनि केन्द्रीकरण हुन्छ' भन्नुभएको थियो । आज विश्वको राजनीति शक्तिराष्ट्रहरूको हातमा केन्द्रित भएको छ र गिरीले भनेझैँ विद्रोह र जनआन्दोलनहरू सम्झौतामा टुङ्गिएका छन् र उपरिसंरचनामा सामान्य हेरफेर गरेर कुलीन वर्गको सत्ता र शक्ति निरन्तर कायम छ । समस्या यहीँनेर छ । आर्थिक, राजनीनिक र सांस्कृतिक स्वतन्त्रता, सामाजिक प्रतिष्ठा र समान अधिकार सबै नागरिकको अपेक्षा र जन्मजात अधिकार हो । नेपाल पक्ष रहेको संयुक्त राष्ट्रसङ्घ, मानवअधिकारको विश्वव्यापी घोषणापत्र (१९४८, धारा १) मा भनिएको छ, 'सबै व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा एवम् मानवअधिकारमा समान छन् ।' नेपालमा भएका व्यवस्थाले आफू नै पक्ष रहेको संयुक्त राष्ट्रसङ्घका प्रतिबद्धताहरू उल्लङ्घन गर्दै आएको छ । जनतालाई हरेक ५ वर्षमा सरकार छान्न, दलाल पुँजीवादका कारिन्दा छान्न दिइन्छ तर आजसम्म व्यवस्था छान्न दिइएको छैन । त्यसैले 'संसदीय पुँजीवादी व्यवस्था वा वैज्ञानिक समाजवादी व्यवस्था' एउटा छान्ने अधिकार दिइनुपर्छ । वैज्ञानिक समाजवादप्रति जनमत बढ्दै गएको वर्तमान अवस्थामा लोकतन्त्र वा जनतन्त्रप्रति विश्वास गर्नेहरूले व्यवस्था छान्ने अभिमतलाई बल प्रयोग गरेर दमन गर्दा हिंसात्मक विद्रोह बाध्यकारी विकल्प बन्न जान्छ । आज श्रम र पुँजी, दलाल शक्ति र देशभक्त शक्ति, परतन्त्र र स्वतन्त्र प्रवृत्तिबीच अन्तरबिरोध बढ्दै, शत्रुतापूर्ण बन्दै गएको छ । यो अन्तरविरोधलाई शान्तिपूर्ण ढङ्गले समाधान गरिएन भने राजनीति हिंसात्मक चरणमा जान सक्छ । त्यसैले जनमतसङ्ग्रहको माध्यमबाट राजनीतिक समस्याको समाधान गर्नु देश र जनताको हितमा हुन्छ ।

### सारांश

दलाल पुँजीवादले आफैँले उत्पन्न गरेको सङ्कट टार्न फौज परिचालन गर्दछ र सम्पत्तिको दुरुपयोग गरेर सबैलाई खरिद गर्दछ । फौज र पैसाको बलमा निरङ्कुश दिशामा हिँड्छ । पैसा विदेशी बैङ्कमा, छोराछोरी विदेशमा, आफ्नो ज्यान देशमा, मन र पक्षधरता विदेशमा 'ग्रिन कार्ड' बोकेर उच्च ओहोदामा रहनु दलाल पुँजीवादको चारित्रिक विशेषता हो । सेना, प्रहरी र युवालाई आधुनिक दासका रूपमा विदेशमा बेचेर प्राप्त विप्रेषणबाट शासन चलाउँछ । त्यही भ्रष्ट, पतीत, अनैतिक, देशद्रोही रजगज कायम गर्न शक्तिकेन्द्रको चाकडी, जनदमन र शोषण गर्नु दलाल पुँजीवादको दैनिक काम हो । नेपालको वर्तमान राजनीतिक, आर्थिक र सांस्कृतिक अवस्था आफ्नो समयको एन्टोनियो ग्राम्सीको अवस्थासँग धेरै हदसम्म मिल्दो छ । ग्राम्सी भन्छन्- सङ्कट ठ्याक्कै केमा निर्भर छ भने पुरानो मरिरहेको छ तर नयाँ जन्म लिन सकिरहेको छैन । यस अन्तरकालमा सबै प्रकारका रुग्ण लक्षणहरूले जन्म लिने गर्छन् । नयाँको जन्म अनिवार्य भएको तर पुरानैले शासन गर्दा चौतर्फी समस्याहरू देखापरेका छन् । भीमदत्त पन्तको हत्या, मदन भण्डारीको रहस्यमय हत्या, राजा वीरेन्द्रको वंशनास हुँदै नेकपामाथि लगाइएको प्रतिबन्ध र दमनको शृङ्खला हेर्दा दलाल पुँजीवादका विरुद्ध लड्न कति कठिन छ भन्ने स्पष्ट हुन्छ तर स्वतन्त्रता र अधिकारका निम्ति प्रतिरोध सङ्घर्षको विकल्प छैन । आज साम्राज्यवादी शक्तिहरूबीच शक्ति सन्तुलन बिग्रेको छ र भयानक बन्दैछ । श्रम र पुँजीका बीचमा अन्तर्विरोध बढ्दै गएको छ र पुँजीवाद वैचारिक, आर्थिक, सांस्कृतिक रूपले सङ्कटमा फस्दै गएको छ । चीन-अमेरिका व्यापार युद्ध, अमेरिका-युरोपबीचको बढ्दो प्रतिस्पर्धा र तनाव, अमेरिकी समाजको स्खलन र आर्थिक सङ्कट, अफगानिस्तानबाट अमेरिकी गठबन्धनको लज्जास्पद पलायन, उदारवाद र भूमण्डलीकरणको असफलता र राष्ट्रिय मुक्ति आन्दोलनको बढ्दो सफलताका पछिल्ला घटनाले पुँजीवादको असफलता र वैज्ञानिक समाजवादलाई अनिवार्य विकल्पका रूपमा उभ्याउँदै लगेको छ ।

**सन्दर्भ सामग्री**

१. कम्युनिस्ट पार्टीको घोषणापत्र, मार्क्स-एङ्गेल्स, अग्निपरीक्षा जनप्रकाशनगृह प्रा.लि., काठमाडौँ ।
२. मार्क्स-एङ्गेल्स, सङ्कलित रचनाएँ, खण्ड ३, भाग १, पृष्ठ ६५, प्रगति प्रकाशन, मास्को, १९७८ ।
३. पुँजीवाद कि वैज्ञानिक समाजवाद, विप्लव, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, नेपाल कम्युनिस्ट पार्टी ।
४. वैज्ञानिक समाजवादका विशेषताहरू, विप्लव, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, नेपाल कम्युनिस्ट पार्टी ।
५. हिमाली दर्शन, मोहन बैद्य 'किरण' साझा प्रकाशन, काठमाडौँ ।
६. मार्क्सवादी दर्शन, मोहन वैद्य 'किरण', प्रगतिशील अध्ययन केन्द्र, काठमाडौँ, २०६७ ।
७. पूर्वीय दर्शनमा भौतिकवाद, रामराज रेग्मी, जागरण बुक हाउस, काठमाडौँ ।
८. विज्ञान और मार्क्सवादी दर्शन के सम्बन्धौँ का एक अवैज्ञानिक और अज्ञानतापूर्ण पाठ ः एक आलोचना- सनी सिंह ।
९. राजनीतिक विचारधारा र विश्लेषण, प्रा. गोपाल सिवाकोटी, पैरवी प्रकाशन, काठमाडौँ ।

## वैज्ञानिक समाजवादका ....

७) आफ्नो जनताको इतिहास, गौरव, पौरख, संस्कृतिको संरक्षण र विकास गर्ने गरी कार्यक्रमहरू विकास गर्नेछ ।

८) विदेशीको चाकरी गर्ने, मागेर-हात पसारेर खाने पराश्रित आदत, संस्कारको अन्त्य गर्नेछ ।

**५) सुरक्षा नीति र विशेषता**

१) वैज्ञानिक समाजवादले आफ्नो देश र जनताको रक्षालाई केन्द्रमा राखेर सुरक्षाप्रणालीको योजना बनाउनेछ । देशमाथि कुनै वैदेशिक हस्तक्षेप, अतिक्रमण एवम् हमला हुन दिनेछैन । देशको हित हुनेबाहेकका सबै सन्धि-सम्झौताहरू खारेज गरेर समानता एवम् पञ्चशीलका सिद्धान्तअनुसार नयाँ सन्धि-सम्झौता गर्नेछ ।

२) राज्यले देशको रक्षा गर्न योग्य जनशक्तिको विकास गर्न हरेक १६ वर्ष पुगेका युवालाई सैन्य तालिम दिनेछ । नियमित सेनाको सङ्ख्या ठिक्क राखेर ठूलो सङ्ख्यालाई जगेडा शक्तिका रूपमा तयार गर्नेछ ।

३) आधुनिक विज्ञान-प्रविधि र वैज्ञानिकहरूको विकासमा जोड दिएर सुरक्षाप्रविधि स्वदेशमै उत्पादन गर्नेछ ।

४) जन्मभूमिको स्वाधीनतालाई केन्द्रमा राखेर आमजनतालाई देशको रक्षकमा रूपान्तरण गर्ने चेतनाको विकास गर्नेछ ।

**६) कानुनी विशेषता**

१) वैज्ञानिक समाजवादी राज्यको अवधारणाअनुसार समाजवादी मूल कानुन निर्माण गरिनेछ ।

२) केन्द्रदेखि स्थानीय (गाउँ) तहसम्म कानुनी व्यवस्थाअनुसारका न्यायालयहरू निर्माण गरिनेछ ।

३) हरेक कानुनहरू नागरिकहरूको सुविधालाई केन्द्रमा राखेर निर्माण गरिनेछन् ।

४) हरेक नागरिकका लागि न्याय निःशुल्क एवम् सर्वसुलभ हुनेछ ।

**७) अन्तर्राष्ट्रिय नीति**

१) वैज्ञानिक समाजवादी राज्यले सबै मित्र एवम् छिमेकी देशहरूसँग पञ्चशीलको सिद्धान्तका आधारमा मैत्री सम्बन्ध कायम गर्नेछ ।

२) भारतसँग विगतमा गरिएका असमान सन्धि-सम्झौताहरू खारेज गर्नेछ ।

३) विश्वभरका श्रमिक जनताको न्यायपूर्ण सङ्घर्षलाई सहयोग गर्ने नीति अवलम्बन गर्नेछ ।

४) भूमण्डलीकृत पुँजीवादले विश्वका कुनै पनि देशमा गर्ने राजनीतिक, आर्थिक, सैनिक, सांस्कृतिक अतिक्रमण र हस्तक्षेपको विरोध गर्नेछ ।

५) विश्वमा न्याय, समानता, मानवता, स्वतन्त्रता, शान्ति एवम् समृद्धिका पक्षमा सहकार्य गर्नेछ ।

**८) शैक्षिक र स्वास्थ्यका विशेषताहरू**

१) वैज्ञानिक समाजवादले शिक्षा र स्वास्थ्यलाई राज्यले आफ्नो स्वामित्व एवम् दायित्वभित्र लिनेछ । यसले शिक्षा र स्वास्थ्यमाथिको वर्गीयता एवम् विविध चरित्रलाई अन्त्य गरी एकरूपता र समानतामा ल्याउनेछ ।

२) राज्यले शिक्षा र स्वास्थ्य निःशुल्क उपलब्ध गराउनेछ । हरेक नागरिकले आफूले चाहेको शिक्षा समान रूपले हासिल गर्न पाउनेछ ।

३) शिक्षा वैज्ञानिक, प्राविधिक, जीवनोपयोगी बनाउनेछ । यसले शिक्षित बेरोजगारी एवम् अदक्षतालाई समाप्त पारिदिनेछ । साथै इतिहास र नैतिक शिक्षालाई पनि अनिवार्य बनाइनेछ ।

**९) प्राकृतिक साधन-स्रोत**

१) वैज्ञानिक समाजवादले देशको प्राकृतिक स्रोत-साधनको अध्ययन, अनुसन्धान, संरक्षण र परिचालन गर्दै अधिकतम् रूपले आफ्नै उन्नति, समृद्धिका लागि सदुपयोग गर्नेछ ।

२) प्राकृतिक स्रोत-साधनमाथि स्थानीय जनताको अधिकार सुनिश्चित गर्दै उनीहरूको हित र उन्नतिका लागि उपयोग गर्नेछ ।

३) देशको प्राकृतिक स्रोत-साधनको असुरक्षित, अनियन्त्रित एवम् अराजक दोहन गर्न प्रवेश गर्ने विदेशी निगम पुँजीवादी एवम् एकाधिकार पुँजीवादीहरूलाई रोक्नेछ । लगानी भित्र्याउनुपरेमा राष्ट्रहित हुने गरी उनीहरूलाई नियमन गर्नेछ ।

**१०) विज्ञान र प्रविधि**

१) वैज्ञानिक समाजवादले विज्ञान र प्रविधिको अध्ययन, अनुसन्धान र प्रयोगलाई राज्यको दायित्वभित्र राखेर विकास गर्नेछ ।

२) विज्ञान र प्रविधिको विकासद्वारा आमनागरिकको चेतना निर्माण, आर्थिक उत्पादन, सामाजिक रूपान्तरण र राष्ट्रहितको रक्षा गर्न विशेष जोड दिनेछ ।

३) विज्ञान र प्रविधिलाई आमनागरिक, विशेषतः नयाँ पिँढीका लागि अनिवार्य अनुसरणको विषय बनाउनेछ ।

**११) पर्यावरण संरक्षण**

१) वैज्ञानिक समाजवादले स्वच्छ प्राकृतिक पर्यावरणलाई मानव जीवनको अभिन्न पक्ष बनाउँछ । यसले कृत्रिम तरिकाले वा मानव क्रियाकलापबाट हुने वातावरणीय प्रदूषणलाई रोकेर जीवनमैत्री बनाउनेछ ।

२) पर्यावरणीय समस्या विश्वव्यापी समस्या भएकाले जुनजुन राष्ट्र यसको संरक्षण र शुद्धताका पक्षमा उभिन्छन् उनीहरूसँग सहकार्य गर्दै विश्वपर्यावरणको संरक्षणका पक्षमा कार्य गर्नेछ ।

**१२) सूचना-सञ्चार**

१) वैज्ञानिक समाजवादले सूचना-सञ्चारलाई हरेक नागरिकको मौलिक अधिकारका रूपमा सुनिश्चित गर्नेछ ।

२) हरेक नागरिकका लागि सूचना प्रवाह गर्ने र प्राप्त गर्ने समान आधिकारको व्यवस्था गरिनेछ ।

३) सूचना प्रवाह गर्दा तथ्यमा आधारित हुनुपर्ने नियम कडाइपूर्वक लागू गरिनेछ ।

४) तथ्यहीन, आधारहीन, व्यक्तिको चरित्रहत्या गर्ने, छाडा, अश्लील समाचार एवम् सूचना प्रवाह र प्रचार गर्न रोक लगाइनेछ ।

५) राज्य र जनतालाई क्षति पुग्ने कुनै पनि सूचना र समाचार प्रचार गर्न पाइनेछैन ।

७) सम्भावना र परिणाम

नेपालको अर्थराजनीतिक सङ्कटलाई निकास दिने मुख्यतः तीनवटा सम्भावना एवम् परिणाम देखिन्छन् । पहिलो, देश वैज्ञानिक समाजवादी व्यवस्थामा प्रवेश गर्नेछ । दोस्रो, संसदीय व्यवस्थामै चक्कर मार्न पुग्नेछ । तेस्रो, राजतन्त्रसहितको संसदीय व्यवस्थामा फर्किनेछ ।

पहिलो सम्भावनामा राज्य र सबै राजनीतिक पार्टीहरूले जनताको चाहनालाई आत्मसाथ गर्नेछन् । पुँजीवाद कि वैज्ञानिक समाजवाद भन्ने मुद्दामा जनमतद्वारा फैसला गर्ने सहमति बन्नेछ । जनमत लिनका लागि राजनीतिक सभा, राजनीतिक परामर्श सम्मेलन वा समीक्षासभा आयोजना हुनेछ । त्यसबाट सहमति भएअनुसार प्रगतिशील संयुक्त सरकार बन्नेछ । त्यसैको नेतृत्वमा जनमतसङ्ग्रह हुनेछ र दलाल पुँजीवादी सत्ता एवम् संसदीय व्यवस्थाको अन्त्य भएर वैज्ञानिक समाजवाद आउनेछ । यस मोर्चामा देशभक्त शक्ति, प्रगतिशील लोकतन्त्रवादी र नेपाली सेना पनि सहकार्यमा आउनेछन् । यो सम्भावना वास्तविकतामा बदलियो भने नेपालले यो शताब्दीमै नयाँ सभ्यतातिर प्रवेश गर्ने अवसर प्राप्त गर्नेछ । देश साँच्चै नै श्रमिक जनताको हातमा आउनेछ । यहाँका सारा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सम्बन्धहरू वैज्ञानिक समाजवादी सिद्धान्तअनुसार खडा हुनेछन् । देशमा शोषण, विभेद, उत्पीडन, दमन, विद्रोह समाप्त हुँदै जानेछन् । मुठीभर दलाल पुँजीपति वर्गबाहेक सबै नागरिकले नौलो र उत्तम जीवन प्राप्त गर्नेछन् । नेपाल नयाँ युगमा प्रवेश गर्नेछ । विश्व-मानवइतिहासमा एउटा नयाँ आयाम थप हुनेछ ।

दोस्रो सम्भावना राज्यले जनचाहनालाई स्वीकार गर्नेछैन । राजनीतिक पार्टीहरूका बीचमा पनि सहमति जुट्न सक्नेछैन । दलाल पुँजीपति वर्गका प्रतिनिधिहरू अग्रगमनका विरुद्धमा आउनेछन् । प्रगतिशील संयुक्त सरकार बन्नेछैन र जनमतसङ्ग्रह पनि हुनेछैन । देशमा दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था नै कायम रहनेछ । संसदीय चुनाव हुनेछ । पार्टी कोही सरकारमा, कोही प्रतिपक्षमा रहनेछन् । देश अहिलेको भन्दा पनि अस्थिरतामा भासिनेछ । आर्थिक अवस्था झन् बिग्रिएर जानेछ । विदेशी हस्तक्षेप र अतिक्रमण बढ्नेछ । देशमा दलालहरूको जगजगी हुनेछ र चौतर्फी सङ्कट पैदा हुनेछ । जनताले सङ्कटको निकास अर्को बाटो अर्थात् विद्रोहको बाटोबाट खोज्नु पर्नेछ ।

आधारभूत रूपले यही व्यवस्था रहेर पनि कार्यकारी प्रणालीमा परिवर्तन हुने सम्भावना पनि आउन सक्छ । कार्यकारी प्रणाली परिवर्तन भएमा यहाँ संसदीय व्यवस्था त रहनेछैन तर वैज्ञानिक समाजवादी व्यवस्था पनि आउनेछैन । बीचबाट संविधान संशोधन गर्दै शासकीय प्रणालीसम्म परिवर्तन हुनेछ । कार्यकारी प्रमुख (राष्ट्रपति वा प्रधानमन्त्री) प्रत्यक्ष निर्वाचनबाट आउने प्रणाली लागू हुनेछ । यो विकल्पमा पुगेपछि केही समय स्थिरताको अनुभवजस्तो हुनेछ तर यसले सत्ता र वर्गविभेदको अवस्थालाई परिवर्तन गर्न सक्नेछैन । कार्यकारीको रूपले दलाल पुँजीपति वर्गको स्वेच्छाचारिता एवम् लुटखसोटलाई समाधान दिनेछैन । यो केही समयमै उदाङ्गो हुनेछ र जनताले वैज्ञानिक समाजवादको विकल्पमा पुनः जानै पर्नेछ ।

तेस्रो झिनो सम्भावना नेपालमा कुनै तरिकाले राजतन्त्र पुनर्स्थापना हुनेछ । कुनै कार्यकारी अधिकार नहुने भए पनि नेपालमा एक तहको पश्चगमन हुनेछ । सम्भव भएसम्म दलाल पुँजीपति वर्ग र संसद्वादको एउटा हिस्सालाई राजतन्त्रसँग साझेदारीमा लगिनेछ । यसबाट नेपाली श्रमिक जनताले राजनीतिक अधिकारको त कुरै नगरौँ, प्रगतिशील शक्तिसम्मले पनि केही फाइदा पाउने छैनन् । फेरि पनि फाइदा दलाल पुँजीपति वर्ग र विदेशी मालिक वर्गले नै लिनेछन् । नेपाल पुनः नयाँ खालको ध्रुवीकरण र सङ्घर्षको चरणमा प्रवेश गर्नेछ ।

सारसङ्क्षेपमा भन्दा सत्ता र व्यवस्थामा पैदा हुने सङ्कट मूल सङ्कट हो । यसले जसरी राज्यभित्रका सारा सम्बन्धमा प्रभाव पार्दछ ठीक त्यसैगरी सबै वर्ग, शक्ति र प्रवृत्तिहरूलाई पनि प्रभाव पार्दछ । उनीहरू आआफ्नो दृष्टिकोणअनुसार चलखेल गर्न र सक्रिय हुन्छन् । सङ्कटको बेला कुन प्रवृत्तिले शक्ति हत्याउँछ वा नियन्त्रण गर्छ भन्ने कुनै निश्चितता हुँदैन । परन्तु सबै वर्ग र प्रवृत्ति बराबर प्रभावकारी र सफल हुन सक्दैनन् । त्यसैगरी सबै सम्भावनाहरू पनि समान हुँदैनन् । तीमध्ये एउटा वर्ग, प्रवृत्ति र सम्भावना मुख्य भएर अगाडि आउँछ ।

नेपाली जनताको ऐतिहासिक चरित्र एवम् वर्तमान चाहनाअनुसार कम्युनिस्ट पार्टी, सर्वहारा वर्ग एवम् वैज्ञानिक समाजवादको सम्भावना प्रमुख देखिन्छ । राजतन्त्रात्मक संसदीय व्यवस्था लामो प्रयोगबाट असफल भई समाप्त भइसकेकाले कुनै अनिष्टकारी दुर्घटना विशेषतः विदेशी हस्तक्षेपको आडमा बाहेक त्यो फर्किने सम्भावना छैन । त्यसैगरी २००७ सालदेखि २०१७ सालसम्म दस वर्षको शासन र २०४६ देखि २०७८ सम्म तीस वर्षको शासन, जम्मा चालीस वर्षको संसदीय व्यवस्थाको शासन र निरन्तर असफलताका कारण विभिन्न षड्यन्त्रद्वारा टिक्नेबाहेक जनसमर्थनमा यसको सफलता र निरन्तरता असम्भव छ । परन्तु वैज्ञानिक समाजवादी व्यवस्था अब कुनै सिद्धान्तको विज्ञले मात्र बुझ्ने विषयबाट आमजनताले व्यवहारतः पनि आवश्यक ठान्ने र छान्ने विषय बनेको छ । यसबाट भन्न सकिन्छ- ऐतिहासिक आवश्यकता, जनताको समर्थन, कम्युनिस्ट पार्टीको भूमिका र पहल सबैबाट वैज्ञानिक समाजवादको विकल्प र सम्भावना नै मुख्य देखिन्छ ।

**निष्कर्ष**

समाज जब जागरण र रूपान्तरणको उच्च चरणमा पुग्छ, पुरानोको विघटन र नयाँको सङ्घटन, पुरानो पतन र नयाँको उत्थान, पुरानोको अस्त र नयाँको उदय अनिवार्य आवश्यकता बन्न पुग्छ तब यस्तो बहसमा एक-दुई वा केही व्यक्ति र समूह मात्र होइन, सिङ्गो समाज नै हेलिन पुग्छ । नेपाल अहिले त्यस्तै युगान्तकारी बहसमा सहभागी बनिरहेको छ । बहसको विषय छ- वैज्ञानिक समाजवाद कि पुँजीवाद-संसद्वाद ?

दलाल पुँजीवादले जति लोकतन्त्र, संविधानवाद, संसद्वादको चर्चा गरे पनि यसले अभूतपूर्व असफलता र सङ्कट भोग्नु परिरहेको छ । जति स्थिरता र शान्तिको डङ्का पिटे पनि अस्थिरता र विद्रोहको सामना गर्नु परिरहेको छ ।

नेपालमा सङ्कटको कारणबारे अनेकौँ विचारविमर्श भइरहेका छन् । विभिन्न पक्षहरू पनि छन् तथापि दलाल पुँजीवादी अर्थराजनीतिक सम्बन्ध र जनताको वैज्ञानिक समाजवादी चाहनाबीचको अन्तरविरोध र सङ्घर्ष नै यो सङ्कटको मुख्य कारण हो ।

सङ्कटको निकासबारे पनि फरकफरक धारणाहरू व्यक्त भएका छन् । विविध वर्गहित र वर्गदृष्टिअनुसार धारणाहरू देखा पर्नु स्वाभाविक भए पनि सङ्कटको जनवादी, अग्रगामी, क्रान्तिकारी निकास वैज्ञानिक समाजवादी व्यवस्था नै हो ।

देश कुन दिशामा बढ्ला भन्ने सन्दर्भमा विविध सम्भावनाहरू छन् तर जनचाहना र तथ्यहरूले मार्गनिर्देश गर्ने सम्भावना वैज्ञानिक समाजवाद नै हो । भूमण्डलीकृत पुँजीवादी चलखेल र दलाल पुँजीवादी संसद्वादीहरूका जालझेलका कारण संसदीय व्यवस्थामा घुम्ने, अझ त्योभन्दा पछि फर्किने सम्भावना पनि आउँदैन भनेर भन्न सकिँदैन परन्तु संसदीय व्यवस्थाको निरन्तरताले स्वयम् भित्र हुर्किरहेको राजनीतिक, आर्थिक, सांस्कृतिक अन्तरविरोध र सङ्कटलाई सुल्झाउनेछैन, बरु नयाँ रूपमा झन् विस्फोटक बनाइदिनेछ ।

आज नेपालमा दशकौँदेखि चलेका वर्गसङ्घर्ष, राजनीतिक सङ्घर्ष, सशस्त्र विद्रोह, जनयुद्ध, एकीकृत जनक्रान्ति र जनताको परिवर्तनकारी चाहनाको विशिष्ट वस्तुस्थितिमा शान्तिपूर्ण जनमतद्वारा दलाल पुँजीवादी सत्तालाई वैज्ञानिक समाजवादमा रूपान्तरण गर्न सकिने सम्भावना देखापरेको छ । त्यस युगान्तकारी रूपान्तरणलाई पूरा गर्ने पुलको भूमिका जनमतसङ्ग्रहको कार्यनीतिक कार्यक्रमले गर्न सक्छ । राज्य यो रूपान्तरणको सम्भावनाप्रति उत्तरदायी बन्ने वा जनतालाई विद्रोहका लागि बाध्य पार्ने उसैको हातमा छ । नेपालमा वैज्ञानिक समाजवादले अहिले नै जन्म लेला वा देश अझै एउटा सङ्क्रमणबाट गुज्रिनुपर्ला, फैसला भइसकेको छैन तर जनताले अपेक्षा गरेको अग्रगामी, जनवादी, परिवर्तनकारी, क्रान्तिकारी निकास वैज्ञानिक समाजवाद नै हो र त्यो एक दिन आइछोड्नेछ भन्नेचाहिँ निश्चित छ ।

नेपाली जनमतको भार वैज्ञानिक समाजवादतिर ढल्किसक्दा पनि एकथरी मान्छेहरू बैरागै लाग्ने गरी पुँजीवादको जुवाबाट बाहिर आउन मानिरहेका छैनन् । उनीहरूलाई निजी स्वार्थले सजिएको जुवामुनि जोतिने आदत परिसकेको छ, 'स्वर्ग' लैजाने दया देखाउँदा पनि दुर्गन्धित नालीको माग राखेर परेसान गरिरहेका छन् । तथापि वैज्ञानिक समाजवादका मौलिक एवम् उन्नत विशेषताहरू नै यस्ता छन्, पुँजीवादी संसदीय व्यवस्थाले जति नै छलछाम, तिकडम, षड्यन्त्र गरे पनि आफ्नो असफलता जोगाउन सक्नेछैन । उदाउँदै गरेको बिहानीलाई घनघोर रातले ठाउँ छोड्नु परेजस्तै पुँजीवादी सत्ता र संसदीय व्यवस्थाले वैज्ञानिक समाजवादका लागि आफ्नो ठाउँ छोड्नैपर्छ । आउनुस्, धर्तीमा सभ्यता रोप्ने श्रमिक नागरिकहरू, मजदुर, किसान, बुद्धिजीवी, महिला, दलित, उत्पीडित समुदायहरू, नेपाली क्षितिजमा जगमगाउँदै उदाउन खोजिरहेको वैज्ञानिक समाजवादी सभ्यतालाई स्वागत गर्न अँगालो फैलाएर अघि बढौँ ।

# कर्णालीका सङ्गठनहरूद्वारा मूल्यवृद्धि खारेज गर्न माग

**काठमाडौँ ।** कर्णाली प्रदेशमा क्रियाशील विद्यार्थी सङ्गठनले जनजीविका र जनतन्त्रको रक्षाका साथै सरकारले गरेको चर्को मूल्यवृद्धि, प्रदेशस्थित राजमार्ग स्तरोन्नति, कर्णाली प्रदेश अस्पताल स्तरोन्नतिको माग गरेका छन् । संयुक्त विज्ञप्ति जारी गर्दै अखिल (क्रान्तिकारी), समाजवादी विद्यार्थी युनियन, वैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठन र अखिल क्रान्तिकारीसहित चार सङ्गठनले यस्तो माग गरेका हुन् ।

पाँचबुँदे विज्ञप्तिमा भनिएको छ, 'पेट्रोलियम पदार्थ र ग्याँसमा भएको चर्को मुल्यवृद्धिले सबैभन्दा बढी मर्कामा दुर्गम र कर्णाली प्रदेशका जनता परेका छन् । आज खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको मूल्य दिन दुईगुणा, रात चौगुणाका दरले बढोत्तरी भएर जनताको बाँच्न पाउने अधिकार नै खोसिएको छ । पटकपटक पेट्रोलियम पदार्थ र ग्याँसमा गरिएको मूल्यवृद्धि खारेज गरी बढ्दो महँगी र कालोबजारी नियन्त्रण गर्न राज्यसँग जोडदार माग गर्दछौँ । साथै राज्यको यो शोषणकारी रबैयाका विरुद्ध सशक्त सडक सङ्घर्षमा आउन सम्पूर्ण विद्यार्थी र आम न्यायप्रेमी जनसमुदायमा हार्दिक अपिल गर्दछौँ । कर्णालीका विद्यार्थीलगायत यस क्षेत्रका सम्पूर्ण न्यायप्रेमी जनसमुदायको सङ्घर्षबाट मध्यपश्चिम विश्वविद्यालय स्थापना गरिएको कुरा सर्वविदितै छ तर आज विश्वविद्यालयको चर्को शुल्क र विभिन्न विकृति-विसङ्गतिका कारण कर्णालीका मजदुर-किसान र आमजनताका छोराछोरीले पढाइबाट वञ्चित हुनुपर्ने अवस्था उत्पन्न भएको छ । यस विषयमा विश्वविद्यालय प्रशासन र सम्बन्धित निकायलाई सचेततापूर्वक गम्भीर ध्यानाकर्षण गराउँछौँ । विश्वविद्यालयको रबैयाप्रति सम्पूर्ण विद्यार्थी र यस क्षेत्रका सरोकारवाला सबै मप विश्वविद्यालय निर्माणको नयाँ सङ्घर्षमा अगाडि बढ्न अपिल गर्दछौँ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'कर्णाली प्रदेशका जनताले अझैसम्म कोरोना खोप पाउन सकिरहेका छैनन् । छिटोभन्दा छिटो सम्पूर्ण नागरिकलाई कोरोना खोपको व्यवस्था गर्न सरकारसँग जोडदार माग गर्दछौँ । दुर्घटनाबाट जनताको जीवनको रक्षा गर्न र जामबाट उन्मुक्ति पाउन कर्णाली राजमार्गको स्तरोन्नतिका लागि सरकारसँग जोडदार माग गर्दछौँ । कर्णाली प्रदेशका जिल्लाहरूमा आज पनि जनताले सहजै सामान्य स्वास्थ्य उपचार पाउन सकेका छैनन् । जनताको स्वास्थ्यप्रति गम्भीर बन्न र कर्णाली प्रदेश अस्पतालमा आवश्यक चिकित्सकसहित स्तरोन्नतिका लागि प्रदेश सरकारसँग जोडदार माग गर्दछौँ ।'

# सबैखाले अवसरवाद र छद्म संशोधनवादसँग विद्रोह गर्दै पार्टी पुनर्गठनको औचित्य साबित भएको छ : रणवीर

**मन्थली (रामेछाप ।**

नेकपाका केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली जिल्ला इन्चार्ज भरत बम 'रणवीर' ले कम्युनिस्ट नाउँका पार्टीहरूमा प्रवेश गरेको अवसरवाद, संशोधनवाद, छद्म संशोधनवाद, पलायन र गद्दारीका विरुद्ध विद्रोहको झन्डा बोकेको नेकपाको पुनर्गठनको औचित्य साबित भइसकेको बताएका छन् । आठौँ पार्टी पुनर्गठन दिवसका प्रमुख अतिथिका रूपमा चियापान तथा अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै नेता रणवीरले भने, 'कम्युनिस्ट नाउँधारी पुराना सत्ताधारीहरूले प्रतिबन्ध लगाउनु, हत्या गर्नु र फेरि सत्तामा राजनीतिक सङ्कट छ भनेर स्वीकार गरी प्रतिबन्ध हटाउनुले नेकपाको पुनर्गठनको औचित्य साबित गरिसकेको छ ।'

श्रमिक जनताका नाउँमा चुनावमा जाने र सरकारमा पुग्ने तर जनताको मत र विचारलाई दुरूपयोग गर्ने नाउँधारी नक्कली कम्युनिस्टहरूसँग विद्रोह गरेर नेकपा पुनर्गठन गरेको स्मरण गराउँदै नेता रणवीरले एकीकृत जनक्रान्तिको कार्यदिशा विकास गरेर नेकपाले वैज्ञानिक समाजवाद स्थापना गर्न लागेकाले श्रमिक जनतालाई निराश नहुन आह्वान गरे । उनले भने, 'मानिसले आफ्ना लागि बनाएको निर्जीव पुँजीले मानिसलाई नै शासन गरेको छ । यसलाई उल्ट्याउनु अत्यावश्यक छ । यो उल्टिनेबित्तिक्कै समाजवाद स्थापना हुन्छ । दलाल पुँजीवाद मरणोन्मुख अवस्थामा रहेकाले छिट्टै नै वैज्ञानिक समाजवाद स्थापना हुन्छ । हामी सबै मिलेर यो मक्किइसकेको पुँजीवादलाई एक धक्का दिऊँ ।'

प्रगतिशील संयुक्त सरकार गठन गरी जनमतसङ्ग्रह गराएरै दलाल पुँजीवादलाई समाप्त पारेर वैज्ञानिक समाजवाद स्थापना गर्न सकिने विश्वास नेता रणवीरले व्यक्त गरे ।

नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले पार्टी पुनर्गठन दिवसको औचित्य र सार्थकतासम्बन्धी विषयवस्तु प्रस्तुत गरेपछि अन्तरक्रियामा सहभागी अतिथि वक्ताहरूले आआफ्ना धारणा राखेका थिए । पुष्पलालले कम्युनिस्ट पार्टी स्थापना गरेदेखि जनयुद्ध र एकीकृत जनक्रान्ति आरम्भ हुँदासम्म मुलुकले मुक्ति र समानताका नाउँमा धेरै आन्दोलन, सङ्घर्ष, युद्ध र विद्रोह झेले पनि क्रान्तिका अगुवाहरू दलाल पुँजीवादी सत्तामा बिक्री भएकाले जनताले बारम्बार क्रान्तिमा लामबद्ध हुनुपरेको धारणा राख्दै सुवेदीले जनयुद्धका नायक भनिएकाहरू पनि क्रान्तिको बाटो परित्याग गरेर दलाल सत्तामा डुबेपछि नेकपाले सचेत रूपमा विद्रोह गरी क्रान्तिको झन्डा उठाएको प्रस्ट्याएका थिए ।

अन्तरक्रियामा नेकपा एकीकृत समाजवादी रामेछापका अध्यक्ष तथा मन्थली नगरपालिकाका मेयर रमेश बस्नेत, माओवादी केन्द्रका मीनप्रसाद घिमिरे, पत्रकार महासङ्घ रामेछापका अध्यक्ष बद्री नयाँघरे, महासङ्घका पूर्वअध्यक्ष हिमाल ढुङ्गेल, व्यवसायी अर्जुन कटुवाललगायतले पार्टी पुनर्गठन दिवसका अवसरमा शुभकामना दिएका थिए ।

नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठको अध्यक्षता/सञ्चालनमा सम्पन्न कार्यक्रममा नेकपा रामेछापका पूर्वसेक्रेटरी यमन बस्नेत 'गुन्जन' ले अतिथिको स्वागत गरेका थिए । पार्टी पुनर्गठन दिवसका अवसरमा पार्टी इन्चार्ज, सेक्रेटरी, अतिथि, जिल्ला समिति सदस्यहरू, विभिन्न जवस र मोर्चाका पदाधिकारी, सदस्यहरू र पत्रकार सबैले एकआपसमा अबिर लगाएर शुभकामना आदानप्रदान गरेका थिए ।

# नेपाल कम्युनिस्ट पार्टी उदयपुरले ८ औँ पार्टी पुनर्गठन दिवस मनायो

**उदयपुर ।** नेकपा उदयपुरले सदरमुकाम गाईघाटमा पार्टीको आठौँ पुनर्गठन दिवस भव्य रूपमा सम्पन्न गरेको छ । कार्यक्रमको पूर्वसन्ध्यामा गाईघाटको पीपलचोकबाट र्‍याली निकाली बजार परिक्रमा गरेर पीपलचोकमा कोणसभा गरिएको थियो ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् उदयपुरका इन्चार्ज विवेक कुमालले मैनबत्ती बालेर गरेका थिए । सहिद परिवारलाई प्रमुख अतिथि र अतिथिबाट खादा ओढाई सम्मान गरिएको थियो ।

उक्त कोणसभालाई सम्बोधन गर्दै जिल्ला इन्चार्ज कुमालले भने, 'नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको रक्षा, विकास र जनक्रान्तिलाई गुणात्मक गति दिनका लागि गरिएको ऐतिहासिक दिन हो । यो आत्मसमर्पणवाद, विसर्जनवाद, नवसंशोधनवाद, अवसरवाद, अकर्मण्यतावाद र छद्म संशोधनवादमाथिको सैद्धान्तिक एवम् राजनीतिक विजय थियो । जनयुद्ध सञ्चालन गरेका नेताहरू असफल भएर संसद्वादमा पतन भएपछि क्रान्तिकारीले उठाएको क्रान्ति र विद्रोहको झन्डा थियो । क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको रक्षा र नयाँ आधारमा पुनर्सङ्गठित विद्रोह थियो ।'

पार्टी पुनर्गठनपछि नेकपाले तय गरेको कार्यदिशा, नीति र कार्यक्रमले पार्टी र अन्दोलनलाई देश, जनता र श्रमिक वर्गको मुक्तिको दिशातिर लगेर पुनर्गठनलाई व्यावहारिक रूपमै सफल पारेको उनले बताए ।

जिल्ला सेक्रेटरी लक्ष्मणले दलाल संसदीय व्यवस्थाले जबर्जस्ती थोपरेको व्यवस्था अब जनताले नस्वीकार्ने र यसको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था खोजिरहेको बताए । देशमा जस्तासुकै समस्या आए पनि नेपाल कम्युनिस्ट पार्टी पछि नहट्ने र जनताको मुक्तिका लागि निरन्तर लागिराख्ने बताए ।

कार्यक्रमको अध्यक्षता नेपाल कम्युनिस्ट पार्टी उदयपुरका सदस्य तथा कटारी नगरपालिका इन्चार्ज अमृत खत्रीले र सञ्चालन उदयपुर जिल्ला कार्यालय सचिव दुर्गा तामाङले गरेका थिए । कार्यक्रमका विशेष अतिथिमा उदयपुर जिल्ला सेक्रेटरी लक्ष्मण पौड्याल र अतिथिमा जनवर्गीय सङ्गठनका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष थिए ।

# अखिल नेपाल शिक्षक सङ्गठन रोल्पाको सम्मेलन सम्पन्न

**लिबाङ ।** अखिल नेपाल शिक्षक सङ्गठन रोल्पाको ८ औँ जिल्ला सम्मेलन लिबाङमा सम्पन्न भएको छ । शनिबार सम्पन्न भएको सम्मेलनले प्रेमबहादुर ओलीलाई सर्वसम्मत अध्यक्षमा चयन गर्दै २७ सदस्यीय नयाँ जिल्ला सङ्गठन समिति गठन गरेको छ ।

संगठनको उपाध्यक्ष दामोदर केसी, भूपबहादुर केसी, धनबहादुर डीसी, सचिवमा नन्दराम राना, सहसचिव भूपेन्द्रप्रकाश ओली र अञ्जली गुरुङ, कोषाध्यक्ष धर्मेन्द्र रोकालगायत चयन भएका छन् ।

उद्घाटन कार्यक्रमलाई प्रमुख अतिथि अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय अध्यक्ष तथा कालिका मावि बुटवलका निवर्तमान प्रधानाध्यापक घनश्याम पाठकले सम्बोधन गरेको थिए । विशिष्ट अतिथिमा अखिल नेपाल शिक्षक सङ्गठन प्र्याक्सन इन्चार्ज तथा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य भेजराज भुसाल, पार्टीका केन्द्रीय सदस्य तथा रोल्पा जिल्ला इन्चार्ज सुवास, पार्टीका केन्द्रीय सदस्य तथा प्युठान जिल्ला इन्चार्ज जागृति रहेका थिए ।

अन्य अतिथिमा विशेष समिति सदस्य सन्तोष सुवेदी 'प्रयास', एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन रोल्पा जिल्ला अध्यक्ष मधुसूदन पोखेल, पार्टी रोल्पा जिल्ला सेक्रेटरी दिनेशविक्रम चन्द, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य प्रदीप कुँवर र जिल्ला अध्यक्ष हरि वली थिए ।

प्रमुख अतिथि घनश्याम पाठकले पञ्चायत व्यवस्थादेखि बहुदलीय हुँदै गणतन्त्र आउँदासम्म शिक्षकका मागहरू राज्यले पूरा गर्न नसकेको बताए । शैक्षिक आन्दोलन र मुद्दाहरू अहिलेको राज्यसत्ताले समाधान गर्न नसकेकाले यसका पक्षमा आफ्नो सङ्गठन निरन्तर सङ्घर्ष गर्ने उद्घोष गरे । शिक्षालाई वैज्ञानिक र व्यावहारिक बनाउन तथा शिक्षकका समस्या समाधान गर्न वर्तमान राज्यव्यवस्था असफल भएको उनको भनाइ थियो । अब वैचारिक धरातलबाट शिक्षकहरूले पनि यो व्यवस्थाको विकल्प खोज्नुपर्ने आवश्यकता उनले औँल्याए ।

विशिष्ट अतिथि पार्टीका केन्द्रीय सदस्य तथा प्युठान जिल्ला इन्चार्ज जागृतिले समाजको सबैभन्दा विश्वासिलो पात्र शिक्षक भएको बताए । विगतको राजनीतिक इतिहासमा शिक्षकले परिवर्तनकारी भूमिका निर्वाह गरेको स्मरण गराउँदै उनले अन्य सङ्घसङ्गठनका शिक्षक सत्ताको पृष्ठपोषण गर्ने मात्र काम गरेकाले अखिल नेपाल शिक्षक सङ्गठनले शैक्षिक क्षेत्रमा देखिएका तमाम समस्यालाई हल गर्न अग्रपङ्क्तिमा रहेर काम गर्न अनुरोध गरे । अहिले नेकपा माओवादी केन्द्र निरपेक्ष पार्टी एकताको कुरा गरिरहेको उनले बताए । एकता केका, लागि किन र कसरी यी सबै कुराको निर्क्योल नगरीकन यही दलाल संसदीय व्यवस्था स्वीकारेर एकताको सम्भावना नरहेको उनले बताए ।

# नेपाल कम्युनिस्ट पार्टी नवलपरासीले मनायो पार्टी पुनर्गठन दिवस

**बर्दघाट ।** नेपाल कम्युनिस्ट पार्टी नवलपरासीले ८ औँ पार्टी पुनर्गठन दिवस मनाएको छ । पार्टीले विविध कार्यक्रम गरी पार्टी पुर्नगठन दिवस मनाएको हो ।

नेकपा नवलपरासीका सेक्रेटरी धीरजको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य एवम् नवलपुर/नवलपरासी इन्चार्ज शरद ओलीको थिए ।

कार्यक्रममा प्रमुख अतिथि ओलीले नेपाल कम्युनिस्ट पार्टी पुँजीवादी दलाल र भ्रष्टाचारीलाई तह लगाउन जन्मिएको बताए । पार्टीका नेता-कार्यकर्ता अन्यायको अन्त्य र देश विकासका लागि रातदिन नभनी हिँडिरहेका छन् । यो पार्टीले वैज्ञानिक समाजवाद स्थापन गरेरै छोड्छ ।'

उनले ८ औँ पार्टी पुनर्गठन दिवसका अवसरमा सबैलाई शुभकामना दिएका थिए ।

जिल्ला सेक्रेटरी धीरजले एकीकृत जनक्रान्तिको बाटोमा लाग्न सम्पूर्ण जनसमुदायलाई प्रेरित गर्दै र जिल्लामा पार्टी विस्तार भइरहेको जानकारी गराउँदै पार्टी पुनर्गठन दिवसको शुभकामना व्यक्त गरेका थिए । पार्टीको सक्रियता देखेर देखेर दलालहरू आत्तिएको प्रस्ट पार्दै उनले वैज्ञानिक समाजवाद स्थापना गर्न जनमतसङ्ग्रह गर्नुपर्ने धारणा पनि राखे ।

अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य तथा नवलपरासी जिल्ला इन्चार्ज विकल्पले भने, 'हामी कमरेड चेजस्तो बन्नुपर्छ, कन्हैया कुमारजस्तो होइन ।' उनले सबैलाई एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्ध भएर लाग्न पनि अनुरोध गरे ।

कार्यक्रममा उपस्थित पार्टीका नेता-कार्यकर्ता, युवा, विद्यार्थी, विभिन्न राजनीतिक दलका प्रतिनिधि र जनसमुदायले एकअर्कालाई शुभकामना आदानप्रदान गरी नेकपा पुनर्गठन दिवस मनाएका थिए । कार्यक्रमको सञ्चालन नेकपा नवलपरासीका जिल्ला समिति सदस्य प्रतापले गरेका थिए ।

# सुदर्शनले प्रचण्डलाई भने– फरक आस्था राखेकै कारण हाम्रा कार्यकर्तालाई किन बन्दी बनाइयो ?

**काठमाडौँ ।** माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपाका केन्द्रीय सचिवालय सदस्य सुदर्शनबीच भेटवार्ता भएको छ ।

काठमाडौँमा सोमबार भएको उक्त भेटवार्तामा नेकपा नेता सुदर्शनले माओवादी केन्द्रसहितको सरकारले फरक राजनीतिक आस्था राखेकै कारण आफ्नो पार्टीका नेता-कार्यकर्तालाई बन्दी बनाएको भन्दै आफ्नो पार्टीका नेता-कार्यकर्ता तत्काल रिहा हुनुपर्ने बताएका थिए । भेटमा सुदर्शनले प्रचण्ड-केपी सरकारका पालामा आफ्नो पार्टीमाथि प्रतिबन्ध लगाइएको र सोही सरकारकै पालामा ३ बुँदे सहमति भए पनि उक्त सहमति लागू गर्ने कुरामा सरकारले विलम्ब गरेको भन्दै यसले आमकार्यकर्ता र जनतामा राम्रो सन्देश प्रवाह नभएको बताए ।

जबाफमा प्रचण्डले तीनबुँदे सहमति कार्यान्वयन हुनुपर्छ भन्ने पक्षमा आफू रहेको र त्यसमा बन्दीहरू रिहाइका लागि बुझेर पहल गर्ने बताएका थिए ।

जनयुद्धकालमा निकै सुमधुर सम्बन्ध रहे पनि शान्तिप्रक्रिया हुँदै विप्लव नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी निर्माण भएपछि नदीका दुई किनाराजस्तै बनेका प्रचण्ड र सुदर्शनबीच निकै लामो समयपछि भेट भएको हो । भेटमा उनीहरूले नेपाली कम्युनिस्ट आन्दोलनले गति लिन नसक्नुका कारण लगायत विषयमा पनि छलफल गरेको बताइएको छ ।

# मगर मुक्ति मोर्चामा निरू थापामगर निर्वाचित

**हर्क घर्तीमगर**/बेनी (म्याग्दी)

निरू थापामगरको अध्यक्षतामा ६५ सदस्यीय नयाँ कार्यसमिति चयन गर्दै मगर मुक्ति मोर्चा नेपालको चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । समितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष सुदर्शन थापामगर, महासचिव इन्द्र घर्तीमगर, सचिव दुर्गा थापामगर र कोषाध्यक्ष भीमप्रकाश पुनमगर चयन भएका छन् ।

निर्वाचित नयाँ कार्यसमितिलाई नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर र पार्टीका केन्द्रीय सदस्य एवम् म्याग्दी, मुस्ताङ र बागलुङ इन्चार्ज विप्लवले बधाई ज्ञापन गर्दै आवश्यक निर्देशन दिएका थिए ।

मङ्सिर ८ गतेदेखि १० गतेसम्म म्याग्दीको सदरमुकाम बेनीमा सञ्चालित मोर्चाको चौथो राष्ट्रिय सम्मेलनले आगामी ३ वर्षका लागि नीति तथा कार्यक्रम पारित गर्नुका साथै नयाँ कार्यसमिति निर्वाचित गरेको हो । मोर्चाले १० बुँदे समसामयिक प्रस्तावसमेत पारित गरेको छ ।

निवर्तमान अध्यक्ष गमबहादुर श्रीसमगरलगायत ७ जना तत्कालीन केन्द्रीय समितिका सदस्यलाई सम्मेलनले बिदा गरेको छ । मोर्चाको सम्मेलनको उद्घाटन नेकपाका महासचिव विप्लवले गरेका थिए ।

# रोल्पामा युवा मार्च पास्ट

**लिबाङ**

नेपाल कम्युनिस्ट पार्टी रोल्पाले लिबाङमा पार्टीको आठौँ पुनर्गठन दिवस सम्पन्न गरेको छ । पार्टी पुनर्गठन दिवसका अवसरमा नेकपाले युवाहरूको मार्च पास्ट सम्पन्न गरेको छ ।

नेकपा रोल्पा जिल्ला सेक्रेटरी दिनेश चन्दको नेतृत्वमा युवाहरूले लिबाङ बजारमा मार्च पास्ट गरेका थिए । बजार परिक्रमा गरी नेकपाका नेता-कार्यकर्ता र युवाको र्‍याली कोणसभामा रूपान्तरण भएको थियो ।

सेक्रेटरी चन्दले पार्टी पुनर्गठन दिवसका अवसरमा शुभकामना दिँदै पुँजीवादले मानवहरूलाई बेचबिखन गरिरहेको बताए । पार्टी र व्यक्ति चुन्ने कार्य हुँदै आएकाले अब व्यवस्था चुन्ने बेला आएको उनले बताए । उनले भने, 'व्यवस्था चुन्न जनमतसङ्ग्रह गराउनु आवश्यक छ । यसका लागि जुटौँ ।'

उनले भने, 'संसदीय व्यवस्था परिवर्तनका लागि जनयुद्धको उद्घोष गर्ने जिल्ला रोल्पा हो तर नेतृत्वको कारण धोका भयो र उही संसदीय व्यवस्था जीवित रह्यो ।'

# सिराहामा पार्टी पुनर्गठन दिवसमा जनसभा

**लाहान**

नेकपा सिराहाले जनसभा आयोजना गरी आठौँ पार्टी पुनर्गठन दिवस मनाएको छ ।

प्रप्त समाचारअनुसार नेपाल कम्युनिस्ट पार्टी सिराहा जिल्लाको आयोजनमा लाहान बजारको खुला ट्राफिक चोकस्थित नयाँ बसपार्कको खुलामञ्चमा जनसभा आयोजना गरी पार्टी पुनर्गठन दिवस मनाइएको हो ।

नेकपा सिराहा-सप्तरी जिल्ला इन्चार्ज बलवानको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जिल्ला सेक्रेटरी सुशीलले गरेका थिए ।

कार्यक्रमका वक्ताहरूले दलाल पुँजीवादको समाप्तिका लागि जनमतसङ्ग्रह गर्नुपर्ने र जनमतसङ्ग्रह गराउन प्रगतिशील संयुक्त सरकार निर्माण गर्नुपर्ने धारणा व्यक्त गरेका थिए । वैज्ञानिक समाजवादको नारा र कार्यक्रम अघि सारेर नेकपाले पार्टी पुनर्गठनको औचित्य प्रमाणित गरेको वक्ताहरूको भनाइ थियो ।

# वृक्षरोपण र सरसफाइ गरेर विद्यार्थी अभियान सुरु

**गोरखा ।** विद्यार्थी जागरण अभियानअन्तर्गत अखिल (क्रान्तिकारी) गोरखाले आज गोरखा क्याम्पसको प्राङ्गणमा वृक्षरोपण तथा सरसफाइ कार्यक्रम सम्पन गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य तथा गण्डकी प्रदेश इन्चार्ज अटल शर्माले वायुमण्डल प्रदूषित हुने, ओजन तह पातलो हुने, हिमखण्ड पग्लिने र समुद्री सतह बढ्ने मात्र नभएर सम्पूर्ण ब्रह्माण्डमा नै नकारात्मक प्रभाव र कहालीलाग्दा परिणामहरू देखापरिरहेका हुनाले युवा विद्यार्थीले यसबारे गम्भीर अध्ययनअनुसन्धान गरी यसको समाधान गर्नतर्फ लाग्नुपर्ने बताए । उनले वर्तमान पर्यावरणमा देखिएको सङ्कटको कारण पुँजीवादी व्यवस्था रहेको र यसको समाधान वैज्ञानिक समाजवादले मात्र गर्नसक्ने धारणा राखे । पुँजीवादी उत्पादन प्रणालीको आधारभूत चरित्र नै पर्यावरणविरोधी हुने र पुँजीवादले मजदुरको रगत र प्रकृतिको कच्चा पदार्थ चुसेर मोटाउने भएकाले पुँजीवादको अन्त्य नै आजको पर्यावरणमा देखिएको समस्या समाधान गर्नुपर्ने बताए ।

शर्माले पुँजीवादले नाफाका लागि सबै सामाजिक र प्राकृतिक सीमा नाघ्ने भएकाले यसको विकल्प सम्पूर्ण उत्पादनका साधनहरू सामूहिक स्वामित्वमा हुने वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने धारणा पनि राखे ।

अखिल (क्रान्तिकारी) गोरखाका अध्यक्ष तथा सङ्गठनका केन्द्रीय सदस्य गगन परियारको अध्यक्षतामा आयोजित कार्यक्रमका विशिष्ट अतिथि गोरखा क्याम्पसका क्याम्पस प्रमुख रामशरण बानियाँ थिए । त्यस्तै अतिथिका रुपमा क्याम्पस जिल्ला कास्कीका उपाध्यक्ष युवराज मगर, क्याम्पस सहायक प्रमुख केशवसिंह धामीलगायत क्याम्पसका प्राध्यापकहरूको उपस्थिति थियो । कार्यक्रममा धुपी, अशोक, कल्कीलगायत विभिन्न प्रजातिका बिरुवा रोपिएको थियो ।

क्याम्पस प्रमुख रामशरण बानियाँले अखिल (क्रान्तिकारी) ले थालेको यो अभियानलाई निरन्तरता दिन आग्रह गर्नुका साथै अभियान सफलताको शुभकामना दिएका थिए ।

कार्यक्रमका अध्यक्ष गगन परियारले विद्यार्थीले कलेजको सरसफाइ र राज्यसत्ताको सरसफाइ सँगसँगै गर्नुपर्ने बताए । उक्त कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) गोरखाका सचिव रोजखिम गुरुङले गरेका थिए ।

# खेलाडीलाई पुरस्कार वितरण गर्दै पार्टी पुनर्गठन दिवस मनाइयो

**दाङ ।**

नेपाल कम्युनिस्ट पार्टी दाङले जिल्लाको तुलसीपुरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । नेकपा दाङले बिहीबार विभिन्न खेलकुद प्रतियोगिताका विजेता खेलाडीलाई पुरस्कार वितरण, नेता-कार्यकर्ताहरूको पारिवारिक मिलन तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको हो । आठौँ पार्टी पुनर्गठन दिवसका अवसरमा मङ्सिर ७ गते आयोजित ब्याडमिन्टन प्रतियोगिता, फुटबल प्रतियोगिता, घैँटोफोड प्रतियोगिता र कुर्सी दौड प्रतियोगिताका विजेता टिम तथा खेलाडीलाई नगद तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

शुभकामना आदानप्रदान कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् दाङ जिल्ला इन्चार्ज शीतलले नेता-कार्यकर्ताका परिवारहरूलाइ पार्टी पुनर्गठन दिवसको हार्दिक शुभकामना व्यक्त गरेका थिए । उनले परिवारलाई पार्टीकरण गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद प्राप्तिको लक्ष्य पूरा गर्ने उद्घोष पनि गरे ।

नेता शीतलले नेता-कार्यकर्ताका परिवारलाई आफूहरू महान् लक्ष्य र उद्देश्य प्राप्तिका लागि वर्गसङ्घर्षमा होमिएकाले परिवारले त्यो लक्ष्य र उद्देश्य चुम्न जनयुद्धमा जस्तै दृढताका साथ क्रान्तिमा सहभागी बन्न आह्वान गरेका थिए ।

कार्यक्रमका अतिथि नेकपाका केन्द्रीय सदस्य तथा सल्यान जिल्ला इन्चार्ज सविनले आफ्नो पार्टीका विरुद्ध संसद्वादी दलहरूले अनेक भ्रम फिँजाएकाले नेता-कार्यकर्ताहरूलाई भ्रमित नहुन आग्रह गरे । नेता सविनले राजनीतिक रूपमा पार्टीले लिएका एजेन्डाहरूदेखि संसदीय दलहरू अत्तालिएको पनि बताए ।

कार्यक्रममा अतिथि नेकपा विशेष समिति सदस्य सम्झनाले जनयुद्धमा वीरताका साथ लड्ने महिलाहरू आज घरको चुलोचौकामा सीमित हुनुपरेको बताइन् । उनले एकपटक महिलाहरू फेरि दलाल पुँजीवादी राज्यसत्तालाई ध्वस्त पार्न एकीकृत जनक्रान्तिमा लामबद्ध हुन अपिलसमेत गरिन् । नेत्री सम्झनाले वैज्ञानिक समाजवादमा मात्रै सबैखाले विभेद, उत्पीडिनको अन्त्य सम्भव भएकाले जनताको आफ्नै शासन व्यवस्था प्राप्तिका लागि सङ्घर्ष गर्न आह्वान गरिन् ।

कार्यक्रममा नेकपा विशेष समिति सदस्य विक्रम, युवा सङ्गठन नेपालका केन्द्रीय अध्यक्ष पाटन, ब्याडमिन्टन निर्णायक लालबहादुर केसी, फुटबल रेफ्री प्रकाश रोकाया र अर्जुन नेपालीको आतिथ्य रहेको थियो।

नेकपा दाङ जिल्ला कार्यालय सदस्य निर्मलको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको अध्यक्षता नेकपा दाङ जिल्ला सेक्रेटरी प्रदीपले गरेका थिए भने सहजीकरण जिल्ला पार्टी कार्यालय सदस्य किरणले गरेका थिए ।

# पार्टी पुनर्गठन दिवसका अवसरमा पाल्पामा जनसभा

**मुक्ति गैरे**/पाल्पा

नेपाल कम्युनिस्ट पार्टी पाल्पाले तानसेन सदरमुकाममा जनसभा सम्पन्न गरेको छ । पार्टी पुनर्गठन दिवसका अवसरमा जनसभा आयोजना गरिएको हो ।

तत्कालीन प्रचण्ड नेतृत्वमा नेपाली जनक्रान्ति अधुरो, अपूरो र धोका भएको भन्दै मोहन वैद्यको नेतृत्वमा २०६९ सालमा प्रचण्डबाट विद्रोह गरी नेकपा-माओवादी गठन गरिएको थियो । वैद्य नेतृत्वको पार्टी पनि गोलचक्करमा फसेको भन्दै २०७१ साल मङ्सिर ८ गते वैद्यलाई ३ बुँदे पत्र बुझाएर सम्बन्धविच्छेद गरी नेपाली कम्युनिस्ट आन्दोलनको पुनर्गठन गरेको घोषणा महासचिव विप्लवले गरेका थिए । नेपाल कम्युनिस्ट पार्टी-माओवादी हुँदै दाङमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले दाङमा राष्ट्रिय भेला गरी थबाङमा आठौँ महाधिवेशनमार्फत एकीकृत जनक्रान्तिको कार्यदिशा तय गरेको थियो ।

त्यसपछि नेकपाले मङ्सिर ८ गतेको दिनलाई क्रान्तिकारीहरूले अवसरवाद र छद्म संशोधनवादबाट गरेको सङ्गठित विद्रोह ऐतिहासिक भएको र नेपालमा पुनः क्रान्तिकारी कम्युनिस्ट पार्टी गठन गरेको सुखद अवसर ठानी पार्टी पुनर्गठन दिवस मनाउने गरेको छ। मङ्सिर ८ गतेकै दिन माओवादी जनयुद्ध उत्कर्षमा पुगेको र जनमुक्ति सेना नेपाल घोषणा भएको थियो । यसै सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीले सदरमुकाम तानसेनमा पार्टी स्थापना दिवस मनाएको हो ।

उक्त अवसरमा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा स्कुलिङ विभाग प्रमुख भेषराज भुसालले शुभकामना मन्तव्य दिँदै प्रचण्डहरूले क्रान्तिलाई धोका दिएको कारण क्रान्तिकारीहरू पुनर्सङ्गठित भई श्रमजीवी सर्वहारा वर्गको राज्यसत्ता वैज्ञानिक समाजवाद स्थापना गर्न एकीकृत जनक्रान्ति सञ्चालन गरिरहेको बर्ताए । उनले क्रान्तिकारी पंङ्क्तिलाई जनक्रान्तिमा सङ्गठित हुन अपिल पनि गरे ।

उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा पाल्पा इन्चार्ज धीरेन्द्राकुमरी उपाध्याय, नेपाल शिक्षक सङ्गठनका केन्द्रीय सदस्य विजय बुढामगर, अखिल(क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष लङ्कबहादुर राना, जनपत्रकार सङ्गठन लुम्बिनी प्रदेश समितिका कोषाध्यक्ष मुक्ति गैरे, नेपाल पत्रकार महासङ्घका संस्थापक अध्यक्ष गोविन्द भट्टराई, नेपाल पत्रकार महासङ्घका सचिव यज्ञमूर्ति तिमिल्सिनालगायत अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रममा पार्टी केन्द्रीय सदस्य उपाध्याय र सहिद परिवारका आकाशले मन्तव्य राखेका थिए भने स्वागत मन्तव्य जनपरिषद् नेपाल पाल्पा जिल्ला प्रमुख मीनबहादुर आले नेपालले राखेका थिए। कार्यक्रमको सञ्चालन श्रमिक समुदाय नेपालका केन्द्रीय सदस्य तथा पार्टी सचिवालय सदस्य निसान विकले गरेका थिए ।

# अखिल नेपाल जनसांस्कृतिक महासङ्घ सिन्धुलीमा अधिकारी

**धुराबजार (सिन्धुली)**

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ सिन्धुलीको संयोजकमा रमेश अधिकारी चयन भएका छन् ।

नेपाल कम्युनिस्ट पार्टीको आठौँ पुनर्गठन दिवस कार्यक्रमपछि बुधबार धुराबजारमा आयोजित भेलाले अधिकारीको संयोजकत्वमा ईश्वरी राई, भोजराज बललगायत सदस्य रहेको महासङ्घको सम्मेलन आयोजक समिति चयन गरेको हो । भेलाले अखिल नेपाल जनसांस्कृतिक महासङ्घकी पूर्वकेन्द्रीय सदस्य तथा अखिल नेपाल लेखक सङ्घकी केन्द्रीय सदस्य प्रसिद्धा शर्मालाई महासङ्घको सल्लाहकार चयन गरेको छ ।

भेलामा सम्बोधन गर्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले असल कम्युनिस्ट बन्न सांस्कृतिक र वैचारिक रूपले चेतनशील र सभ्य बन्नुपर्ने धारणा राखे ।

संस्कृतिकर्मी र पार्टी सदस्यहरूबीच प्रशिक्षण मन्तव्य राख्दै सुवेदीले एकीकृत जनक्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद स्थापना, रक्षा र विकास गर्न उर्वर र सुसांस्कृतिक क्रान्तिकारी, मालेमावादी चेतनाले युक्त नेता-कार्यकर्ता तयार हुनुपर्ने धारणा व्यक्त गरे । पुराना, खराब आदत र कुलतहरू परित्याग नगरी नयाँ, सभ्य र असल कम्युनिस्ट बन्न नसकिने उदाहरणहरू प्रस्तुत गर्दै उनले वैज्ञानिक समाजवाद-साम्यवाद विश्वसभ्यताको इतिहासमै सबैभन्दा उन्नत र सर्वोच्च सभ्यता भएकाले सभ्य मानिसहरूको समाज निर्माण गर्न सचेत पहल, प्रयत्न र मेहनत आवश्यक रहेको पनि बताए ।

प्रशिक्षण भेलामा प्रशिक्षण दिँदै नेकपाका केन्द्रीय सदस्य एवम् सिन्धुली-रामेछाप इन्चार्ज भरत बम 'रणवीर' ले एकीकृत जनक्रान्तिको नवीनतम र विकसित कार्यदिशाले नेपाली क्रान्तिलाई विजयको दिशातर्फ उन्मुख गराएको बताए । नेपाल कम्युनिस्ट पार्टीले विकास गरेको कार्यदिशा र लिएको कार्यनीतिबाट अत्तालिएका कम्युनिस्ट नाउँधारी अवसरवादीहरूले पार्टीमाथि प्रतिबन्ध लगाएर हजारौँ नेता-कार्यकर्तालाई जेलनेल हाले पनि आखिर पुरानो सत्ता पराजित भएर प्रतबन्ध फुकुवा गर्न बाध्य भएको नेता रणवीरले बताए । असल कम्युनिस्टले नै असल समाज निर्माण गर्नसक्ने धारणा राख्दै नेता रणवीरले वैज्ञानिक समाजवाद सञ्चालन गर्नसक्ने क्षमतावान् नेता-कार्यकर्ता, शक्तिशाली पार्टी र जनताको बलियो चेतना निर्माण गर्नुपर्ने प्रस्ट पारे ।

विशेष समितिका सदस्य शशी राईले श्रम, मेहनत र इमानदारीले कम्युनिस्ट नेता-कार्यकर्तालाई इस्पात बनाउने बताए । कसले के भन्छ भन्दा पनि कसले के गर्छ भन्ने कुरा महत्वपूर्ण रहेको उनको भनाइ थियो । नेकपा पुनर्गठनको छोट्टै अवधिमा देशव्यापी विस्तार भएर राष्ट्रियता, जनतन्त्र, जनजीविकका विषयमा निरन्तर लागिरहेकाले जनताको विश्वास जित्न सफलत भएको नेकपा नेता राईले बताए ।

नेकपा सिन्धुलीका सेक्रेटरी गोपाल ब्लोनले जिल्ला कार्यकर्ताहरूलाई प्रशिक्षण दिँदै क्रान्तिकारीहरू सबै क्षेत्रमा अब्बल हुनुपर्ने बताए । 'क्रान्तिकारीहरूले जनताको विश्वास जित्नुपर्ने चुनौती बाँकी नै छ', उनले भने, ' अवसरवादी र प्रतिक्रियावादीहरूले जनतालाई दास बनाएका छन् । जनतामा भ्रम छरेका छन् । जनतालाई भ्रमबाट मुक्त गराउनुपर्छ र सत्य र क्रान्तिको बाटोमा अग्रसर गराउनुपर्छ । यो हामी सबै क्रान्तिकारीहरूको दायित्व हो ।'

महासङ्घका केन्द्रीय सचिव सुवेदी, नेकपाका केन्द्रीय सदस्य रणवीर, नेकपाका जिल्ला नेताहरू शशी राई, गोपाल ब्लोनलगायतले महासङ्घको नयाँ नेतृत्वलाई बधाई दिँदै सफलताको शुभकामना प्रदान गरेका थिए ।

महासङ्घ सिन्धुलीले जिल्लामा छरिएर रहेका जनयुद्धकालीन साहित्यकार, कलाकार खोजी गरी सङ्गठित गर्ने, सांस्कृतिक-साहित्यिक कार्यक्रमहरू गर्ने, जनसांस्कृतिक टोलीहरू निर्माण गर्नेलगायत निर्णय गरेको छ ।

# पार्टी पुनर्गठन दिवसका अवसरमा जनवादी विवाह

**सर्लाही ।**

८ औँ पार्टी पुनर्गठन र २१ औँ जनमुक्ति सेना स्थापना दिवसका अवसरमा नेपाल कम्युनिस्ट पार्टीको जनवर्गीय सङ्गठन अखिल क्रान्तिकारीका सर्लाही जिल्ला अध्यक्ष अर्पण पौडेल र सायाका बीच जनवादी विवाह सम्पन्न भएको छ ।

वैवाहिक कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सल्लाहकार समितिका सचिव चित्रबहादुर आले 'पवन', नेकपाका केन्द्रीय सदस्य समर शाही, नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका सर्लाही जिल्ला सदस्य बद्री प्रधान, नेकपा सर्लाही जिल्ला सेक्रेटरी कमल सुस्लिङ, विशेष समिति सदस्य जनक राउत, रौतहट जिल्ला सेक्रेटरी कुमार, विचारमान थिङ, पदम मगर, नरबहादुर थापालगायत नेताहरूले नयाँ जोडीलाई माला र अबिर लगाएर बधाई तथा शुभकामना दिएका थिए ।

वैवाहिक कार्यक्रममा बेहुला अर्पण पौडेलका तर्फबाट घोषित प्रतिबद्धतापत्रमा लेखिएको छ, 'पुरातनवादी, बुर्जुवा संस्कृतिलाई अनुकरण गर्दै आएको परिवार कम्युनिस्टले स्थापना गरेको संस्कृति 'जनवादी विवाह' मा इच्छुक भएर उपस्थित हुनुभएकोमा म मेरा परिवारजनमा विशेष आभार व्यक्त गर्न चाहन्छु । पुँजीवादी समाजको अगाडि म, मेरो परिवारले गरेको सांस्कृतिक विद्रोह पनि हो जसबाट थुप्रैको मन भस्किएको छ । मेरा लागि कुनै समय परिवार प्रमुख थियो भने पार्टी, सङ्गठनमा जोडिसकेपछिको समयमा परिवार सहायक र क्रान्ति, पार्टी र सङ्गठन प्रमुख बनेको छ । यसैले मेरो परिवारमा थपिने थप एक सदस्य अर्थात् मेरी श्रीमती पनि मुक्तियोद्धा नै भएको हुनुहुँदा उहाँ मेरी श्रीमती अर्थात् पारिवारिक नातामा सहायक र सङ्गठनात्मक हिसाबले प्रमुख मानिनुहुन्छ । यसो हुँदा हामी र हाम्रो बाटो अर्थात् वैज्ञानिक समाजवाद स्थापनाका लागि एकीकृत जनक्रान्तिमा कुनै असर नपर्ने प्रतिबद्धता जाहेर गर्दछु ।'

# जनमतसङ्ग्रहमा होमियो क्रान्तिकारी ट्रेड युनियन महासङ्घ

**काठमाडौँ ।**

नेकपाका प्रवक्ता प्रकाण्डले अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ केन्द्रीय समितिको मजदुर जागरण अभियान २०७८ उद्घाटन गरेका छन् । उनले दीप प्रज्वलन गरेर अभियान उद्घाटन गरेको महासङ्घले जनाएको छ । महासङ्घले 'वैज्ञानिक समाजवादी व्यवस्था र श्रमिक अधिकारका लागि जनमतसङ्ग्रह' नाराका साथ अभियान सञ्चालन गरेको हो ।

अभियान उद्घाटनका क्रममा प्रवक्ता प्रकाण्डले मजदुर र श्रमिकहरू समाजका चालक र जीवन्त शक्ति रहेको बताए । उनले क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको सही र सच्चा आधारभूमि भएकाले श्रमिकहरूले त्यसप्रकारको भूमिका निर्वाह गर्नुपर्ने पनि बताए । प्रतिक्रान्तिसँग धेरै जुधेर यो आन्दोलन खडा भएको प्रसङ्ग राख्दै प्रकाण्डले नेपालको राजनीतिमा समेत मजदुर सङ्गठनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे ।

प्रकाण्डले प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने कार्यनीति आजको सही कार्यनीति रहेको र यसका पक्षमा मजदुरहरूले भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिए । उनले भने, 'सरकारसँग ३ बुँदे सहमति भएको छ तर राज्य पक्ष त्यसलाई कार्यान्वयन गर्ने कुरामा आलटाल गरिरहेको छ । त्यसो भयो भने राज्यकै लागि त्यो कुरा घातक हुनेछ ।'

प्रकाण्डले देश चौतर्फी सङ्कटमा रहेको र यो सङ्कटको हल क्रान्तिकारी धरातलबाट मात्र हुने पनि प्रस्ट पारे । नेकपाले अघि सारेको कार्यनीति सही र वैज्ञानिक रहेकोमा जोड दिँदै उनले मजदुर सङ्गठनले पार्टीको अपेक्षाअनुसार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मजदुर सङ्गठनका फ्र्याक्सन इन्चार्ज मिलनले मजदुर जागरण अभियान २०७८ सफल र परिणाममुखी बनाउनुपर्ने बताए ।

कार्यक्रममा प्रतिबन्धमा जेल-हिरासत परेर महत्वपूर्ण भूमिका निर्वाह गर्ने पार्टी-सङ्गठनका नेताहरूलाई सम्मानपत्र प्रदान गरिएको थियो ।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ केन्द्रीय अध्यक्ष विनोद थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत सङ्गठनका उपाध्यक्ष शिशिर थापाले गरेका थिए । कार्यक्रमको सञ्चालन सङ्गठनका महासचिव श्याम सेञ्चुरीले गरेका थिए । सङ्गठनको दोस्रो पूर्ण बैठकले मङ्सिर ९ गतेदेखि 'वैज्ञानिक समाजवादी व्यवस्था र श्रमिक अधिकारका लागि जनमतसङ्ग्रह' मूल नाराका साथ अभियान आरम्भ गर्ने निर्णय गरेको थियो ।

# पक्षपात देखिएपछि नेकपा इलामले रोक्यो शिक्षक नियुक्ति

**इलाम**

इलामको माई नगरपालिकास्थित तीनवटा विद्यालयमा प्रावि शिक्षकको करार नियुक्तिप्रक्रियामा पक्षपातपूर्ण तरिकाले परीक्षा लिन खोजिएको भन्दै नेकपा इलामले रोक लगाएको छ ।

आदर्श बुद्ध प्रावि, अम्बिसे भञ्ज्याङ प्रावि, लक्ष्मी आदर्श मावि महमाईमा प्रावि तहमा करार शिक्षक नियुक्ति गर्ने परीक्षामा एमाले पार्टीका स्थानीय नेताले आफ्ना कार्यकर्तालाई मिलोमतोमा नियुक्त गर्न खोजेपछि स्थानीय बासिन्दाले व्यापक जनगुनासो गर्दै नेकपासँग सहयोग मागेका थिए । नेपाल कम्युनिस्ट पार्टी इलामले जनताको गुनासो आएपछि चेतावनीसहित नियुक्तिप्रक्रिया रोकिदिएको हो । नेकपाले निष्पक्ष परीक्षा लिएर मात्र नियुक्ति दिन सम्बन्धित सरोकारवालाहरूलाई सुझाएको छ ।

निष्पक्ष परीक्षा गराउन विज्ञहरूसँग छलफल भैरहेको नेकपा इलामका सेक्रेटरी मौसमले बताएका छन् । मौसमका अनुसार जिल्लामा यस्ता समस्या धेरै आएका छन् । 'क्षमता भएका कयौँ शिक्षकहरू पाखा लगाइँदैछन् । प्रशासनिक पहुँच भएका दलहरूले आफ्ना कार्यकर्ताहरूलाई जागिरमा भर्ती गराउने खेल भएको छ', उनले भने, 'पार्टीले जिल्लामा भैरहेका यस्ता बेथिति र अन्याय रोक्न सशक्त पहल लिनेछ ।'

# नेकपा रुकुम पश्चिमद्वारा ब्याडमिन्टन प्रतियोगिताको पुरस्कार वितरण

**गमानसिङ घर्ती**/ रुकुम पश्चिम

नेपाल कम्युनिस्ट पार्टी रुकुम पश्चिमले आठौँ पार्टी पुनर्गठन दिवसका अवसरमा आयोजित जिल्लास्तरीय खुल्ला पुरुष डबल ब्याडमिन्टन प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्लास्तरीय खुला पुरुष डबल ब्याडमिन्टन प्रतियोगितामा भावेश बोहोरा र सिद्धार्थ केसीको टिम विजेता भएको छ भने अनिल बुढा र ध्रुवविक्रम थापाको टिम उपविजेता भएको छ । त्यस्तै सान्त्वना भने विलास बिष्ट, मनीष खड्का, भानु सुनार र मदन बुढाथोकीको टिम भएको छ ।

नेकपाले बुधवार पार्टी पुनर्स्थापना दिवसको अवसर पारेर सदरमुकाम खलङ्गामा प्रतियोगता उद्घाटन गरेको थियो ।

पुरस्कार बितरण कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी रुकुम पश्चिमका कार्यालय सदस्य मोतीराम खड्काको अध्यक्षता र जिल्ला पार्टी सेक्रेटरी चन्द्रबहादुर बुढाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन अखिल क्रान्तिकारीका जिल्ला सचिव तथा नेपाल कम्युनिस्ट पार्टी रुकुम पश्चिमका जिल्ला सदस्य धनु ओलीले गरेका थिए ।

# अमेरिकालाई चीनको चेतावनी– एसिया प्रशान्त क्षेत्रमा सैन्य गतिविधि बन्द गर

**काठमाडौँ ।** चीनले अमेरिकालाई एसिया प्रशान्त क्षेत्रमा सैन्य गतिविधि बन्द गर्न चेतावनी दिँदै पहरामा टाउको नठोकाउन सुझाव दिएको छ । अमेरिकालाई एसिया प्रशान्त क्षेत्रमा जासुसी, हस्तक्षेप, उत्तेजना, बल प्रदर्शनलगायत हकर्तत बन्द्य गर्न चीनले चेतावनी दिएको हो ।

एजेन्सीहरूका अनुसार चिनियाँ रक्षा मन्त्रालयका प्रवक्ता वरिष्ठ कर्नेल वु छियानले यूएसएस कनेक्टिकट आणविक पनडुब्बी झडपका सम्बन्धमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा यस्तो चेतावनीयुक्त जबाफ दिएका हुन् ।

चिनियाँ सैन्य समाचार मिडिया केन्द्रका अनुसार पत्रकार सम्मेलनमा वुले भने, 'टकराव भएको बेलादेखि अमेरिकी पक्षको अप्ठ्यारो र गोप्य मनोवृत्तिले अन्तर ाष्ट्रिय समुदायमा अनिवार्य रूपमा शङ्का उत्पन्न गरेको छ । अमेरिकी पक्षले तीनवटा प्रश्नको स्पष्ट जबाफ दिनुपर्छ : पहिलो, अमेरिकी पनडुब्बीको नेभिगेसनको उद्देश्य के हो ? दोस्रो, टक्करको सही स्थान के हो ? अन्त्यमा यसले आणविक चुहावट वा समुद्री वातावरणीय प्रदूषण निम्त्यायो कि निम्त्याएन ?'

चीनले यस घटनाको मूल कारण एसिया-प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य जहाजहरूद्वारा गरिएको व्यापक र उच्च तीव्रताको नजिकको जासुसी, हस्तक्षेप, उक्साहट र बल प्रदर्शनका साथै अमेरिकी 'सैन्यकरण' हो भन्ने विश्वास गरेको पनि वुले बताए । उनले भने, 'हामी अमेरिकी पक्षलाई त्यस्ता गतिविधिहरू तुरुन्तै बन्द गर्न आग्रह गर्दछौँ, पर्खालमा आफ्नो टाउको नठोक्कियोस् ।'

ताइवानको एयर डिफेन्स इन्टिग्रेसन जोनमा चिनियाँ सेनाको उपस्थितिका विषयमा अमेरिका र चीनबीच तनाव बढिरहेको छ । यसै क्रममा उक्त दुर्घटना भएको हो । अमेरिका र उसका अनुयायीहरूले क्यारियर स्ट्राइक ग्रुप २१ भनेर चिनिने यस क्षेत्रमा बलको एक प्रमुख बहुराष्ट्रिय शक्ति प्रदर्शन गरिरहँदा कनेक्टिकट दक्षिण चीन सागरको वरपरको पानीमा सक्रिय रहेको सञ्चारमाध्यमहरूले जनाएका छन् ।

एजेन्सीहरूको सहयोगमा

# वीर सहिद सुनिल र निर्ममको स्मृतिमा !

रोल्पा र सल्यानको सीमा क्षेत्र, रोल्पातिरको मनिमारेमा २०६२ साल मङ्सिर १४ गते जनमुक्ति सेनाका डिभिजन कमान्डर किमबहादुर थापा ‘सुनिल’ र बटालियन सहकमान्डर झक्कुप्रसाद पुन ‘निर्मम’ ले उच्च बलिदान गरेको दिन हो । आज मङ्सिर १४ गते उहाँहरूले यो धर्तीमा अन्तिम सास फेरेको १६ वर्ष पुगेछ । उहाँहरूप्रति उच्च सम्मान प्रकट गर्दै स्मृतिको तानमा केही शब्द बुन्ने प्रयास गरेको छु ।

ढाडमा टेकेर टाउकोमा हान्ने फौजी कार्यनीतिको कार्ययोजना कार्यान्वयन गर्न, पार्टीले निर्णय गरेको जनमुक्ति सेनाको पाँचौं डिभिजन घोषणा कार्यक्रम तथा सैन्य रोलकलको तयारीमा हामी केन्द्रित भएका छौं । हिउँ परिनसकेको भए पनि मुटु छुने चिसोलाई जनताको अपार मायाले न्यानो प्रदान गरेको छ । बिहानै सैनिक हेलिकोप्टर र जासुसी विमान हाम्रो माथिबाट फन्को मारेर फर्किएको छ । विगत केही दिनदेखि नै यो आसपासको क्षेत्र झ्याम बुरासेलगायत ठाउँहरूमा रोल्पा र सल्यानका पार्टी समितिहरू हाम्रो व्यवस्थापनमा खटिसकेका थिए । हामीले जति नै छिपाउन खोजे पनि सयौंको ताँती र व्यवस्थापकीय चहलपहललाई दुस्मनको जासुसले थाहा पाएरै होला सर्भे गर्न जासुस विमान पठाएको पनि । जमिनी घेराबन्दी, गस्ती र आक्रमणमा पराजित हुँदै गएको शाहीसेनालाई हामी बसेको भूगोलमा आइपुग्न सजिलो थिएन । त्यसैले होला उसले हवाई आक्रमणको योजना बनाएको रहेछ । शाहीसेनाको सम्भावित हवाई आक्रमणको आकलनपछि हाम्रा सैन्य टुकडीहरूलाई विभिन्न भाइटल प्वाइन्टहरूमा सेटिङ गरिएको छ ।

सूर्य पश्चिमतिर ढल्कन थालिसकेको छ । डिभिजन घोषणा र रोलकल कार्यक्रम, दुस्मनले हवाई आक्रमण गर्ने सम्भावना बढेपछि अनिश्चित बनेको छ । आजको दिनले अपराह्न पार गरिसकेकाले होला लगत्तै फेरि हेडक्वार्टरले सैन्य फर्मेसनलाई मनिमारेको खुला चौरमा पङ्क्तिबद्ध हुन निर्देशन दिएको छ । अनुमान गरियो होला- साँझ पर्न थालिसकेको छ । अब हेलिकोप्टर नआउला । मोर्चाबद्ध युद्धमा बिहान, दिउँसो, बेलुका र रात्रीकालीन समय निर्णायक भन्ने हुँदैन । महत्वपूर्ण समय त त्यो हो जतिबेला दुस्मनको अवस्था सबभन्दा बढी प्रतिकूल हुन्छ त्यति बेलै आक्रमण सुरु गरेपछि दुस्मनको प्रतिरक्षाप्रणाली क्षतविक्षत बन्दछ । यो आधारभूत सैन्य नियम हो । यति कुरा बुझ्दाबुझ्दै पनि विकट भूगोल र जमिनी लडाइँमा अभ्यस्त हामी, केवल बिहान र बेलुकाको समयलाई मात्र अन्दाज गर्न पुगेछौँ । खुला चौरमा खचाखच पङ्क्तिबद्ध भएपछि उज्यालोमा मात्र होइन, राती नै भए पनि हवाई आक्रमणका लागि अनुकूल नै हुन्छ होला । हाम्रो सैन्य र सामरिक विश्लेषण, समय विश्लेषणजस्तो मात्र बन्न पुगेछ ।

मनिमारेको खुला चौरमा रोलकल सुरु भयो । राजनीतिक प्रशिक्षण विशेष ब्युरोका इन्चार्ज कमरेड विप्लवले दिनुभयो । समयले डाँडो काटिसकेको छ । मन्तव्य छोटो भयो । तथापि उहाँको शब्दभावले चिसोले कठ्याङ्ग्रिएका हाम्रा शरीरमा न्यायो बढ्यो, शरीरमा नयाँ ऊर्जा भरियो । सैन्य रोलकलमा कमान्डरलाई बढी समय दिनुपर्छ भनेर होला विप्लव कमरेडले मन्तव्य टुङ्ग्याउनुभयो । जनमुक्ति सेनाका प्रमुख डेपुटी कमान्डर पासाङले जनमुक्ति सेनाको सैन्य हेडक्वार्टरका तर्फबाट मन्तव्य सुरु गरेको थोरै समय बित्दै थियो, एकाएक जासुसी विमान हाम्रो माथि फन्को मारेर तीव्र गतिमा फर्किहाल्यो । तुरुन्तै दुईवटा सैनिक हेलिकोप्टर आइहाले ।

अब मनिमारे एउटा रणभूमिमा बदलियो । डिभिजन कमान्डर सुनिलले तत्काल तितरबितरको कासन गर्दै हातको इसारामा टुकडीहरूको आर्क विभाजन गर्नुभयो । हामी सबै हतारहतार कभरतिर दौडियौँ । सुनिल सरले पाल्नो गोठ, हामी वाल्नो गोठ, दूरी करिब १० मिटरको फरकमा दृष्टि कभर लिन पुगेछौँ ।

सुनिल सर गोठको वरिपरि घुम्दै, बाहिर-भित्र गर्दै आफ्ना टुकडीहरूलाई निरीक्षण गर्दै डिफेन्स कभर र प्रतिरक्षा आक्रमणका लागि निर्देशन गरिरहनुभएको छ । सैनिक हेलिकोप्टरले बर्साइरहेका एचएमजी, जीपीएमजीका गोली र विभिन्न तोपगोलाको कुनै परबाह नगरी आफ्नो जिम्मेवारी पूरा गरिरहनुभएको छ । सुइँय्ऽ, चट्याङ्ऽ, ड्याऽम्मको भारी आवाजले मनिमारे गुन्जिएको छ । एकै छिनअघिको शान्त वातावरण गोलीका पर्रा, बमका धमाका र आगोका मुस्लाले निसास्सिएको छ । खरको छानो भएका कयौँ गोठहरूमा हेलिकोप्टरबाट अग्निबम प्रहार गरेर आगो लगाइएको छ । करिब १५ मिनेटजतिको यो हवाईहमलाले ठूलै क्षति भएको हुनुपर्छ । हाम्रोतिरको प्रतिरक्षा आक्रमण प्रभावकारी हुन थालेपछि आक्रमणकारी सैनिक हेलिकोप्टर फाइरिङ गर्दै भाग्न खोजेका छन् ।

सुनिल सरले कभर लिएको गोठमा अलि बढी नै गोली बर्सिएको छ । एकै छिनमा सुनिल सरलाई गोली लाग्यो भनेर कराएको, कुनै साथीको चिच्याहट मेरो कानमा ठोक्किन पुग्यो । म दौडिएर अघि भर्खरै सुनिल सरले कासन गरिरहेको ठाउँमा पुगेँ । ब्रिगेड कमान्डर ध्रुव घिमिरे ‘विप्लव’ ले च्याप्प समाउनुभयो । मैले मेडिकल सामग्री राखेको झोला खोलेर रक्तश्राव नियन्त्रणमा लिने सोच्दै थिएँ, एक पिस गज प्याड राख्न नपाउँदै सुनिल सर सहिद भैसक्नुभएछ । गोली टाउकोमै लागेको छ । रगत भुल्भुल निस्किरहेको छ । ठिङ्ग उभिएर अघि भर्खर दुस्मनमाथि जाइलाग्न निर्देश गरिरहेको सुनिल सरको जैविक शरीरले यो धर्तीबाट बिदा लिइसकेको रहेछ । आधुनिक चिकित्सा विज्ञानले समेत यस्तो गम्भीर प्रकृतिको घाउबाट हुने मृत्युलाई रोक्न नसक्ने भए पनि एक प्राथमिक उपचारक कमान्डरको जिम्मेवारीबाट रगत बगिरहेको घाउमा बेन्डेज लगाउने प्रयत्न मैले गरी नै रहेँ ।

बलिदानीपूर्ण गौरवमा समर्पित योद्धाहरूको जीवनलाई मृत्युले पलपल पछ्याइरहेकै हुन्छ । मुक्तिको उत्कट चाहनाका अगाडि मृत्युको भयावह त्रास ओझेलमा हुन्छ । जैविक शरीरको मृत्युले निम्त्याएको पीडाले कुनै पनि मान्छेको मूल्यबोध कति रहेछ भनेर मापन गर्न नसकिने भए पनि उसको आवश्यकता उसको मृत्युपछि झन् बढी बोध हुँदोरहेछ । फेरि अर्को आवाज कानमा ठोक्कियो- कमरेड निर्ममलाई पनि गोली लागेको छ । सायद उहाँलाई पनि गोली मात्र लागेको छैन, गोलीले सहिद बनाइसकेको छ !

अब भने हेलिकोप्टरको आवाज पनि मधुरिएको छ । अघि भर्खरैसम्म टिमको मनोबल बढाइरहेका दुई कमान्डरको मृत भैइसकेको रक्तमुछेल शरीरले हामीलाई समालिन भनिरहेको छ । स्थिति यस्तो बनेको छ, आफैँले आफैँलाई सम्झाउँदै समाल्नुपर्ने भएको छ । अघिको युद्धमैदान एकाएक स्तब्ध भएको छ । चारैतिर सन्नाटा छ । सबैका आँखाबाट आँसु झरिरहेका छन् । निम्छरो घामले पनि अब डाँडा काटिसकेको छ । चिसोले कठिङ्ग्र्याउने प्रयास गरिरहेको छ तर त्यसको कुनै परबाह छैन । उहाँहरू दुवैजनाको मृत शरीरलाई यहीँ छोडेर अगाडिको गन्तव्यसम्म पुग्नैपर्ने बाध्यतामा छौँ हामी । अब अन्त्येष्टिको तयारी गरिएको छ । कमिसार कमरेड विप्लव भक्कानिनुभएको छ । पासाङका आँखाले आँसु रोक्न सकेका छैनन् । आफ्नो प्रिय कमान्डर गुमाउँदाको पीडाले हामी सबै बेचैन भएका छौँ । मनिमारेका रयाझ, बाझ, खस्रु र लालीगुँरासका रूखहरूसमेत स्तब्ध भएजस्ता देखिन्छन् । ओझेलमा परिसकेको सूर्य र उदाउँदै गरेको जून पनि रोइरहेका होलान् । सिङ्गो प्रकृति स्तब्ध छ । हामी समालिने प्रयत्न गरिरहेका छौँ ।

हुनत युद्धमोर्चामा कसलाई गोली लाग्छ, को सहिद बन्छ त्यसको कुनै निश्चित सीमा हुँदैन तर नवगठित टिमको मुख्य कमान्डरलाई नै श्रद्धाञ्जली अर्पण गर्नुपरेपछि जतिसुकै निर्मम र कठोर बन्ने प्रयास गरे पनि हामी रोइरहेका छौँ । सुनिल र निर्मम कमरेडको शरीरलाई माटोमा विलीन गराउन नमानिरहेका हातहरूले आँसु पुछ्दै अन्त्येष्टि गरेका छौँ । भनिन्छ, क्रान्तिकारी विचार र प्रेम भावनामा पनि अभिव्यक्त हुन्छ । आज हामीले झारिरहेका आँसुमा पीडा र आक्रोश मात्र होइन, विचार र लक्ष्यप्रतिको उच्चतम् निष्ठाको संयोजन भएको छ ।

सुनिल सरको प्राकृतिक स्वभाव नै बहुआयामिक गुणले भरिपूर्ण थियो । त्यो आत्मीय बोली, निष्कलङ्क छवि, त्याग, समर्पण र बलिदानका पर्याय, निडर, साहसी र सबैको अभिभावक बन्नसक्ने बहुप्रतिभाशाली व्यक्तित्व नेता, कमान्डर गुमाउँदाको पीडाले रसाइरहेका हाम्रा आँखा र भक्कानिरहेको हाम्रो हृदय समालिन समय लाग्ने नै छ ।

मुक्तिको सपना बोकेर बलिदानीको प्रतिस्पर्धामा सँगै हेलिएका हामी सबैलाई छोडेर तपाईहरूलाई नै गोली लाग्नुपर्ने ! यसलाई विडम्बना नै भन्नुपर्छ । पार्टीको विशेष क्षेत्रीय ब्युरोका इन्चार्ज विप्लव कमरेड र डेपुटी कमान्डर पासाङ कमरेड पनि गोलाबारीबाट मुस्किलले बच्नुभएको छ । संयोग नै मान्नुपर्छ, यत्रो भीषण आक्रमणबाट बचेर आन्दोलनको नेतृत्व गर्ने चुनौतीपूर्ण जिम्मेवारी समयले उहाँहरूलाई उपलब्ध गराएको हो ।

तपाईंहरूको निर्जीव शरीरलाई मनिमारेमै रोपेर प्रतिक्रियावादी राज्यसत्ताको ढाडमा टेकेर टाउकोमा हान्न हिंडेका हामी विभिन्न युद्धमोर्चा पार गर्दै, अरू कयौँ साथीलाई पनि यसरी जमिनमुनि पुर्दै बलिदानीका कयौँ गाथा कोरेर अगाडि बढेपछि नाम मात्रको भए पनि गणतन्त्रसम्म त आएको छ तर जनयुद्धको नेतृत्व गरेका प्रमुख नेताहरू नै गन्तव्य अलपत्र पारेर आफ्नै सपनाको मलामी गएपछि देश र जनताले बग्रेल्ती समास्याको भारी बोक्नुपरेको छ । उतिबेलाका सहयात्री यतिबेला फरकफरक बाटाका यात्री भएका छौँ । जीवित सपनाको यात्री बनेर फेरि अर्को अभियानमा लामबद्ध बन्नुपर्ने बचेका सहयात्रीहरू, कर्तव्यवाट विमुख भएपछिको बेहाल उल्लेख गरिसाध्य नै भएन । कोही साथी अरब र खाडीको उखरमाउलो गर्मीमा श्रमपसिना बेच्न बाध्य छन् त कोही साथी जापान, युरोप र अमेरिका पुगेर आधुनिक दासका रूपमा काम गर्न अभिषप्त छन् । भारतीय सहर र कालापहाडमा पसिना बगाउनेहरूको बेहाल पनि कम पीडादायी छैन । कयौँ सहिद परिवारहरू आफ्ना प्रियजनहरूको अभावमा सहाराविहीन भएका छन् । बेपत्ता योद्धाहरूको अत्तोपत्तो छैन । परिवारहरूले बेपत्ताहरूको पर्खाइमा तड्पिरहनुपरेको छ । कयौँ घाइते योद्धाहरूको जीवन लथालिङ्ग छ । सामाजिक उत्पीडन, जातीय विभेद, बेरोजगारी, गरिबी, असमानता र भ्रष्टाचारको समस्याले देश थिलथिलो भएको छ ।

त्यतिबेलाका सुप्रिमोलगायत केही साथीहरू, उही पुरानो ससदीय रसातलमा डुबेर, वैभव र सुखसयलको प्रतिस्पर्धामा तँछाडमछाड गरिरहनुभएको छ । तपाईंलाई मनिमारेमा अन्तिम निर्देशन दिने कमान्डर पासाङ पनि बदलिएर नन्दबहादुर पुन मात्र भएपछि राजकीय पदमा पदासीन हुनुहुन्छ । हुनत यो पद पनि तपाईंहरूकै बलिदानीको जगमा खडा भएको हो । तपाईंको अन्त्येष्टिमा श्रद्धाञ्जली दिँदै पार्टीको झन्डा अर्पण गर्ने तत्कालीन विशेष ब्युरोका इन्चार्ज कमरेड विप्लव एकीकृत जनक्रान्तिमार्फत सहिदका सपना पूरा गरिछाड्ने अठोट गरिरहनुभएको छ । तपाईंहरूको जीवित सपनाकै मलामी जानेहरूको धेरै वर्णन गर्दा तपाईंको निर्जीव सालिकले पनि पीडाबोध गर्ला !

तपाईंहरू सहिद भएको १६ वर्षपछि यो पङ्क्तिकार बुरासे, झ्याम, मनिमारे पुग्दा पनि बुरासे र मनिमारेका जनताको दैनिकीमा कुनै परिवर्तन आएको छैन । रोग, भोक, शोक, गरिबी, बेरोजगारी, स्वास्थ्य र शिक्षाको समस्या उस्तै छ । गाउँमा युवाहरू कोही छैनन्, रोजगारीको खोजीमा उतै अरब खाडी पुगेका छन् । युवाका पीडादायी कथा मात्रै छन् । दलाल पुँजीवादी संसदीय व्यवस्थाको यो विभेदकारी रबैयालाई निश्चल आकाशतिर हेरिरहेको मनिमारेमै रहेका तपाईंहरूका निष्कलङ्क कङ्कालहरूले पनि नियालिरहेकै छन् ।



सविन पोखरेल

झ्यामको डाँडामा उभिएर मनिमारेलाई नियाल्दै गर्दा तपाईंको अग्लो जिउडाल भएको सुन्दर शरीर, स्नेहपूर्वक बोलाउने मीठो बोली, गजुलको तपाईंकै घरमा भुटेका मकैभटमास खाजा, जेलबाङको बागतारेमा तपाईंले दिएको प्रशिक्षण, सहिद विवेकसहित हाम्रो टिमलाई पूर्वी नेपाल पठाउँदा तपाईंले गरेको बिदाइ, सन्धिखर्कको मोर्चा जितेर सँगै फर्किंदाको उत्साह, अर्घाखाँचीको मथुराडाँडामा भएको मोर्चाबन्दी लडाइँमा तपाईंले दिएको प्रेरणा अनि कपिलवस्तुका जङ्गलमा थाकलका बुटामुनि सँगै चिसो बाँडेर बिताएको तपाईंको ऊर्जाशील अभिभाकत्व, तपाईंको हातले लेखेका सुन्दर अक्षरबाट बनेका चिठीका निर्देशनहरू सम्झिएर आज फेरि एकोहोरिएर सोचमग्न भएको छु ।

रोल्पाको ह्यानडिङ्म मोर्चामा गोली लागेर तपतप रगत चुहिरहँदा पनि उपचार नगरेर रक्ताम्य शरीरसँगै युद्धमोर्चाको नेतृत्व गर्ने तपाईंजस्ता वीर योद्धाको बलिदानीमा बनेको गणतान्त्रिक व्यवस्थाले तपाईंको सम्मान गर्न सकेको छैन किनकि यो गणतन्त्रलाई पनि दलाल पुँजीवादले आफ्नो नियन्त्रणमा राखिसकेको छ । वैचारिक दृढतामा टसमस नहुने, कम्युनिस्ट सांस्कृतिक आचरणका जोदाहा, युद्ध रणकौशलका योजना निर्माता सुनिल सरको जैविक शरीर हाम्रो साथमा नभए पनि तपाईंको जीवित सपना हाम्रै अगाडि छ ।

उहाँसँगै आफ्नो प्यारो जीवनलाई बलिदान गर्ने कमरेड निर्मम जो एउटा कुशल सैन्य कमान्डर मात्र नभएर साहित्यिक, सांस्कृतिक, अध्ययनशील राजनीतिक योद्धा पनि हुनुहुन्थ्यो । प्रस्ट वक्ता, स्पष्ट दृष्टिकोण, निडर स्वभावले उहाँलाई पार्टीपङ्क्ति र सैन्य पङ्क्तिका बीचमा सर्वप्रिय बनाइसकेको थियो ।

हो, विघटन भैसकेको जैविक शरीरलाई ब्युँझाउने सञ्जीवनी त यो प्रकृतिले कसैलाई दिएको छैन, साथै तपाईंहरूको अमरत्वलाई मृत बनाउने तागत पनि त दुनियाँमा कसैसँग उपलब्ध छैन । यसपटक यो अभूतपूर्व महायात्राको सङ्क्षिप्त चित्रलाई यत्तिकै बिट मारौँ । अर्को आलेखमा अरू प्रसङ्ग उन्ने कोसिस गर्नेछु । अहिलेलाई मनिमारेको आकाशबाट पिलपिल गर्दै हामीलाई सम्झाइरहेका चम्किला दुई तारा सुनिल र निर्ममलाई १६ औँ स्मृति दिवसमा हार्दिक सम्झना ! लालसलाम, उच्च सम्मानसहित भावपूर्ण श्रद्धाञ्जली !

१६ वर्षपहिल्यै, आजकै दिन अर्थात् मङ्सिर १४ को साँझपख तपाईंहरूको भौतिक शरीरलाई अन्त्येष्टि गर्दा, सहिदका जीवित सपना पूरा गर्ने प्रतिबद्धता हामीले व्यक्त गरेका थियौँ ! आज पनि वैज्ञानिक समाजवादको जीवन्त सपना बोकेर क्रान्तिको सतत अभियान चलाइरहेका छौँ, चलाइरहनेछौँ ।



## कविता

### आमालाई सहिदको पत्र

**युवराज ‘नास्तिक’**

केही थान सम्राट्हरू जन्माउन
मैले गुजारेको मेरो यौवनको के कुरा ?
हजूर उपचार खोज्न काठमाडौँ आउँदा
रिसल्ला र कारगेडको जाममा परेर नअ(
ात्तिनू आमा
त्रिशूलीको किनारैकिनार यात्रा गरिरहँदा
दासढुङ्गा देखेर नभक्कानिनू
भैरव गण, दोरम्बा, सुखानी, पिस्करजस्ता
ठाउँ सम्झेर चित्त बुझाउनू आमा
मानसिक बिमारीको औषधी किन्न काठमाडौँ
गल्लीगल्ली भौँतारिँदा
वैदेशिक रोजगारी र डीभी भर्नेको लाम र
अब्रोडस्टडीका बोर्डहरू देखेर चिन्ता नलिनू
आमा
नायकहरूको जुँगाको साइज घटेको देखेर
पिर नगर्नू
सरेआम उध्रेका चोलीहरू देखेर
डिप्रेसनको ओक्तो लिन नबिर्सनू
मलाई थाहा छ हजूर
उही एक फोक्टो बारीको कुनाकै गोठको
टाँडबाट
मलाई नियालिरहनुभएको छ
मलाई थाहा छ हजूरलाई कोदोको कपनी
टिप्न हतार छ
साँझ खोले फत्काउन सिस्नो बटुल्नु छ
नवमालिकको दौडिरहेको गाडीले
झुत्रो फरियाको फेर हिल्याउँदा
हजूरको रिसको पारा चढेको छ
म मरेको न्याय खोज्दाखोज्दै
कथित श्रीमान्हरूका लात्ती ठोक्किने डर छ
हाँगामा चढेर फेद ढलाउने कालीदासहरूको
दुर्गन्धले हजूर निस्सासिनुभएको छ
देखिरहेको छु आमा
तर विवश छु आमा
तुइन काटेर मार्नेहरूको मिचाहा समयमा
म बाँच्नुको के कुरा
न्याय माडिएको न्यायालयका
कथित श्रीमान्हरूको के कुरा आमा
मेरै धुलो जमेको सालिकको के कुरा
आफ्नै साइज घटेको मालिकको के कुरा
आमा देखिरहेको छु
सबै देखिरहेको छु
केही थान सम्राट्हरू ... ... ...!

## मार्च पास्टसहित पार्टी पुनर्गठन दिवस

**सिन्धुपाल्चोक** । नेपाल कम्युनिस्ट पार्टी सिन्धुपाल्चोक र दोलखाको आयोजनामा सिन्धुपाल्चोकको चौतारामा पार्टीको ८ औं पुनर्गठन दिवस युवा मार्च पास्टसहित भव्य रूपमा सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका केन्द्रीय सदस्य, सिन्धुपाल्चोक-दोलखा इन्चार्ज एवम् प्रमुख अतिथि पूर्णबहादुर सिंह ‘प्रवीण’ ले नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् कार्य सम्पन्न गर्नका खातिर विप्लवको नेतृत्वमा पार्टी पुनर्गठन गर्नुपरेको बताए ।

१० बर्से महान् जनयुद्धको नेतृत्वको विचलन एवम् महापतनलाई विचारधारात्मक, राजनीतिक सङ्घर्ष र आजको विश्वराजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक, सामरिकलगायत दृष्टिले नितान्त नयाँ विशेषतामा देखापरेको वस्तुस्थितिलाई एकीकृत जनक्रान्तिको कार्यदिशाद्वारा समाधान गर्ने नयाँ नेतृत्वको ऐतिहासिक पहलकदमी रहेको उनले बताए ।

‘यो पार्टीको पुनर्गठन क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको रक्षा, विकास र जनक्रान्तिलाई गुणात्मक गति दिनका खातिर एक ऐतिहासिक कदम हो’, उनले भने । उनले आत्मसमर्पणवाद, विसर्जनवाद, नवसंशोधनवाद, अवसरवाद, अकर्मण्यतावाद र छद्म संसद्वादमाथिको सैद्धान्तिक एवम् राजनीतिक विजय भएको समेत बताए । आफ्नो मन्तव्यका क्रममा उनले प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रहको चुनाव र वैज्ञानिक समाजवाद नै जनअपेक्षा रहेको बताए ।

नेपाल कम्युनिस्ट पार्टी सिन्धुपाल्चोकका सेक्रेटरी युगीनको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य दोलखा जिल्ला सेक्रेटरी माधव गौतमले राखेका थिए भने शुभकामना मन्तव्य विशेष समिति सदस्य किरण घिमिरे र मुकुन्द श्रेष्ठले दिएका थिए । कार्यक्रमको सञ्चालन विशेष समिति सदस्य अर्जुन योगीले गरेका थिए । कार्यक्रम सुरु हुनुअघि रातो पोसाकमा सजिएका युवाहरूले मार्च पास्टसहित चौतारा बजार परिक्रमा गरेका थिए ।

## दुर्गा रोका ....

रोकाको स्वागतका लागि ठूलो सङ्ख्यामा स्थानीय जनता भेला भएका थिए। नेकपाले रोकाको स्वागतका लागि औपचारिक कार्यक्रम आयोजना गर्ने जानकारी नेकपा कपिलवस्तु/अर्घाखाँची इन्चार्ज जुझारुले दिएका छन् । रोकालाई २०७५ साल फागुन २३ गते कपिलवस्तुको शिवगढीबाट प्रहरीले नेकपाको कार्यकर्ता भएकै आरोपमा गिरफ्तार गरेको थियो ।

नेकपामाथि प्रतिबन्ध लगाउनु ७ दिनअगाडि प्रहरीले शिवगढीमा सर्च एन्ड अप्रेसन चलाएको थियो । प्रहरीले अप्रेसन गरेपछि शिवगढीबासीले प्रतिरोध गरेका थिए । यसक्रममा रोकालाई सादा पोसाकका प्रहरीले गिरफ्तार गरी चरम यातना मात्रै दिएन, गोपनीयता नखुलाएको भन्दै चन्द्रौटा इलाका प्रहरी चौकीको ट्वाइलेटमा लगी खुट्टामा गोलीसमेत हानेको थियो ।

शिवगढीमा सरकारले गरेको दमन र त्यसप्रकारको निर्मम घटनाप्रति सर्वत्र विरोध भएको थियो । प्रहरीले 'हतियार भएको विशेष सूचना' भन्दै अप्रेसन गरिएको दाबी गरे पनि सरकारले आधिकारिक सूचना अहिलेसम्म बाहिर ल्याएको छैन । गिरफ्तार गरेपछि दुर्गा रोकालाई अदालतले दुई वर्ष ६ महिना कैद र चार हजार छ सय रूपैयाँ जरिबाना फैसला गरेको थियो ।

तौलिहवा कारागारमा रहेका रोकालगायत नेकपाका तत्कालीन लुम्बिनी ब्युरो सदस्य तथा रूपन्देही इन्चार्ज सङ्गम, नवीन थारू र गणेश चौधरीलाई भेट्न नेकपाका महासचिव विप्लव, केन्द्रीय सदस्य कृतिलगायत नेता २०७७ चैत ३ गते तौलिहवा कारागार पुगेका थिए ।

## भ्रष्टाचारी प्रअमाथि ....

'समग्र शिक्षा क्षेत्रलाई कमाइखाने भाँडोका रूपमा प्रयोग गरी आमजनताको भविष्यमाथि खेलबाड गरेको, प्रदेशको बजेटअन्तर्गत सामाजिक विकास कार्यालयमार्फत विद्यालयको आठकोठे भवन निर्माणका लागि दिएको बजेट आफैँ निर्माण गर्ने जिम्मेवारी लिइ प्राविधिक स्टिमेटविपरीत कार्य गरी भवन गुणस्तरहीन बनाई भवनमा पानी चुहिने भई विद्यार्थी बस्न लायक नभएको, विद्यालयको विज्ञानसम्बन्धी सामग्री खरिदका नाममा १० लाख रूपैयाँ घोटाला गरेको, विद्यार्थीले पाउनुपर्ने छात्रवृत्ति र पाठ्यपुस्तकको २०७२/७३ सालको अहिलेसम्म विद्यार्थीलाई नदिई घोटाला गरेको ।'

प्रअलाई कारबाही गर्नुको कारण प्रस्ट पार्दै अगाडि भनिएको छ, 'शिक्षा ऐनअनुसार माध्यमिक तहसम्म निःशुल्क शिक्षा संविधानमा उल्लेख छ तर विद्यालयमा शिक्षक दरबन्दी पूरा हुँदाहुँदै प्रत्येक विद्यार्थीबाट भर्ना शुल्कका नाउँमा १ हजार रूपैयाँ उठाएको, विद्यालयको मुद्दती खातामा रहेको ८ लाख रूपैयाँ निकासा गरी घोटाला गरेको, कक्षा ११/१२ तर्फ ४ वटा दरबन्दी हुँदाहुँदै पनि प्रत्येक विद्यार्थीबाट भर्ना शुल्कका नाममा ३,२५० रूपैयाँ लिएको र वार्षिक शुल्क रु. ७,५०० लिएको, विद्यार्थीले कक्षा १०, ११ र १२ पास गरेको प्रमाणपत्रको ३६० जना विद्यार्थीबाट रु. ३ हजारका दरले उठाएको, प्रदेश सरकारमार्फत फिल्ड निर्माणकार्य सन्दर्भमा रु. २० लाख बजेटमा रु. ५ लाखको मात्र काम गरी रु. १५ लाख घोटाला गरेको, शिक्षक सरुवा सन्दर्भमा रु. १ लाख ४० हजार उठाएर खाएको ।'

अनावश्यक राज्यको सम्पत्ति दोहन गर्नेहरूमाथि अखिल क्रान्तिकारीले जनकारबाही जारी राख्ने पनि जनाइएको छ ।

## अखिल क्रान्तिकारी ....

संसदीय व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्न अखिल क्रान्तिकारीले ऐतिहासिक एवम् उल्लेख्य भूमिका र दायित्व निर्वाह गर्नुपर्ने बताए। उनले भने, 'वैज्ञानिक समाजवाद स्थापनाका लागि जसरी नेकपाले जनमतसङ्ग्रहको कार्यनीति ल्याएको छ त्यो भनेको नेपाली श्रमिक जनताको कार्यनीति हो । एकीकृत जनक्रान्ति सफल बनाउने कार्यनीति हो ।' देशभरका सम्पूर्ण विद्यालय, कलेज र विश्वविद्यालयहरूलाई अखिल (क्रान्तिकारी) को जनआधार बनाई समाजवादी आन्दोलनलाई देशैभरि सशक्त बनाउन र जनमतसङ्ग्रहको मुद्दामा सबैलाई डोऱ्याउन उनले आह्वान पनि गरे। हजारौँ-लाखौँ विद्यार्थीको नेतृत्व गरेको सङ्गठन अखिल (क्रान्तिकारी) ले जसरी वैज्ञानिक समाजवादसहित वैज्ञानिक समाजवादी शिक्षाप्रणाली लागू गर्न सङ्घर्ष गरिरहेको छ त्यो आफैँमा अग्रगामी र आवश्यकताको विषय रहेको उनले बताए ।

कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा विद्यार्थी फ्र्याक्सन इन्चार्ज मिलन, पार्टी केन्द्रीय सदस्य तथा अनेमसङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द, पार्टी केन्द्रीय सदस्य तथा सहिद परिवार समाजकी अध्यक्ष खुमा सुवेदी, मजदुर सङ्गठनका अध्यक्ष विनोद थापा, विद्यार्थी सङ्गठनका निवर्तमान अध्यक्ष तथा वर्तमान सल्लाहकार चिरञ्जीवी ढकाल, युवा सङ्गठनकी महासचिव विदुषीलगायत नेता-कार्यकर्ता उपस्थित थिए।

कार्यक्रमको अध्यक्षता सङ्गठनका अध्यक्ष प्रकाश शाहीले गरेका थिए । स्वागत मन्तव्य सङ्गठनका उपाध्यक्ष नरेन्द्र विकले राखेका थिए भने सञ्चालन सङ्गठनका महासचिव मिलन राईले गरेका थिए।

अखिल क्रान्तिकारी नेपालको प्राकृतिक साधन, स्रोत र मानव संसाधनलाई जोड्ने शिक्षा, वैज्ञानिक/व्यावहारिक/आत्मनिर्भर शिक्षा, नेपालको वर्तमान विभेदकारी द्वैध शिक्षाप्रणाली अन्त्य गरी सबैका लागि क्षमताअनुसारको समान अवसर प्रदान गर्ने शिक्षा वैज्ञानिक समाजवादी शिक्षाप्रणाली लागू गर्न सङ्घर्ष गरिरहेको छ । बिहीबार अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले पनि अभियान आरम्भ गरेको थियो।

## प्रचण्डसँग तत्काल ....

व्यवस्था असफल भएको भन्दै नयाँ व्यवस्थाका लागि जनमतमा जानुपर्ने बताए । अदालतका न्यायाधीशहरूले संविधान हातमा लिएको पनि उनले बताए। 'नेपालमा दलाल पुँजीवादी व्यवस्था अर्थात् संसदीय व्यवस्था असफल भइसक्यो । जनताको व्यवस्था नभएपछि हरेक दिन सङ्कटमा फस्दै जानु, समस्यमा पर्नु अनिवार्य छ', उनले थपे, 'दुईतिहाइ हुँदा पनि सरकार ढल्यो, संसद् ढल्यो । कानुनहरू पनि लथालिङ्ग छन् । तपाईंहामी देखिरहेका छौँ- अदालतमा कुटाकुट छ। त्यसैले यो व्यवस्था असफल भयो भनेका हौँ ।'

महासचिव विप्लवले न्यायाधीशहरूले संविधान हातमा लिएको प्रस्ट पार्दै भने, 'पहिले हामीलाई तपाईंले कानुन हातमा लिनुभयो भनेर प्रश्न सोध्ने न्यायाधीशहरूले अहिले संविधान हातमा लिएका छन् ।'

महासचिव विप्लवले नेपालमा मगर समुदायको ठूलो योगदान रहेको उल्लेख गरे । 'मगर जातिको इतिहास हजारौँ वर्षको छ। क्रान्तिका लागि, देशको हरेक परिवर्तनका लागि र दोस्रो विश्वयुद्धमा समेत मगर समुदायको ठूलो भूमिका छ', उनले भने, 'विभिन्न कालखण्डमा शासकले खोसेको मगर जातिको पहिचान, अधिकार, भाषा र मगरात फिर्ता पाउनुपर्छ।'

कार्यक्रममा नेकपा केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगरले देशको हरेक परिवर्तन र दोस्रो विश्वयुद्धमा समेत मगर समुदायको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे । कार्यक्रममा उमा भुजेल, रामबहादुर विक, अनेमसङ्घ क्रान्तिकारीकी सचिव उषा घर्ती, म्याग्दी जिल्ला सेक्रेटरी सुशीला विकलगायतले बोलेका थिए।

मोर्चाको चौथो राष्ट्रिय सम्मेलनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यहरू यसप्रकार रहेका छन् : अध्यक्ष निरू थापामगर, उपाध्यक्ष सुदर्शन थापामगर, महासचिव इन्द्र घर्तीमगर, सचिव दुर्गा थापामगर, कोषाध्यक्ष भीमप्रकाश पुनमगर, सदस्यहरू बेलबहादुर सारु मगर (नवलपुर), हरिप्रसाद घर्तीमगर (कपिलवस्तु), भूमिकर्ण घर्तीमगर (बागलुङ), नन्दराम थापामगर (बागलुङ), धनबहादुर पुनमगर (म्याग्दी), ईश्वरी तारामुमगर (रूपन्देही), माया काउछामगर (रूपन्देही), आसमती सोमैमगर (नवलपुर), शारदा थापामगर (चितवन), हीरा थापामगर (चितवन), डीके रोकामगर (थबाङ), हरिबहादुर थापामगर (काठमाडौँ), कविता पुनमगर (रोल्पा), श्रीकृष्ण थापामगर (लमजुङ), जितबहादुर खपाङ्गी मगर (काभ्रे), गणेश रानामगर (धादिङ), दिनेश सारुमगर (सिन्धुली), विशाल मगर (धनकुटा), करण घर्तीमगर (रोल्पा), कर्णबहादुर थापामगर (दैलेख), चरित्र थापामगर (दोलखा), मोहनसिंह सिङ्जाली मगर (स्याङ्जा), तीर्थ पुनमगर (कास्की), धनबहादुर थापामगर (तनहुँ), गणेश रानामगर (पाल्पा), कोपिला आलेमगर (पाल्पा), लालबहादुर घर्तीमगर (कपिलवस्तु), सागर पुनमगर (अर्घाखाँची), हीरा पुनमगर (रूपन्देही), रुद्र श्रीसमगर (गुल्मी), नेत्र झाँक्रीमगर (थबाङ), सिबेन्द्र पुनमगर (दाङ), मालती रानामगर (दाङ), गमवीर थापामगर (प्युठान), पिङ्की बुढामगर (प्युठान), पूर्ण बुढामगर (रोल्पा), पुष्पा घर्तीमगर (रोल्पा), पहल पुनमगर (कैलाली), उषा थापामगर (कन्चनपुर), दानबहादुर थापामगर (डँडेल्धुरा), रामबहादुर घर्तीमगर (दैलेख), यामबहादुर राम्जालीमगर (सुर्खेत), वजन रानामगर (काठमाडौँ), विष्णु रानामगर (काठमाडौँ), ज्योति थापामगर (काठमाडौँ), देवीराम थापामगर (भक्तपुर), बालकुमारी खपाङ्गीमगर (ललितपुर), दिलकुमार रखालमगर (मोरङ), जङ्गबहादुर पुर्जा (इलाम), प्रेम बुढामगर (सल्यान), जितबहादुर खपाङ्गीमगर (रामेछाप), बमबहादुर पाइजा मगर (म्याग्दी) ।

## जनमतसङ्ग्रहका लागि ....

सभाहलमा भएको हो।

कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा मकवानपुरका जिल्ला इन्चार्ज नयन, सेक्रेटरी वाटर, बुद्धिजीवी तथा अर्थविद् दीपक शर्मा, नागरिक सरोकार समितिका संयोजक तथा अधिवक्ता केशव गौतम, बौद्धिक मञ्च मकवानपुरका अध्यक्ष तथा बन विज्ञान अध्ययन संस्थान हेटौँडाका प्राध्यापक विमलकेसरी पौडेल, वामपन्थी बुद्धिजीवी भरत दुलाल राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडाका प्रमुख कृष्ण घिमिरेलगायत अतिथिका रूपमा सहभागी थिए।

मध्याह्न १२ बजे सुरु भएको विचारगोष्ठीमा मकवानपुरका साहित्यकार, पत्रकार, शिक्षक, कानुन व्यवसायी, राजनीतिज्ञलगायत विभिन्न तह र तप्काका बुद्धिजीवीहरूको उपस्थिति थियो। कार्यक्रममा सबै अतिथिले मन्तव्य राखेका थिए । उपस्थित अन्य बुद्धिजीवीले आआफ्ना जिज्ञासा राखेका थिए।

नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठन मकवानपुरका संयोजक गोपीकृष्ण श्रेष्ठको अध्यक्षतामा सम्पन्न विचारगोष्ठीको सञ्चालन सागर कँडेलले गरेका थिए।

## प्रधानन्यायाधीशसहित ....

मान्यता र क्षेत्राधिकारभन्दा बाहिर नाकाम र असफल सिद्ध भैसकेको दलाल संसदीय व्यवस्थाको कार्यपालिका र व्यवस्थापिकाको संरक्षण गर्ने दुस्साहसवादी कार्यको परिणाम पनि हो।'

प्रकाण्डले विज्ञप्तिमा अगाडि भनेका छन्, 'संसदीय व्यवस्थाका मसिहाहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र एवम् निष्पक्षता र शक्ति सन्तुलनको पगरी गुथाएर कहिल्यै थाक्दैनन् तर नेपालको विद्यमान न्यायपालिका र सर्वोच्च अदालत भ्रष्टाचार, अनियमितता, सेटिङ, घूसखोरी, नातावाद, कृपावाद, दलगत स्वार्थ, सम्बन्धलगायत समस्याहरूबाट ग्रसित रहेको छ । यो समस्या व्यक्तिविशेषको मात्र नभएर नेपालमा सत्तासीन दलाल पुँजीवादी वर्गको संसदीय व्यवस्थाको गम्भीर समस्या हो । यसको अन्तिम र रणनीतिक समाधान सङ्घर्षरत पक्षले दलाल संसदीय व्यवस्था र भ्रष्ट एवम् जनविरोधी न्यायपालिकाको अन्त्य गरेर नेपाली श्रमजीवी जनताको वैज्ञानिक समाजवादी राज्यव्यवस्था र न्यायप्रणालीको स्थापनाबाट खोज्नुपर्छ । यसका निम्ति जनमतसङ्ग्रह उपयुक्त राजनीतिक कार्यक्रम सिद्ध भएको छ।'

प्रवक्ता प्रकाण्डले विज्ञप्तिको अन्त्यमा भनेका छन्, 'यस कार्यको शुभारम्भ र समस्याको तत्कालीन नियन्त्रणका निम्ति समस्यासँग सम्बन्धित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालगायत न्यायाधिकारीहरूले राजीनामा दिएर मार्गप्रशस्त गर्नु उचित ठहरिनेछ।'

## सरकारले तीन बुँदे ....

सरकार आफ्नो पार्टीसँग गरेको ३ बुँदे सहमति कार्यान्वयनमा इमानदार नदेखिएको भन्दै सुदर्शनले उक्त सहमति लागू गरी सरकारले जेलमा रहेका आफ्नो पार्टीका सबै नेता-कार्यकर्ता रिहा गर्नुपर्ने र आस्थाका आधारमा लगाइएका सबै झूट्टा मुद्दा खारेज गर्नुपर्ने बताए। सरकारले ३ बुँदे सहमति लागू नगरेमा त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवार आफ्नो पार्टी नहुने उनले बताए।

नेपालमा दलाल पुँजीवादका कारण जनता, स्थानीय व्यापारी र राष्ट्रिय पुँजीपतिहरू मारमा परेको भन्दै सुदर्शनले नेपालमा वैज्ञानिक समाजवाद स्थापना भएको खण्डमा सबैखाले शोषणहरूको अन्त्य हुने बताए । नेपालमा दलाल पुँजीवादले राज्यका सबै तहमा प्रभाव पारेको भन्दै सुदर्शनले राजनीतिले अर्थतन्त्रको नेतृत्व गर्नुपर्नेमा अर्थतन्त्रले राजनीतिको नेतृत्व गरेकाले साना किसान, मध्यम वर्ग र साना व्यापारी दलाल पुँजीवादको मारमा परेको प्रस्ट पारे।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा रुकुम इन्चार्ज डिल्लीराज शर्मा 'विश्व' विशेष अतिथिका रूपमा सहभागी थिए भने अन्य अतिथिमा अखिल (क्रान्तिकारी) का महासचिव मिलन राई, कर्मचारी महासङ्घका केन्द्रीय उपाध्यक्ष रामबहादुर रावल, नेकपाकी नेत्री सुदृष्टि, कमल आरसी, उषाकिरण आजाद, तुलसा पौडेल, सुरेन्द्र बस्नेत, लक्ष्मण विक, सञ्जाल मगरलगायत उपस्थित थिए।

नेकपा रुकुमका कार्यालय सदस्य नरेन्द्र विकको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन जिल्ला सदस्य भाष्कर मल्लले गरेका थिए भने स्वागत भाषण अर्का जिल्ला सदस्य घमण्डले गरेका थिए। भेलाले भाष्करको संयोजकत्वमा ४१ सदस्यीय रुकुम-काठमाडौ सम्पर्क समिति गठन गरेको छ।

# क्वारेन्टाइन पास नगरी आएका सामान नष्ट गर्ने किसान महासङ्घको निर्णय

**चितवन ।** अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) ले क्वारेन्टाइन पास नगरी स्वदेश भित्रिएका कृषि, खाद्यलगायत सामान नष्ट गर्ने निर्णय गरेको छ । नेकपाका महासचिव विप्लवको प्रमुख आतिथ्यमा मङ्सिर १३ र १४ गते चितवनमा सम्पन्न तेस्रो पूर्ण बैठकले क्वारेन्टाइन चुस्तदुरुस्त बनाउन सरकारलाई आह्वान गर्ने र क्वारेन्टाइन पास नगरी आएका सामान नष्ट गर्ने निर्णय गरेको हो।

बैठकमा महासचिव विप्लवले देशका किसानका समस्याहरूका बारेमा चर्चा गर्दै दलाल पुँजीवादी व्यवस्थामा किसान र कृषिक्षेत्रले ठूलो नोक्सानी र हैरानी बेहोर्नुपरेकाले वैज्ञानिक समाजवाद स्थापनामा लाग्न किसानहरूलाई आह्वान गरेका थिए।

बैठकले आगामी पुस २ गतेबाट तीनमहिने अभियान सञ्चालन गर्ने र अभियानका क्रममा किसानका जिल्ला भेला, सम्मेलन सम्पन्न गर्नुका साथै नजिकबाट किसानका समस्या बुझ्ने, र ाष्ट्रघाती एमसीसी, महँगी, भ्रष्टाचार, अनुदानमा अनियमिततालगायत विकृति, विसङ्गति र बेथितिको भण्डाफोर गर्दै किसानलाई जागृत गाराउने निर्णय पनि गरेको छ।

बैठकमा सङ्गठनका फ्र्याक्सन इन्चार्ज नेकपाका केन्द्रीय सदस्य एवम् चितवन जिल्ला इन्चार्ज सन्दे श पौडेलले किसानका समस्यामाथि प्रशिक्षण दिएका थिए।

बैठकमा नेकपा केन्द्रीय सदस्य एवम् के न्द्रीय कार्यालय सचिव असल, विशेष समितिका सदस्यहरू महेश, ध्रुव, रुद्र र चितवन जिल्ला सेक्रेटरी मीनप्रसाद अतिथिका रूपमा सहभागी थिए। बैठकमा प्रतिबन्धको समयमा जेल र हिरासतमा बसेर रिहा भएका किसान नेताहरूलाई सम्मान गरिएको थियो।

सङ्गठनका अध्यक्ष हरि श्रेष्ठको अध्यक्षतामा सम्पन्न बैठकमा श्रेष्ठले किसान समस्याका विषयमा दस्तावेज प्रस्तुत गरेका थिए।

# रोल्पामा अखिल (क्रान्तिकारी) को विद्यार्थी जागरण अभियान सुरु

**रोल्पा ।** नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) रोल्पाको विद्यार्थी जागरण अभियान २०७८ सुरु भएको छ। सङ्गठनको केन्द्रीय समितिको निर्णयअनुसार 'वैज्ञानिक समाजवादी व्यवस्था र शिक्षाका लागि जनमतसङ्ग्रह विद्यार्थी जागरण अभियान २०७८' भन्ने मूल नारालाई कार्यान्वयन गर्दै बिहीबार श्री बालकल्याण नमुना माध्यमिक विद्यालय लिबाङ रोल्पामा कार्यक्रम आयोजना गरी अभियान उद्घाटन गरिएको हो।

अखिल (क्रान्तिकारी) रोल्पाका अध्यक्ष हरिबहादुर वलीको अध्यक्षता र नेकपा रोल्पाका सेक्रेटरी दिनेशविक्रम चन्द 'मानव' को प्रमुख आतिथ्य र अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा रोल्पा जिल्ला इन्चार्ज प्रदीप कुँवरको आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा रोल्पा नगरपालिका इन्चार्ज खिमराज पुन, नगर सेक्रेटरी सिजन, युवा सङ्गठन नेपालका रोल्पा जिल्ला अध्यक्ष डिल्लीरमण वली अतिथिका रूपमा सहभागी थिए।

उक्त कार्यक्रमको सञ्चालन सङ्गठनका उपाध्यक्ष सिजकुमार घर्तीले गरेका थिए । उक्त कार्यक्रमबाट रमेश डाँगीको अध्यक्षतामा २७ सदस्यीय मूल एकाइ समिति गठन गरिएको छ।

अखिल क्रान्तिकारीले बिहीबार केन्द्रीय अभियान आरम्भ गरेको थियो।

# गणतान्त्रिक खेलकुद महासङ्घद्वारा खेलाडीलाई वैज्ञानिक समाजवादमा जान आह्वान

**काठमाडौँ ।** नेपाल गणतान्त्रिक खेलकुद महासङ्घको आठौँ केन्द्रीय पूर्ण बैठक सम्पन्न भएको छ। नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डको प्रमुख आतिथ्यमा यही मङ्सिर १२ र १३ गते काठमाडौँमा बसेको बैठकले खेलाडीहरूलाई वैज्ञानिक समाजवाद स्थापनाको अभियानमा लामबद्ध हुन आह्वान गर्ने निर्णय गरेको छ।

बैठकले नेपाल गणतान्त्रिक खेलकुद महासङ्घको आयोजनामा यही मङ्सिर २२ गते काठमाडौँमा खेलकुद क्षेत्र, खेलाडी र राष्ट्रिय स्वाधीनताविषयक अन्तरक्रिया गर्ने निर्णय गरेको छ । बैठकले महासङ्घकै आयोजनामा आगामी फागुन १,२, ३ र ४ गते वीरजङ्ग स्मृति कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता सञ्चालन गर्ने निर्णय पनि गरेको छ।

बैठकमा सम्बोधन गर्दै पार्टीका प्रवक्ता प्रकाण्डले खेलकुद क्षेत्र बहुआयामिक भएकाले यसलाई वैज्ञानिक खेलकुदका रूपमा विकास गर्न महासङ्घलाई निर्देशन दिए । खेलकुदभित्रका विभिन्न समस्या, गलत चीज र बेथितिका विरुद्ध महासङ्घले आन्दोलन गर्नुपर्ने उनले बताए । पार्टी प्रवक्ता प्रकाण्डले सबै खेलाडीहरूको समस्याको समाधान वैज्ञानिक समाजवादी व्यवस्थामा हुने भएकाले वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि नेपाल कम्युनिस्ट पार्टीले तय गरेको कार्यदिशा र कार्यनीतिमा सहभागी हुन सबै खेलाडीहरूलाई आग्रह गरे । स्वस्थ, सबल र बिरामी भएर उपचार नगर्ने वातावरण निर्माणका लागि पनि खेलकुद क्षेत्र महत्वपूर्ण भएकाले सबै जनता अनिवार्य खेलसँग जोडिनुपर्ने उनको भनाइ थियो।

बैठकमा पार्टीका केन्द्रीय सदस्य तथा नेपाल गणतान्त्रिक खेलकुद महासङ्घका फ्र्याक्सन इन्चार्ज मिलनले आज देशमा भ्रष्टाचारी, कमिसनखोरी, महँगी, हत्या, हिंसा, अन्याय फैलिएको भन्दै यसको समाधान वैज्ञानिक समाजवादी व्यवस्थाले गर्ने बताए।

नेपाल गणतान्त्रिक खेलकुद महासङ्घका अध्यक्ष जयन्द्रबहादुर चन्दको अध्यक्षतामा बसेको बैठकले सातवटै प्रदेशमा महासङ्घको सङ्गठन विस्तार गर्ने, राष्ट्रिय खेलकुद परिषद्भित्र भएका अन्याय र बेथितिका विरुद्ध आवाज उठाउने, खेलाडी, खेलप्रेमीइ र खेल व्यवसायीहरूका सबै विधागत खेलकुदमा नमिलेका विषयमा महासङ्घले पहल लिनुपर्ने र अहिले कुनै पनि सरकारी निकायका सङ्घ तथा परिषद्भित्र महासङ्घ नजाने निर्णय गरेको छ। बैठकको सञ्चालन महासङ्घका महासचिव विनोद चन्दले गरेका थिए।

## वैज्ञानिक समाजवाद ....

समाधान हुने सुनिश्चित गरिएको छ । नेकपाले अघि सारेको विकल्प भनेको असफल पुँजीवाद र दलाल संसदीय व्यवस्थाले पैदा गरेका राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक सबैखाले अन्तरविरोधहरूको हल हो । नेपालका सन्दर्भमा दलाल पुँजीवादी संसदीय व्यवस्था अब फेरि कहिल्यै उठ्न नसक्ने गरी सङ्कटग्रस्त भएका कारण यसको अनिवार्य अन्त्य हुने नेकपाले घोषणा गरेको छ । वैज्ञानिक समाजवादी व्यवस्थामा सत्ता दलालहरूको हातबाट जनताको हातमा आउने हुन्छ । दलालीकरण, भ्रष्टाचार, कमिसनको खेल सबै बन्द हुन्छ। राज्यका कुनै पनि तहमा समाजका सबै श्रमिक र बौद्धिक क्षेत्रको प्रतिनिधित्व हुन्छ। हत्या, आतङ्क, बलात्कार, जातीय, क्षेत्रीय र लैङ्गिक विभेदहरू अन्त्य हुन्छन् । हरेक दिन हजारौँको सङ्ख्यामा विदेश जाने युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था हुन्छ। यसका लागि उद्योगधन्दा, कलकारखानाहरू खोलिन्छन् । निजी सम्पत्तिको बिस्तारै अन्त्य र सामूहिक सम्पत्तिको विकासमा जोड दिइन्छ । आत्मनिर्भर उत्पादन, सामूहिक उत्पादन र आवासहरूमा जोड दिइन्छ । जनता र राष्ट्र स्वाधीन हुन्छन् । नागरिकका आधारभूत आवश्यकताहरू पूरा हुन्छन् । राज्यका हरेक नागरिकको अभिभावकत्व राज्यले लिन्छ। नेपालमा नेपाल कम्युनिस्ट पार्टीले संसदीय व्यवस्था असफल भैसकेको र वैज्ञानिक समाजवादी व्यस्थाका स्थापना हुने कुरामा आधारभूत रूपरेखा प्रस्तुत गरिरहेको छ र आधारभूत श्रमिक वर्गसम्म वैज्ञानिक समाजवादी व्यवस्थाका विशेषताहरूबारे सकारात्मक परिचर्चा र छलफल सुरु भएको छ।

सामान्यतया विश्वभरिका शासन व्यवस्थाहरूको अध्ययन गर्दा सापेक्षित रूपले पुँजीवादी व्यवस्थाभन्दा समाजवादी व्यवस्था भएका मुलुकहरू सबल देखिएका छन् । विश्वभर फैलिएको कोरोना महामारी र त्यसपछिको अवस्था हेर्दा पनि कम्युनिस्ट व्यवस्था र त्यसबाट प्रभावित मुलुकहरू माथि देखिएका छन् । समाजवादी मानिएका देशहरू चीन, जनगणतन्त्र कोरिया (उत्तरकोरिया) अर्थतन्त्र र आणविक दुवै हिसाबले समकालीन विश्वसँग तीव्र प्रतिस्पर्धा गरिरहेका छन् । अब बिस्तारै समाजवादी मुलुक चीन विश्वअर्थतन्त्रमा १ नम्बरमा उक्लिरहेको छ भने आफूलाई विश्वकै शक्तिशाली मान्ने अमेरिकाको अवस्था खस्कँदो छ। नेपाल र विश्वमा समेत संसदीय व्यवस्था असफल हुँदै र वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य बन्दै गएको देखिन्छ।

हुलाक द. नं. १५/०७८/७९ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ७, अङ्क १९, पूर्णाङ्क २८९
रातोखबर

# महासचिव विप्लवलाई चितवनमा भव्य स्वागत

**चितवन ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवलाई नेकपा चितवनले जिल्ला पार्टी कार्यालयमा फूलमालासहित भव्य स्वागत गरेको छ ।

अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घ केन्द्रीय समितिको बैठकमा प्रमुख अतिथिका रूपमा सहभागी हुन आएका महासचिव विप्लवलाई शरदपुर वडा नं. ९ बेणीचोकस्थित जिल्ला पार्टी कार्यालयमा भव्य स्वागत गरिएको हो । महासचिव विप्लवलाई जिल्ला पार्टीका सदस्यहरू, मोर्चाहरूका साथै चितवनबासी जनसमुदायले भव्य स्वागत गरेका थिए ।

उक्त स्वागत कार्यक्रममा नेकपा केन्द्रीय सदस्य एवम् चितवन जिल्ला इन्चार्ज सन्देश पौडेल, विशेष समितिका सेक्रेटरी महेश चौधरी, विशेष समितिका सदस्यहरू उत्सव, ध्रुव, रुद्र भट्टराई, जिल्ला सेक्रेटरी मीनप्रसाद शर्मा र अन्य जवस मोर्चाहरूका नेता-कार्यर्तालगायतको उपस्थिति रहेको थियो ।

# कारागार पुगेर नेता सुदर्शनले भने– क्रान्तिकारीहरूले जेलमोर्चा पनि जित्नुपर्छ

काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य सुदर्शनले काठमाडौँको केन्द्रीय कारागार, भद्र बन्दीगृह र डिल्लीबजार कारागारमा रहेका आस्थाका बन्दीहरूसँग भेटघाट गरेका छन् । पार्टीमाथि लागेको प्रतिबन्धको बेला सरकारद्वारा गिरफ्तार गरी बन्दी बनाइएका आस्थाका बन्दीहरूलाई भेटेर सुदर्शनले तीनबुँदे सहमतिप्रति सरकार इमानदार नबनेका कारण बन्दीहरूको रिहाइमा ढिलाइ भइरहेको भन्दै जेल नतोकिएको कार्यक्षेत्र भएकाले त्यस मोर्चामा पनि सफल हुन सुझाव दिएका थिए । क्रान्तिकारी कम्युनिस्टहरू ढुङ्गामा पनि उम्रन सक्नुपर्ने भन्दै सुदर्शनले जेल बसाइलाई उपलब्धिमूलक बनाउन कार्यकर्ताहरूलाई निर्देशन पनि दिए ।

भेटमा कारागारहरूमा रहेका नेकपाका कार्यकर्ताहरूले तीनबुँदे सहमति भइसकेपछि पनि आफ्नो पार्टीका नेता-कार्यकर्ताको रिहाइमा भइरहेको ढिलाइका बारेमा चासो व्यक्त गरेका थिए । साथै उनीहरूले जेलहरूमा सहज तरिकाले फोनको उपलब्धता र बिरामी हुँदा सहज रूपले उपचार खर्चको समस्या परेको बताएका थिए । सुदर्शनले बन्दीहरूलाई आवश्यक लजिस्टिक र खर्च वितरण गरेका थिए । यसअघि नेता सुदर्शनले नख्खु कारागारका बन्दीहरूलाई पनि भेटेर त्यहाँको अवस्थाका बारेमा जानकारी लिएका थिए ।

# जनपत्रकार सङ्गठनको चौथो राष्ट्रिय सम्मेलन माघ ११, १२ र १३ मा

**काठमाडौँ ।** जनपत्रकार सङ्गठन नेपालको चौथो राष्ट्रिय सम्मेलन आगामी माघ ११, १२ र १३ गते बुटवलमा हुने भएको छ । नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डको प्रमुख आतिथ्यमा शुक्रबार काठमाडौँमा बसेको जनपत्रकार सङ्गठन नेपालको केन्द्रीय समितिको पाँचौँ पूर्ण बैठकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा हाम्रो ऐक्यबद्धता ! मानवअधिकारको रक्षा र वैज्ञानिक समाजवादका लागि जनपत्रकारिता !! नाराका साथ बुटवलमा चौथो राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको हो ।

बैठकलाई सम्बोधन गर्दै प्रवक्ता प्रकाण्डले मिडिया मोर्चाबिनाको क्रान्ति कल्पना गर्नै नसकिने बताए । मिडिया मोर्चा परिवर्तनका लागि महत्वपूर्ण मोर्चा भएको बताउँदै प्रकाण्डले अहिलेको मिडिया मोर्चाको जिम्मा हाम्रो हो भन्ने जनपत्रकारहरूले सोच्नुपर्ने पनि बताए ।

'साम्राज्यवादको मिसाइलभन्दा ठूलो हतियार हाम्रो विचार हो', उनले भने, ' हामीसँग जनताको विचार छ । जनताको सत्ता स्थापना गर्ने अपूरो कार्यभार छ, यसलाई पूरा गर्न यो पार्टी जन्मिएको छ ।'

प्रकाण्डले अहिलेको दलाल पुँजीवादी संसदीय व्यवस्था असफल भैसकेकाले यसको एक मात्र समाधान जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्नु रहेको ठोकुवासमेत गरे । प्रवक्ता प्रकाण्डले दलाल संसदीय व्यवस्थाका कारण देशमा चारैतिर सङ्कट उत्पन्न भएकाले यसको समाधान वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र गर्ने स्पष्ट पारे । वैज्ञानिक समाजवाद स्थापनाका लागि जनमतसङ्ग्रहमा जान आवश्यक रहेको पनि उनको भनाइ थियो । राष्ट्रिय राजनीतिको केन्द्रमा जनमतसङ्ग्रहको बहस रहेकाले मिडिया मोर्चाले पनि जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको वातावरण निर्माण गर्नुपर्ने आवश्यकता प्रकाण्डले औँल्याए ।

अर्को एक प्रसङ्गमा उनले प्रचण्डहरू संसद्‌वादी राजनीतिमा रहँदासम्म पार्टी एकता हुनै नसक्ने स्पष्ट पारे । उनले भने, 'हामी क्रान्तिकारी राजनीतिमा छौँ । पहिले प्रचण्डहरू आफैँले भेटौँ भने । त्यसपछि सचेततापूर्वक पार्टी एकताको भ्रम फैलाए । यो अफवाह हो । दलाल पुँजीवादसँग लड्न र क्रान्तिका लागि एकता हो भने सोच्न सकिन्छ अन्यथा सकिँदैन भनेर हामीले स्पष्ट भनेका छौँ ।'

बैठकमा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सङ्गठनका प्र्याक्सन इन्चार्ज प्रज्वलनले मिडियामा वैज्ञानिक समाजवादको विषय आमचासोको विषय बनाउनुपर्ने र त्यो स्थापना गर्ने विधि जनमतसङ्ग्रह हो नै भनेर प्रचार गर्न पत्रकारहरूलाई निर्देशन दिए ।

जनपत्रकार सङ्गठन नेपालका संयोजक शेरबहादुर विकको अध्यक्षतामा बसेको बैठकमा उपस्थित सबै केन्द्रीय सदस्यले आआफ्नो रिपोर्ट पेस गरेका थिए ।

# जनमतसङ्ग्रहका लागि अभियान सञ्चालन गर्ने युवा सङ्गठनको निर्णय

**नवलपुर ।** जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गर्ने निर्णय गर्दै युवा सङ्गठन नेपाल केन्द्रीय समितिको दोस्रो पूर्ण बैठक नवलपुरको गैँडाकोटमा सम्पन्न भएको छ ।

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवको प्रमुख आतिथ्यमा मङ्सिर १२ र १३ गते बसेको बैठकमा पार्टीका केन्द्रीय सदस्य तथा युवा सङ्गठन नेपालका प्र्याक्सन इन्चार्ज कृति, पार्टीका केन्द्रीय सदस्य असल र शरदको विशेष उपस्थिति रहेको थियो । बैठकले जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गर्नेलगायत निर्णय गरेको प्राप्त समाचारमा उल्लेख छ ।

बैठकमा प्रशिक्षण दिँदै पार्टीका महासचिव विप्लवले अहिलेको जनमतसङ्ग्रहको कार्यनीतिलाई आम युवाहरूसामु पुऱ्याउन विशेष अपिल गरे । पार्टी केन्द्रीय समितिले गरेको निर्णय सम्प्रेषण गर्दै उनले राज्यसँग भएको ३ बुँदे सहमति कार्यान्वयनका लागि दबाब सिर्जना गर्न पनि आग्रह गरे । पार्टी एकताका विषयमा बाहिर भ्रम छरिएजसरी छलफल नभएको बरु ३ बुँदे सहमति कार्यान्वयन र अन्य नियमित राजनीतिक विषयमा छलफल भएको उनले स्पष्ट पारे ।

सङ्गठनका प्र्याक्सन इन्चार्ज कृतिले सङ्गठनले गरेका निर्णयहरूलाई हुबहु कार्यान्वयन गर्न विशेष जोड दिँदै आजको युवा आन्दोलनलाई अगाडि बढाउन दिशानिर्देश गरे ।

युवा सङ्गठन नेपालका अध्यक्ष पाटन जङ्गलीको अध्यक्षतामा बसेको बैठकमा उपस्थित सङ्गठनका सम्पूर्ण केन्द्रीय पदाधिकारी र सदस्यहरूले रिपोर्ट राखेका थिए । बैठकले देशभर केन्द्रीय सदस्यहरूको कार्यक्षेत्र विभाजन गरेको छ ।

त्यसैगरी बैठकले राजनीतिक हिसाबले देशभर युवाहरूलाई सङ्गठित गर्ने र वैज्ञानिक समाजवाद प्राप्तिका लागि जनमतसङ्ग्रहमा जान युवाहरूलाई तयार गर्ने निर्णय गरेको छ । वैचारिक हिसाबले स्कुलिङ सञ्चालन गर्ने निर्णय पनि गरेको छ । बैठकको सञ्चालन युवा सङ्गठन नेपालकी महासचिव विदुषीले गरेकी थिइन् ।

# जनगणतान्त्रिक सम्पर्क मञ्चको तेस्रो राष्ट्रिय सम्मेलन माघ ८ र ९ गते

**काठमाडौँ ।** जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समिति नेपालको तेस्रो राष्ट्रिय सम्मेलन आगामी माघ ८/९ गते काठमाडौँमा हुने भएको छ । मञ्चको केन्द्रीय समितिको बैठकले आगामी सम्मेलनका लागि विभिन्न विभाग गठन गरी जिम्मेवारी तोकेको जनाइएको छ ।

समाचारअनुसार आर्थिक विभागमा कमानसिंह, व्यवस्थापनमा पूर्ण श्रेष्ठ, विधान, प्रतिवेदन तथा मुखपत्र विभागमा टीका चौधरी र सञ्चार तथा प्रचारप्रसार विभागको जिम्मेवारी खेम प्रधानलाई दिइएको छ । उक्त बैठकले सङ्गठन विस्तार तथा जिल्ला बैठक र भेलाहरू तीव्र रूपले अगाडि बढाई सम्पन्न गर्ने र सङ्घर्षका कार्यक्रमहरू प्रभावकारी बनाउने निर्णय गरेको छ ।

बैठकको अध्यक्षता जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समितिका अध्यक्ष कमानसिंहले गरेका थिए भने बैठकका प्रमुख अतिथि प्र्याक्सन इन्चार्ज मिलन थिए ।

१. कोभिड १९ संक्रमणको जोखिम अझै उच्च रहेकोले:
- सही तरिकाले मास्क लगाऔं ।
- व्यक्ति व्यक्तिबीच कम्तीमा २ मिटरको भौतिक दुरी कायम गरौं ।
- बेला बेलामा साबुन पानीले मिचि मिचि हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं ।

२. सार्वजनिक यातायातमा यात्रा गर्दा तथा चाडपर्व मनाउने क्रममा कोभिड १९ संक्रमणको जोखिम हुने भएकोले जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरौं ।
३. सकेसम्म भीडभाँडमा नजाऔं, जानै परेमा सही तरिकाले मास्क लगाऔं ।
४. कोभिड १९ संक्रमणसंग मिल्दो जुल्दो लक्षण देखिएमा वा शंका लागेमा, तुरुन्तै कोभिड परीक्षण गराऔं र रिपोर्ट नआउन्जेल परिवारसंग छुट्टै क्वारान्टिनमा बसौं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल**
टेकु, काठमाडौं



RASUWAGADHI
HYDROPOWER CO. LTD.
रसुवागढी हाइड्रोपावर कं.लि.
2011 A.D.
Maharajgunj, Kathmandu
Phone: 01-4371744, 4371794
web: www.rghpcl.com.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामााजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**वैदेशिक रोजगार कार्यालय**
ताहाचल, काठमाडौँ

**वैदेशिक रोजगार कार्यालय, काठमाडौँको अनुरोध**

वैदेशिक रोजगारीमा जानको लागि योजना बनाउनु भएको छ भने-
१. आफू जान चाहेको मुलुक, कम्पनी, काम गर्ने पद, जान लाग्ने लागत खर्च, पाउने तलब लगायतका सेवा सुविधाहरु आदिको वारेमा पूर्व जानकारी लिनुहोला ।
२. आफू ठगीमा नपरियोस भन्नका लागि माथी उल्लेखित कुराहरु सम्बन्धित मेनपावर कम्पनीको कार्यालयमा गएर बुझ्नुहोला, एजेन्ट वा विचौलियाको भर नपर्नुहोला ।
३. जाने लागत खर्च एकीन गरेपछि आर्थिक कारोबार गर्दा मेनपावर कम्पनीको कार्यालयमा रकम बुझाई भरपाई लिनुहोला वा बैंक मार्फत कारोबार गरी भौचर सुरक्षित राख्नुहोला ।
४. तपाईंलाई वैदेशिक रोजगारीमा पठाउने संस्थाले वैदेशिक रोजगार विभागबाट स्वीकृति लिए नलिएको एकीन गर्नुहोला, स्वीकृति नलिएको संस्थाको भर नपर्नुहोला ।
५. वैदेशिक रोजगार कार्यालयबाट श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जानुहोला, त्यसो गरेमा विदेशमा तपाईंलाई कुनै समस्या परेमा उद्दार गर्न तथा क्षतिपूर्ति दिलाउन सहयोग मिल्दछ ।
६. वैदेशिक रोजगारीमा जाँदा स्वदेशी विमानस्थल प्रयोग गर्नुहोला ।
७. वैदेशिक रोजगारमा गई विदामा स्वदेश आएर पूनः फर्किनुभन्दा अगाडी श्रम स्वीकृतिको म्याद ९० दिनभन्दा बढी भए नभएको एकीन गर्नुहोला र म्याद कम भएको वा सकिएको भए उडानको मिति निश्चित गर्नु अगावै श्रम स्वीकृति नविकरण गराउनुहोला ।
८. पहिलेनै बायोमेट्रिक भैसकेका व्यक्तिहरु कार्यालयमा उपस्थित नभईकन अनलाईन मार्फत नै श्रम स्वीकृति नविकरण गराउन सकिन्छ ।
९. तपाईंले श्रम स्वीकृति नविकरणका लागि अनलाईन मार्फत भर्नुभएको फाराम अनलाईन टोकन प्राप्त गरेपछि मात्र कार्यालयमा पेश हुन्छ । त्यसैले टोकन खुला भएको समयमा थयाशिघ्र आवेदन पेश गर्नुहोला ।

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**
१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**
१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ